ISSN 2631-2298
nepal.ekantipur.com
आइतबार • ७ असोज २०७५ • मूल्य रु. २५

नेपाल

राष्ट्रिय साप्ताहिक

पूर्वमहारथीको अकुत आर्जन

जंगी अड्डामा आयोजित विशेष बिदाइ समारोहमा प्रधानसेनापति राजेन्द्र क्षत्री, २२ भदौ

८० न्यायाधीश नियुक्तिबारे पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीको खुलासा

www.civilbank.com.np
facebook.com/civilbankltd

CIVIL SHARE LOAN

शेयर धितो, कर्जा छिटो !

BASE RATE* +

विशेष अफर

- कर्जा व्यवस्थापन शुल्क ०.७५% मात्र
- Base Rate + 0% मात्रको न्यून व्याजदर

(यो योजना सिमित अवधिको लागि साधारण शेयरको हकमा मात्र लागु हुनेछ ।)

* शर्तहरु लागु हुनेछन् ।

समृद्धिको लागि सिभिल बैंक

Head Office/ Main Branch

Classic Complex, Tindhara Road, Kamaladi,
Kathmandu-31. P.O. Box: 9799,
Tel No: 4169040, 4169030. Fax No: 4169038

सिभिल बैंक लिमिटेड
CIVIL BANK LTD.
Thinking forward Moving forward

GHORAHI
CEMENT INDUSTRY
ISO 9001:2015
ISO 14001:2015
Certified Company

नेपाल गुणस्तर प्रमाण चिन्ह

सगरमाथा सिमेन्ट

जुनी जुनीलाई...

www.ghorahicement.com.np | www.facebook.com/ghorahi.cement

shanker
JAGDAMBA STEEL
देशको मेरुदण्ड
यो बिशाल फ्याक्ट्री,
राष्ट्रकै सबैभन्दा ठूलो स्टिल फ्याक्ट्री
भनेर होइन, बनेर No.1, यो हो जगदम्बा स्टील्स
Nepal's Largest and No. 1 Steel Company
RHINO 500D
NS: 191
Fe 500D REBAR
JAGDAMBA E
EARTHQUAKE RESISTANT REBAR
NS: 191
Fe 500 REBAR
JAGDAMBA STRUCTURAL
IS:2062
JAGDAMBA WIRE
NS: 161
IS:280
JAGDAMBA BILLET
IS:2830

भित्र

आइतबार, ७ असोज २०७५ (वर्ष १९, अंक ८)
Nepal National Weekly, 23 Sep 2018 (Vol. 19, No.8)

३६
टिप्पणी
बन्दना ढकाल

३८
अर्थ
अपरिपक्व तयारी

४२
समाज
'हामी पनि बडीबिल्डर'

१०
कर्णाली प्रदेश
धरापमा यात्रा

१३
विशेष
दीर्घरोगको धराप

१८
पुस्तक अंश
उच्च अदालतमा
८० न्यायाधीशको नियुक्ति

२२
सन्दर्भ
दिगम्बरको
'म्याचफिक्सिङ'

२४
(अ) सहमति
भास्कर गौतम

२६
प्रदेश सरकार
मुख्यमन्त्रीलाई बालुवाटार निषेध !

४ चिठ्ठी
५ स्मरण
६ प्रवेश
८ परिहास
३७ बजारमा
४१ रङ
४४ तीन किताब
४५ समीक्षा
४६ साहित्य
४८ प्रविधि
५० चित्रपट
५२ झल्याकझुलुक
५४ फिल्म
५५ अचानक
५६ नोटबुक

कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि

कान्तिपुर पब्लिकेसन्सका लागि अध्यक्ष तथा प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया**, निर्देशक : **स्वस्तिका सिरोहिया**, प्रधान सम्पादक : **नारायण वाग्ले**, सहायक सम्पादक : **बसन्त बस्नेत** समाचार संयोजक : **सन्तोष आचार्य**, साहित्य/कला : **रमण घिमिरे**, वरिष्ठ संवाददाता : **राजकुमार बानियाँ, बाबुराम विश्वकर्मा, जनक नेपाल, माधव बस्नेत** संवाददाता : **मनबहादुर बस्नेत, गोकर्ण गौतम, क्रान्ति पाण्डे, विभु लुइटेल**, अर्थ : **विजयराज खनाल** कपी डेस्क : **गोकुल अर्याल, गुरुङ सुशान्त**, तस्बिर : **रवि मानन्धर** (संयोजन), **भास्वर ओझा**, सज्जा : **चन्द्रकुमार प्रजापति** (संयोजन), **घनश्याम डंगोल, यमन मानन्धर, सुनीता अधिकारी**, कार्टुन/ग्राफिक्स : **रवीन्द्र मानन्धर**, मार्केटिङ : **असुरारी ज्ञवाली**

कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि., सेन्ट्रल बिजनेस पार्क, थापाथली, काठमाडौं, पो.ब.नं. ८५५९, फोन नं : ५१३५००० (एक्सटे. १६२२), फ्याक्स : ५१३५०२५, विज्ञापन : ५१३५००० (एक्सटे. ११०७), ग्राहक सेवा : ५१३५००० (एक्सटे. १२१३), इमेल : nepalmag@kmg.com.np, पृथ्वी प्रिन्टिङ प्रेस (प्रा.) लि. काठमाडौंमा मुद्रित, प्रकाशन मिति : ३१ भदौ २०७५, का.जि.द.नं. १०४/०५६/५७ म.क्षे.हु.नि.का.द.नं. २/०५७/५८



दाहालको सत्तामोह

दुई तिहाइभन्दा बढी बहुमत प्राप्त नेकपाको सरकारलाई पार्टीका अर्का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' ले असहयोग गर्नु सोह्रै आना बेइमानी हो *(लामो मौनता अनि चलखेल, ३१ भदौ)* । आफ्नै पार्टीका प्रधानमन्त्री तथा अध्यक्ष केपी ओलीलाई सघाउनुको साटो सरकारमा जान चाह राख्नु दाहालमा देखिएको सत्तामोहको संकेत हो । यसमा कुनै द्विविधा नराखे हुन्छ ।

आफ्नै सरकारबारे मौन बसेर अध्यक्ष दाहालले प्रधानमन्त्री ओलीको कुर्सीमा आँखा लगाएको जोकसैले प्रस्ट बुझ्न सक्छ । ओलीलाई जसरी पनि असफल सावित देखाएर प्रधानमन्त्रीको कुर्सी प्राप्तिकै लागि दाहालले दुई छिमेकीको ढोका चहार्न थालेका हुन् कि भन्ने पनि देखियो ।

रोचक पक्ष त के भने पार्टीकै वरिष्ठ नेता माधवकुमार नेपाल तथा झलनाथ खनाललाई आफ्नो पोल्टामा पारेर प्रधानमन्त्रीका लागि सहज बाटो कोर्ने ध्याउन्नमा दाहाल रहेको देखियो । स्वयं प्रधानमन्त्री ओलीले आफ्ना निकटस्थसँग जुन किसिमबाट सहयोग गर्नुपर्थ्यो, त्यो नगरेको गुनासो ओकल्नुले कहीं न कहीं दाहालले पुनः प्रधानमन्त्री बन्ने सपना देख्न थालेका हुन् कि जस्तो लाग्यो ।

तोयानाथ शर्मा
काठमाडौँ महानगरपालिका, बांगेमुढा

- अस्थिर राजनीतिका कारण नेपालमा विकास गर्न नसकिरहेको बताउँदै आएका वामपन्थीहरूले जनताले दिएको बहुमत दुरूपयोग गर्ने अवस्था देखियो । विगतमा अस्थिर राजनीतिलाई कारण देखाएर सत्ताका लागि जेजस्ता बेइमानी भए पनि अब नेकपाका नेताहरूलाई जनताले नै अर्को निर्वाचनमा ठेगान लगाउनेछन् ।

प्रधानमन्त्री नभए पनि दाहालसँग सत्ता सञ्चालनका विषयमा ओलीले निरन्तर छलफल गर्दै आएको सन्दर्भमा सरकारलाई सहयोग गर्नु उनको दायित्व तथा कर्तव्य दुवै हो । बहुमत पाएका बेला देशलाई समृद्ध बनाउने सोचलाई साकार पार्नुको सट्टा प्रधानमन्त्रीका लागि छिमेक गुहार्दै हिंड्नु लाजमर्दो हो । दाहालले सरकारका राम्रा/नराम्रा काममा प्रतिक्रिया जनाउनु ठीकै भए पनि प्रधानमन्त्री नै हुने चाह राख्नु भने अहिलेको सन्दर्भमा राजनीति र इमान दुवै गुमाउनु हो ।

अमन गुरुङ
तनहुँ, भानु नगरपालिका-३

कडा कानुन चाहियो

पितृसत्तात्मक सोच र सन्तान हुर्काइ पद्धति मात्र बलात्कारको जड होइन, यसमा कमजोर कानुनको छिद्र पनि छ *(घरबाटै घात, ३१ भदौ)* । प्रत्येक दिन तीन चेली बलात्कृत भइरहेको भयावह अवस्था अन्त्य गर्न प्रहरी प्रशासनको सहयोग मात्र पर्याप्त छैन । सामाजिक विकृतिका रूपमा फैलिएको महिला हिंसा अन्त्य गर्न सर्वप्रथम कानुनै कडा चाहियो ।

कानुनले जे बोल्छ, त्यही अनुसार कार्यान्वयन गरिए मात्र महिला हिंसा रोक्न सकिन्छ । चेलीमाथि हुने बलात्कारको गम्भीर अपराधलाई पनि राजनीतिक रङ दिएर नेता/प्रहरी प्रशासनलाई ठाउँ दिनु सामाजिक कलंक हो ।

महिला हिंसाका अनेक रूप हुने गर्छन् । तराई क्षेत्रमा दाइजो नल्याएको निहुँमा दैन्दिन छोरी/बुहारीमाथि शारीरिक तथा मानसिक यातना दिने क्रम बढिरहेको छ । घरपरिवारले छोरी/बुहारीलाई एकै समान व्यवहार गरे छिमेक पनि डराउन सक्छ । छिमेकले घरपरिवारको झगडाको फाइदा लिन महिलामाथि गिद्दे नजर लगाउन सक्छ । अतः घरपरिवार र समाजमा जबसम्म महिलालाई आदर/सम्मान गरिँदैन, तबसम्म मानसिक तथा शारीरिक हिंसा रोक्न सकिँदैन ।

प्रतिज्ञा राई
ऐँसेलुखर्क गाउँपालिका-७, खोटाङ

किन नजाने विदेश ?

नेपालमै अन्तर्राष्ट्रिय स्तरको पढाइ हुन थाले पनि विदेश जाने विद्यार्थीको लाइन घट्न नसक्नु राज्य पक्षकै कमजोरी हो *(विद्यार्थीको विदेश मोह, ३१ भदौ)* । नेपालमा जुनसुकै स्तरको पढाइ भए पनि त्यो सकेर जागिर पाउने अवस्था छैन । अनि, जिन्दगीभरको लगानी पोखेर अध्ययन सकाउने तर बेरोजगार बस्नुपर्ने अवस्था छ, अहिले पनि ।

लोकसेवा आयोगबाहेकका अर्थोक संघ/संस्थामा जागिर पाउन अहिले पनि ठूलै पापड बेल्नुपर्छ । राजनीतिक, प्रशासनिक सोर्सफोर्स, नातावाद, कृपावाद, राजनीतिक दलका कार्यकर्ता, आफन्त, छोराछोरी, भाइभतिजले योग्यतैबिना जागिर खाइरहेका छन् । तर, योग्यहरू पढाइ सकेर पनि बेरोजगार बस्नुपर्ने अवस्था छ । पढेर त्यस अनुसारको रोजगारी पाउन नसकेपछि विदेश नगएर गाउँमा खेती गर्न जाने त ?

भुवन ढुंगाना
क्रिस्ट कलेज, कमलपोखरी, काठमाडौँ

पाठक प्रतिक्रियाका लागि
nepalpatra@kmg.com.np
लेख रचनाका लागि
nepalmag@kmg.com.np

'तेस्रो आयाम' को न्वारान

बैरागी काइँला

दोस्रो पटक मलाई लागेको टीबी रोग बल्झियो । तारककुमार कार्कीको प्रयासले डा जीएस गुरूङको उपचार र निगरानीमा देशबन्धु चेस्ट क्लिनिक, बडा कागझोडामा भर्ना भएँ, सन् ०६२ को हिउँदमा । दैनिक हेरचाहमा सहयोग गर्ने उतिबेला राजाको निरंकुश कदमविरूद्ध सशस्त्र क्रान्तिमा लागेका मेरा दाइ भूविक्रम नेम्बाङका सहयोगी आफ्नै गाउँका काशीराम आचार्य थिए । ताप्लेजुङ, पाँचथर, इलाम र झापाका क्रान्तिकारी साथीहरू पनि हेर्न आइरहन्थे । साहित्यकारमा आइबी राई र ईश्वरवल्लभ पनि भेट्न आइरहन्थे ।

यो ०१९ हिउँददेखि ०२० को असार-साउनसम्मको कुरा हो । त्यसअघि नयाँ ढंगको लेखन अगाडि सार्नुपर्छ भनेर म प्रकाशक र ईश्वरवल्लभ सम्पादक भएर *फूल पात पत्कर* (सन् १९६१) पत्रिकाका दुई अंक निकालिसकेका थियौं । ईश्वरवल्लभ अलि बेग्लै स्वभावका थिए, कसैसँग नदब्ने । यस्तै स्वभावले गर्दा टर्नबुल हाइस्कुलबाट पनि राजीनामा गर्नुपरेको थियो । त्यसपछि उनी फुलटाइमर साहित्यकारजस्तै भए । उनको आईबी राईसँग घनिष्ठता र सहकार्य बढ्यो ।

नेपाली साहित्यमा नयाँ ढंगमा लेख्ने अभियानलाई के कसरी मूर्त रूप दिन सकिन्छ भन्नेमा हाम्राबीच छलफल भइरहन्थे । पाठकले 'इवाम्म' अथवा 'डल्लै' अनुभूत गर्न सक्ने सिर्जना गरिनुपर्ने कुरा हुन्थे । 'च्याप्टो' साहित्यले मानिसको अनुभूति सग्लै व्यक्त गर्न सक्दैन भन्थ्यौं । म बिरामीलाई हेर्न आएका बखत एक दिन दाइ आईबीले भन्नुभयो, "नयाँ थोक केही गर्नुपर्छ । नयाँ पाराको काम केही गर्नुपर्छ ।"

त्यसैबेला नेपालबाट *रूपरेखाले* प्रेमकविता विशेषांक निकाल्दै थियो । उताका साहित्यकारहरूको रचना संकलन गरेर पठाइदिन आईबी राई सक्रिय रूपले लागे । मलाई पनि लेख भन्नुभयो । मैले 'मेरो अटोग्राफ' भन्ने प्रेमकविता लेखेँ *रूपरेखाका* लागि ।

च्याप्टो साहित्यका विरूद्ध डल्लो साहित्य लेखनका लागि पत्रिका निकाल्ने कुरा भयो । अर्थको व्यवस्था र नाम सुझाउने दायित्व मेरो काँधमा आइलाग्यो । मैले सुझाएँ- 'थर्ड डाइमेन्सन' । अनि, त्यसैलाई नेपालीकरण गरेर जन्मियो- *तेस्रो आयाम* पत्रिका ।

पहिलो अंक (असार, २०२०) मा मेरा दुई कविता 'मातेको मान्छेको भाषण मध्यरातको सडकसँग' र 'साँझ : रेखाचित्र' छापिएका थिए । ईश्वरवल्लभका दुई कविता- 'आयतनमा जिन्दगी' र 'बन्द कुहिरोमा नानीका पाइला' अनि आईबी दाजुको कथा 'काजु, बदाम र ब्ल्याकआउट' प्रकाशित थिए । अगमसिंह गिरीको 'चिहान यहाँ बोलिरहेछ' कविता पनि छापिएको थियो ।

जम्मा २० पृष्ठको पत्रिकामा आईबी राईले लेख्नुभएको २० पंक्तिको पहिलो अंकको सम्पादकीय नै 'तेस्रो आयाम' को दर्शन बन्यो । उहाँले लेख्नुभएको थियो, "*अबको साहित्य लेखनले मानिसको सम्पूर्णतालाई उचाल्न सक्नुपर्छ । मानिस आँखा मात्र, कान मात्र, मन मात्र होइन । ऊ जम्मै इन्द्रिय, हृदय, मस्तिष्कको पुञ्ज हो । र, अब लेखिने प्रत्येक वाक्य र पंक्तिले उसको सम्पूर्णतालाई समाउनुपर्छ, उचाल्नुपर्छ । यो गर्न हाम्रो प्रत्येक कृतिले तृतीय आयाम आफूमा ल्याउन सक्नुपर्छ । दु:ख पाउने मान्छेको कथा वा कविता त्यो एउटा मान्छेले दु:ख पाएको कथा वा कवितामा मात्र सीमित नरहोस् । त्यसले उठ्न सकेर त्यो टुक्रा कुराको पछि विशाल विचार बसेको होस् । उँभोतिर एउटा दर्शनको आकाश टाँगियोस्, त्यो एउटा टुक्राले राजनीति बोकोस्, सामाजिक भाष्य बनोस् त्यो । त्यो 'मात्र' भन्दा धेरैधेरै 'अरू' कुरा होस् । यही 'धेरै' हरू हो- तेस्रो आयाम ।*

'धेरै अरू' भित्र सबै समेटिने कुरा बुझिन्छ । हामी मानिस एक्लै वा थोरैमा आफू मात्र रमाउन थालेकाले हामीले हरायौं समग्रता वा सम्पूर्णता । आज हाम्रो 'हराएको सम्पदा भयो सम्पूर्णता' । अबको लेखनको दर्शन त्यो सम्पूर्णताको पुन:प्राप्ति हुनुपर्छ ।"

सम्पूर्णताको दर्शन र समग्रताको लेखनबारे आईबी राईको उक्त विचारोत्तेजक सम्पादकीय आयामिक लेखनको आधारशिला बन्न पुग्यो ।

यथार्थमा आयामिक लेखन के लेख्ने हो भन्दा पनि कसरी लेख्ने भन्नेमा पछिसम्मै केन्द्रित थियो । शब्दमा व्यक्त भएका स्रष्टाको अनुभूति पाठकले डल्लै (सम्पूर्ण) ग्रहण गर्न सक्ने गरी कसरी लेख्ने ? यस्ता प्रश्नहरूका उत्तरको खोजीमा मिथकीय बिम्बदेखि चित्रकलामा चलेका अमूर्त तथा घनत्ववादी शैली र चित्रकलाको सोझो साम्य भाषा प्रयोगको चर्चा गर्दै निस्केको थियो, *तेस्रो आयाम* ।

आरम्भदेखि पछिसम्म नै चर्को विरोधको सामना गर्‍यौं । अन्तत: यही विरोधले नेपाली साहित्यमा 'तेस्रो आयाम' लाई स्थापित गरायो ।

■ **प्रस्तुति : रमण घिमिरे**

प्रवेश

विदेशबाट

नेपालसँग सिक्दै अफगानिस्तान

अफगानिस्तानको उच्चस्तरीय शान्ति परिषद्ले हालै नेपाल आएर यहाँको शान्ति प्रक्रियाबारे अध्ययन गरेको छ । त्यसका सदस्यले पुष्पकमल दाहाल 'प्रचण्ड' बाट दस वर्ष लामो जनयुद्धपछि सुरु गरिएको शान्ति प्रक्रिया र हतियार व्यवस्थापनबारे जानकारी लिएका छन् । प्रचण्डले तिनलाई हतियार कहाँबाट आएको भन्नेबारे जानकारी पनि दिएका थिए ।

परिषद्का प्रमुख तथा पूर्वमन्त्री हबिबा सराबीले उक्त कार्यक्रममा नेपालको पाइला पछ्याउँदै अफगानिस्तान पनि शान्ति प्रक्रियामा जान प्रेरित भएको बताएकी थिइन् । शान्ति प्रक्रियामा गएर नै नेपालमा धर्म निरपेक्षता, संघीयता आदिलाई द्रुत गति दिन सकिएको उनको ठम्याइ रहेको छ ।

अफगानी समाचार संस्था *खामाले* लेखेको छ, 'अफगानिस्तानका जनता शान्ति चाहन्छन् । सबैले तिनका मर्का बुझ्री वार्तामा आउन आवश्यक छ । यसका लागि नेपाल अफगानिस्तानको गुरू साबित हुन सक्छ ।'

तस्बिरमा इतिहास

छुक छुक रेल... ६ दशकअघि रक्सौल अमलेखगन्जमा चल्ने नेपाल रेलवे

साताका चर्चित

तारानाथ शर्मा
साहित्यकार

६ दशकदेखि नेपाली साहित्यमा योगदान पुऱ्याएबापत पद्मश्री साधना सम्मान प्राप्त गर्ने भएकाले ।

सन्दीप लामिछाने
क्रिकेटर

अफगान प्रिमियर लिगमा खेल्ने पहिलो नेपाली खेलाडी भएकाले ।

नयनराज पाण्डे
आख्यानकार

आफ्नो कृति *यारका* लागि पद्मश्री साहित्य पुरस्कार प्राप्त गर्ने भएकाले ।

खुश्बु ओली
समाजसेवी

सडक बालबालिकाका हकहितका लागि काम गरेका कारण एएफसी ड्रिम एसिया अवार्ड प्राप्त गरेकाले ।

सोझै | रवीन्द्र मानन्धर

तथ्यचित्र | नेपालको प्रक्षेपित कुल गार्हस्थ उत्पादन

(बिलियन अमेरिकी डलरमा)



स्रोत : स्टाटिस्टा डट कम

सुर बेसुर

कञ्चनपुरकी निर्मला पन्तको बलात्कारपछि हत्यामा संलग्नलाई कारबाहीको दायरामा ल्याउनैपर्छ । निर्मलाका बाबुआमा तथा परिवारजन न्यायका लागि छटपटिरहनु दुःखद हो । ढिलो गरी न्याय पाउनु भनेको न्याय नपाउनुसरह हो । अपराधीलाई कानुनी दायराभित्र ल्याई दण्डित गर्न सबै पक्ष संवेदनशील बन्नैपर्छ ।

विद्यादेवी भण्डारी
राष्ट्रपति
कान्तिपुर

अहिले गोबर पछि ग्यास

सुरेश किरण

प्रधानमन्त्री केपी ओलीले उद्घाटन गर्नुभएको गोबर ग्यास उद्योग बन्द भएको खबर सुनेर बहुत दुःख लाग्यो । दुःख त सबैलाई लाग्या होला, शेरबहादुर देउवालाई छाडेर । तर, दुःख लागेर के गर्नु ! बन्द भएको त बन्द भएकै हो । मानिसको घरघरमा पाइपबाट ग्यास पुऱ्याउने उहाँको भारी सपना थियो । त्यो सपनालाई साकार पार्ने एउटै मात्र आशा थियो, विराटनगरको ग्यास उद्योग ।

अहिले बन्द भएको उद्योग जो छ, त्यो मूलतः गोबरलाई ग्यासमा रूपान्तरण गर्ने उद्योग हो । सुनिन्छ, अहिले उक्त उद्योग मर्मतमा छ । मर्मत कहिले सकिन्छ, त्यो भन्न सकिन्न । मर्मत कार्य जारी रहुन्जेल अब सरकारले जनताको घरघरमा ग्यासको सट्टा गोबर मात्रै पुऱ्याउने काम गर्दा कसो होला ? अहिले गोबर लिनुस्, पछि ग्यास पठाउँछु भन्दा मानिस कन्भिन्स नै होलान् कि ! आखिर उद्योगले वितरण गर्ने त गोबर ग्यास हो । अहिले गोबर मात्रै पठाउन सकिए पनि आधी त जनताको घरघरमा पुग्ने भयो नि । बाँकी आधी पछि पुऱ्याउँला । यति गर्न सके कम्तीमा जनताले यसो त भन्ने भए कि प्रधानमन्त्रीले हावादारी कुरा गरेका छैनन्, अहिले गोबर पठाएका छन्, पछि ग्यास पनि पठाउँछन् । गोबर पुगेपछि ग्यास पुग्ने कन्फर्म भो । कि कसो ?

खर्चमा कटौती

सरकारले भर्खरै मात्रै निर्णय गऱ्यो, अब उप्रान्त विद्यालय जाने विद्यार्थीलाई दिवा खानाको व्यवस्था रद्द गर्ने । वास्तवमा ग्रामीण क्षेत्रका विद्यार्थीलाई विद्यालय जान प्रोत्साहन होस् भनेर राज्यले त्यो व्यवस्था गरेको थियो । अब त्यो कटौती हुने भएको छ । अहिले भर्खरै पनि राष्ट्रपतिबाट निर्देशन आएको छ, मितव्ययी हुनुहोस् । सरकार त मितव्ययी हुनैपर्छ । सायद त्यही मितव्ययी हुने योजनाको पहिलो कार्यक्रम हुनुपर्छ, विद्यार्थीको दिवा खाना कटौती ।

अब सरकार जो छ, त्यो मितव्ययी त हुनैपर्छ । विद्यार्थीको खाना काटेर हुन्छ कि बिरामीको औषधी कटौती गरेर हुन्छ, सरकार मितव्ययी नभई नहुने अवस्था छ । यदि यति गरेर पनि सरकार मितव्ययी हुन सकेन भने पूर्वविशिष्टहरूका लागि सुविधा र भत्ताको व्यवस्था कसरी गर्ने ? पूर्वविशिष्टहरूका लागि आवास, गाडी, सुरक्षा, पत्रपत्रिका आदि विभिन्न शीर्षकका सुविधा दिने भनेर सरकारले निर्णय त गरी नै सकेको छ । अब विद्यार्थीको दिवा अथवा बिहानी अथवा कुनै पनि प्रहरको खाना नकाट्ने हो भने त्यो सुविधा कसरी दिन सकिन्छ ? हेर्नोस्, विद्यार्थीलाई दिइने त्यस्तो एक छाक खाना काट्न सकियो भने एक जना विशिष्टको एक महिनाको खर्च बचाउन सकिन्छ । आखिर खर्च बचाउन केही त गर्नैपऱ्यो । सरकार बनेकै त्यसैका लागि हो । होइन र ?

बालुवाटारमा ओलीहरू

बालुवाटारको ओली निवास...क्षमा गर्नुहोला, प्रधानमन्त्री निवासमा ओली वंशको कार्यक्रम भएछ । मानिसहरूले त्यसको पनि आलोचना गरे । वास्तवमा त्यो आलोचनाको विषय भने थिएन । किनभने, प्रधानमन्त्री पदमा त ओली नै बसेका छन् । जब ओली नै प्रधानमन्त्री छन् भने उनले शाह वंशको कार्यक्रम गर्ने त कुरै भएन । गर्ने त ओली वंशकै हो । अब गरे, के फरक पऱ्यो ?

बरू कुरोचाहिँ के हो भने उक्त दिन बालुवाटारमा ओलीबाहेक अरू कुनै पनि थरका मानिसलाई प्रवेश गराइएको रहेनछ । गेटमा तपाईंको नाम के भनेर सोध्छ । अनि, थर के भनेर सोध्छ । ओली हो भने पठाउँछ । ओली होइन भने पठाउँदैन । गेटमा नाम लेखाउँदै भित्र पस्नुपर्ने रहेछ । त्यो दिन बालुवाटारभित्र पस्ने मानिसको सूचीमा केही नाम यस्तो पनि फेला परेछ-

श्यामबहादुर ओली ।
हाकुचा ओली ।
नारांचा ओली ।
धनियाँ ओली ।
बगुवा ओली ।
च्याङ्बा ओली ।
ग्याल्चोन ओली ।
गुइँठे ओली ।
जेनिफर ओली ।
स्टेफेन ओली ।
र, अन्तमा पुष्पकमल ओली ।

व्यवसायमैत्री गोपनीयताको हक

गोपनीयता सम्बन्धी नयाँ कानुनले धेरैलाई दुःखी बनाएको छ । तर, धेरैलाई खुसी पनि बनाएको छ । जजसलाई दुःखी बनायो, उनीहरू सडकमै आइरहेका छन् । तर, जजसलाई खुसी बनाएको छ, उनीहरू भने खुसी प्रकट गर्न सक्ने अवस्थामा अझै आइपुगेका छैनन् । उनीहरू भित्रभित्र मात्रै खुसी छन् । त्यस्तै खुसी हुनेहरूमध्ये एक हुन्, मित्र भजनलाल ।

भजनलाल त्यस्तो कुनै ठूलो मानिस होइनन् । ठूलो व्यापारी पनि होइनन् । मूलतः उनी सहरमा एउटा सानो लज चलाउँछन् । लज उनको सानो भए पनि त्यहाँ काम भने अलि 'ठूलो' हुने रहेछ । त्यही भएर त्यहाँ राती मात्र होइन, दिउँसै पनि प्याक हुन्छ ।

गोपनीयताको नयाँ कानुन आएको दिन भजनको लजमा दीपावली नै भयो । उनको विचार छ- लजभित्र जो पसे पनि त्यहाँ उसको गोपनीयताको हक हुन्छ । पुलिस आएर 'ढोका खोल्' भन्न पाइँदैन । पैसा तिरेर कोठामा छिरेपछि जसले जसलाई जेसुकै गरून्, अरूलाई के मतलब ?

भजनलाललाई विश्वास छ, आफ्नो डुब्न लागेको लजलाई अब कसैले उतार्छ भने यही गोपनीयताको हकले उतार्छ । 'व्यवसायमैत्री' कानुन ल्याएकामा सरकारलाई धन्यवाद !

उडानको तयारी

[झटारो]

लक्ष्मण गाम्नागे

हाम्रो सरकार र त्यसका कतिपय निकाय महिनौँदेखि लगातार एउटै काम गरिरहेका छन्, निर्णय गर्ने, फिर्ता लिने । काम थाल्ने, बीचैमा छाड्ने । थोरै अघि बढ्ने, धेरै पछि हट्ने । दर्जनौँ पटक यो क्रम दोहोऱ्याएको छ सरकारले । पुराना कुरा त के कोट्याइराख्नु र ! मेरो धरहरा मै बनाउँछु भन्ने निर्णय र बनाउँदिनँ भन्ने निर्णय, गोविन्द केसीका माग पूरा नगर्ने र गर्ने निर्णयहरू बासी भइसके । तरकारीको सिन्डिकेट तोड्ने, कामचोर ठेकेदारलाई कारबाही गर्ने आदि निर्णयले उत्ताना टाङ लगाएको पनि एक-दुई महिने भइसक्यो । ती विषय हामीले बिर्सी नै सक्यौं । हाम्रो महानगरले रानीपोखरीको पुनर्निर्माणमा कंक्रिटको प्रयोग गर्न दिने निर्णय र फेरि नदिने निर्णय गरेको, वरिपरि आधुनिक पार्क बनाएर झिलिमिली पार्ने निर्णयलाई उल्ट्याएर प्रताप मल्लकै पालाको जस्तो बनाउने निर्णय गरेको कुरा पनि पुरानो हुन लाग्यो । हनुमानढोका दरबारभित्रको आगम्छे मन्दिर बनाउन जापानीलाई दिने निर्णय र नदिने निर्णय, पशुपतिमा क्रंक्रिट प्रयोग गरेर पैदल-मार्ग बनाउने निर्णय र नबनाउने निर्णय भने अहिले तात्तातै बाहिरिएका छन् । ढ्याक्कै निर्णय गर्ने र झ्याप्पै फिर्ता पनि लिइहाल्ने, क्या लचकदार पदाधिकारीहरू हाम्रा !



सरकारका यसप्रकारका कामलाई कतिपयले फितलो, अपरिपक्व, अदूरदर्शी र केटाकेटी खेल भनेर नकारात्मक टिप्पणी गरेको पनि सुनिन्छ । तर, यसलाई हामीले सरकार दुई पाइला अघि बढ्न एक पाइला पछि सरेको भनेर बुझ्नुपर्छ । समृद्धिको उडानका लागि सरकार कदम मिलाउने प्रयास गरिरहेको छ । अहिले हरेक निर्णयमा एक कदम पछि हट्दै भविष्यको कुनै दिनबाट अचानक गति लिएर फिलिली उड्ने सरकारको रणनीति यी सरकार विरोधीहरूलाई के थाहा !

भविष्यमा हुने उडानको तयारी स्वरूप अहिले सरकार र उसका अनेकौं निकायहरू धमाधम पछि हट्ने अभ्यास गरिरहेका हुन् । विभिन्न घटनामा गृह मन्त्रालय पछि हट्यो । प्रहरी प्रशासन पछि हट्यो । सामान्य प्रशासन मन्त्रालय पछि हट्यो । महानगरपालिका पछि हट्यो । पशुपति विकास कोष पछि हट्यो । पुरातत्त्व विभाग पछि हट्यो । बिमस्टेक राष्ट्रहरूको संयुक्त सैनिक अभ्यासमा नेपाली सेना पछि हट्यो । यसरी अधिकांश निर्णयमा पछि हटेको देखेर प्रतिपक्षीहरू नरमाए हुन्छ । यो त सरकारले शक्ति सञ्चय गरेको हो । उड्न थालेका दिन देखौला !

अर्को हामीले मनन गर्नुपर्ने कुरा के छ भने सरकार आफूखुसी पछि हटेको होइन । जनताको आवाज उठेपछि पछि हटेको हो । जनताको अलि चर्को आवाज उठ्यो कि ऊ पछि हटिहाल्छ । बिहान गरेका निर्णय बेलुका उल्ट्याउँछ, बेलुका गरेका गल्ती बिहानै सुल्ट्याउँछ । सरकारले सोझै उल्ट्याउन अप्ठेरो मान्यो भने अदालतले पनि सरकारका निर्णय सच्याउन सहयोग गर्छ । त्यसैले भन्न सकिन्छ, यो पूर्ण रूपमा जनमुखी सरकार हो ।

भ्रम नहोस्, सरकार पछि हटेको, हटेकै पनि छैन । बेलाबेला फुत्त अघि बढेर सरकारले हामीलाई सुखद भविष्यको शुभसंकेत पनि दिइरहेको छ । उदाहरणका लागि, एक महिनाअघि अयोग्य भनेर गलहत्याइएका दूरसञ्चार प्राधिकरणका अध्यक्ष दिगम्बरलाई मुलुककै सबैभन्दा योग्य भनेर सोही पदमा ससम्मान नियुक्त गरेको छ सरकारले भर्खरै । हेर्दै जानुस्, यसप्रकारका लाखौं करोडौंका अमूल्य निर्णय अरू पनि हुँदै जानेछन् र देशले सुशासन र समृद्धि अवश्य हासिल गर्नेछ ।

धरापमा यात्रा

कर्णाली राजमार्ग अन्तर्गत कालीकोट खण्डको साँघुरो सडकमा दुर्घटनाग्रस्त यात्रुबस

जे पाण्डे

महत्त्वपूर्ण तर उपेक्षित कर्णाली राजमार्ग

जे पाण्डे/कालीकोट

हिमाली जिल्ला मुगु सदरमुकाम गमगढी-नाग्मा सडक खण्ड झन्डै २ महिना बन्द भयो । साउन र भदौमा नेपालगन्ज र सुर्खेतबाट कर्णाली राजमार्ग हुँदै आउजाउ गर्ने यात्रुवाहक र मालवाहक गाडी गुड्न सकेनन् । उपभोग्य वस्तु र निर्माण सामग्रीको भाउ अकासियो । गरिबीको चपेटामा परेका बासिन्दामाथि ठूलो आर्थिक भार पर्‍यो ।

कर्णाली राजमार्गमा पर्ने कालीकोट सदरमुकाम खाडचक्र-१ सुनार खोलामा हिउँद-वर्षा दुवै समय सडक अवरुद्ध हुन्छ । दिनरात एक ट्राफिकको ड्युटी रहन्छ । भत्केर भताभुंग सडक स्तरोन्नति नगर्दा यातायात अवरुद्ध हुँदै आएको ५ वर्ष बित्यो । यही क्रममा खण्डहरजस्तो खाडचक्र नगरभित्रैको अस्पताल मोडनजिक साघुँरो राजमार्गमा जीप पल्टिँदा ३ जनाको ज्यान गयो, ६ घाइते भए, १२ मंसिर ०७४ मा ।

यसपटक नेपालगन्ज-जुम्ला यात्रामा हिँडेका प्रशान्त शर्मालाई कालीकोट पुग्न ४ दिन लाग्यो । जबकि, एक दिनको बाटो हो । राजमार्ग दर्जनौं स्थानमा भत्केकाले ३ दिन अलपत्र परे । यसबीचमा परिवारलाई सकुशल भएको खबर दिन पनि पाएनन् । न कतैबाट फोन सम्पर्क गर्न सके, न त आउने-जानेसँग खबर पठाउन । प्रशान्त भन्दै थिए, “नाम मात्रैको राजमार्गजस्तो छ । सबैतिर जोखिमैजोखिम । यो मार्गमा यात्रा गर्नु भनेको ठूलै युद्ध जित्नु समान हुन्छ ।”

कालीकोटका व्यापारी जगत शाहीको कर्णाली राजमार्गमा पर्ने गगने खोलामा अकालमा ज्यान भयो । दैलेखबाट कालीकोट हिँडेका शाहीको पहिरो खस्दा उछिट्टिएको ढुंगाले लागेर मृत्यु भएको थियो, २ भदौ ०७४ मा । आर्थिक जोहो गर्न हिँडेका बेला अचानक यात्रा अवरुद्ध भयो । राजमार्गमा उभिएर सेल्फी लिँदै गर्दा खसेको पहिरोले बाँकी छाडेन उनलाई ।

कर्णाली राजमार्ग जोड्ने दैलेखको रति खोलामा अलपत्र परेका किशोर महेन्द्र बुढा क्षत्रीले सर्ट खोलेर ‘बाँचे घर पुगौँला, मरे बगरलाई’ भन्दै उर्लिँदो खहरेमा फाल हाले । “बगाउने थियो, बाँचियो । के गर्ने घर जानैपर्‍यो । खोलामा कुद्न बाध्य भएँ,” उनी राजमार्गको कथाव्यथा सुनाउँदै थिए ।

तराईलाई पहाडी र हिमाली जिल्लासँग जोड्ने आर्थिक विकास र समृद्धिको मेरुदन्ड

मानिने कर्णाली राजमार्गबाट गन्तव्यमा पुग्नु भनेको मृत्युलाई जित्नु जत्तिकै हुन्छ, बाह्रै महिना । किनकि, अनगिन्ती खतरा छन् । यात्रामा निस्कने यात्रु र गाडी चालक हरपल जोखिम मोलेर हिँडिरहेका हुन्छन् ।

१५ महिनायता कालीकोट सडक खण्डमा मात्रै १७ वटा दुर्घटना भए । ६ जनाको मृत्यु भयो । २२ जना घाइते भए । कालीकोटमै सबैभन्दा ठूलो दुर्घटना हुँदा २८ जनाको ज्यान गएको थियो, २५ भदौ ०६९ मा । तीन वर्षयता २१ को ज्यान गयो । थोत्रा गाडी र चालकको लापरबाही पनि दुर्घटनाका थप कारण हुन् ।

कालीकोट, जुम्ला र मुगु जोड्ने राजमार्ग भत्केर पूरै भताभुंग छ । कतै साँघुरो त कतै निकै घुमाउरो । गाडीबाट बाहिर हेर्दा कहाली लाग्छ । चक्कर नै आउलाजस्तो हुन्छ कतिपय यात्रुलाई । त्यसमाथि हिउँद, वर्षामा जाने हिले र सुख्खा पहिरो । कहाँ, कति बेला, कस्तो संकट आइपर्ने हो ? जगजगी मात्रै । अनेकथरी धराप छन् ।

कालीकोट र दैलेख सीमाको दही खोला क्षेत्रमा पनि पहिरोले धेरैको ज्यान लिइसकेको छ । राजमार्गमा काम गर्ने मजदुरसमेत पहिरोमा परेका छन् । गरिबका पसल पुरिएको २ वर्ष हुँदासमेत पहिरो नियन्त्रण गर्ने चासो कसैले देखाएको छैन । यस्तो लाग्छ, कर्णालीका लागि सरकार नै छैन । यहाँको विकास नारा र भाषणमै मात्र सीमित छ ।

डरलाग्दा चट्टान फुटालेर निर्माण गरेको राजमार्ग भए पनि सामान्य वर्षा हुनासाथ पहिरो जाने गर्छ । सुर्खेतदेखि जुम्लासम्मको २ सय ३२ किलोमिटर मार्गको यात्रा पूरा गर्न कुनै बेला २ सातासम्म लाग्छ । खाडाचक्र नगरपालिकाका मेयर जसीप्रसाद पाण्डे भन्छन्, "संघदेखि प्रदेशसम्मका मन्त्रीलाई भेटेर राजमार्ग सुधार्न माग गरेँ । कसैले सुनेनन् । अहिले पनि कर्णालीप्रति सौतेलो व्यवहार छ ।" कर्णाली प्रदेश सरकार वामपन्थीकै भए पनि जनताले त्यसको महसुस गर्न नपाएको बताउँछन् पाण्डे ।

राजमार्ग अवरुद्ध हुँदा कालीकोट, जुम्ला र मुगुका अस्पतालमा बिरामीका लागि नभई नहुने अक्सिजनको समेत हाहाकार हुने गरेको छ । अक्सिजनका सिलिन्डर बोकेका गाडी गगने खोलाको पहिरोमा रोकिँदा यसपटक जुम्लाका बिरामी संकटमा परे । यस्तो घटना हरेक वर्ष दोहोरिने गरेको छ ।

नेपाली सेनाले निर्माण गरेको तीला नदीको बेलिब्रिज पुल पनि निकै जीर्ण छ । खियाले खिइँदैछ पुल । कुन बेला भत्केर कतिको ज्यान जाने हो ? निश्चित छैन । दुर्घटनाको संकेत देखिए पनि सरकारको नजरमा परेको छैन । ४१ मिटर लामो पुल ३६ घन्टामा बनाएको थियो, नेपाली सेनाले । खाडाचक्रका मेयर पाण्डे भन्छन्, "पुल भत्कियो भने कालीकोट, जुम्ला र मुगुमा नाकाबन्दीजस्तो विकराल समस्या आउँछ ।"

अहिले सोही जीर्ण पुलबाट दैनिक डेढ सय सवारी ओहोरदोहोर गर्छन् । कालीकोट दैखोलाबाट जुम्लाको नाग्म बजारसम्मका विभिन्न खोला र नदीमा पुल निर्माण कार्य कछुवा गतिमा छ । टाकुल्ला खोला पुल निर्माणको ठेक्का कालोसूचीमा परेको कम्पनीले पाएको छ । सुर्खेतबाट कालीकोट हुँदै जुम्ला पुग्दा कर्णाली राजमार्गमा एक दर्जन पुल पर्छन् । निर्माणाधीन ती सबै पुल कहिले बनिसक्ने हुन्, टुंगो छैन । सरकारी निकायलाई नटेर्ने राजनीतिक आडमा ठेक्का लिएका ठेकेदार निकै बलिया भएकाले पुल बन्न सकेका छैनन् । दैलेख खण्डका पुलको पनि बेहाल छ । सडक डिभिजन कार्यालयले पुल बनाउन ढिलाइ गर्नेलाई कारबाही गर्नुको साटो ठेक्का म्याद थप्दै आएको छ ।

सशस्त्र विद्रोहका बेला राजमार्ग निर्माण कार्यमा कठिनाइ भयो । ०६१ मा कर्णाली राजमार्गको ट्र्याक खोल्न खटिनेहरू बारुदी धरापमा पर्थे । अहिले पूरै राजमार्ग नै धरापजस्तो देखिन्छ । तैपनि, धरापमार्ग सञ्चालन भयो, ०६३ चैत ३० मा ।

प्रदेश ५ को तराईलाई कर्णाली प्रदेशको उच्च हिमाली र पहाडी जिल्ला जोड्ने सडक हो, कर्णाली राजमार्ग । बाँकेको कोहलपुरबाट रत्न राजमार्ग हुँदै सुर्खेत काटेर उत्तर दैलेख उक्लेपछि कर्णाली राजमार्ग पुगिन्छ । ७ प्रदेशको अछाम जाने पहाडी लोकमार्ग पनि जोडिन्छ यही मार्गमा । त्यसैले पनि कर्णाली राजमार्ग ३ वटा प्रदेशको आर्थिक समृद्धि र विकासको मेरुदण्ड हो । तर, यो मार्ग जति महत्त्वपूर्ण छ, उति नै उपेक्षित ।

कर्णालीको काया परिवर्तन गर्ने सपना बाँडेर कर्णाली प्रदेश सरकारमा पुग्नेहरूले जनताका समस्यालाई पटकै वास्ता नगरेको भन्दै नेकपाकै नेता/कार्यकर्तासमेत रुष्ट छन् । जुम्ला, हुम्ला र मुगुको ट्रान्जिट प्वाइन्ट कालीकोट सदरमुकाम खाडाचक्रमा सडक, खानेपानी र बिजुलीको व्यवस्था नहुँदा स्थानीय जति निराश देखिन्छन्, त्यसभन्दा बढी दिक्क छन् जनप्रतिनिधि ।

जोखिम मोलेर गुडेका गाडीहरू यत्रतत्र गुल्टेका देखिन्छन् । एम्बुलेन्स चल्न नसक्दा कयौँको अकालमा ज्यान जाने गरेको छ । सत्तामा पुग्ने र प्रतिपक्षमा बस्ने नेताले चुनावताका जहाज नै बस्ने धावनमार्ग बनाइदिने आश्वासनका पुलिन्दा बाँडेका थिए । तर, अहिले सडक स्तरोन्नतिप्रति कसैको चासो देखिँदैन । यस्तो बेवास्ताले जनतामा बढ्दो निराशा आक्रोसमा परिणत हुन बेर लाग्दैन । तीनतिर फर्केका तीनथरी सरकार यो कुराबाट अनभिज्ञ छैनन्, तर चुपचाप छन् । ने

K33 Hairhotel
कोटेश्वर : प्रभु बैंकको माथिल्लो तल्ला, फोन : ५१००२०७, ५१००२०८, ५१००४१९, मो: ९८५१०११३१५, इमेल : info@k33nepal.com
त्रिपुरेश्वर : युनाईटेड वर्ल्ड ट्रेड सेन्टर, पहिलो तल्ला, B78~81, फोन : ४११७२३३, ४११७२४४, इमेल : kathmandu@k33nepal.com, **चावहिल :** एसि कम्प्लेक्स पाँचौं तल्ला, फोन : ४४९९६९६, ४४६१८३७

व्यक्तिदेखि व्यक्तित्व सम्मको यात्रा
एउटा सुन्नै पर्ने रेडियो कार्यक्रम

सफर

राजेश पाण्डेको साथमा

प्रत्येक सोमबार बिहान ९:१५ देखि १० बजेसम्म

Radio Kantipur
रेडियो राष्ट्रको

96.1 MHz
Kathmandu, Bhedetar, Birgunj
Bharatpur, Bhairahawa

101.8 MHz
Nepalgunj, Pokhara
Dhangadi

विशेष

शहीद गंगालाल अस्पतालमा मुटुको शल्यक्रिया गर्दै

भास्वर ओझा

दीर्घरोगको धराप

क्यान्सर, मुटु तथा मिर्गौला सम्बन्धी बिरामीको वृद्धिदर चार गुणा, उपचारमा अर्बौं खर्च

भिषा काफ्ले

गाडीधनी भए पनि धनकुटा महालक्ष्मी-९ का हरि काफ्ले, ३८, आफैं यात्रु लिएर धरानबाट तेह्रथुम, खाँदबारी, भोजपुरलगायतका ठाउँमा पुग्थे । मासु, जंक फुड र कोल्ड ड्रिंक्समा रमाउँदै गर्दा उनमा एक्कासि उच्च रक्तचापको समस्या देखियो । बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा गएर जाँच्दा दुवै मृगौला फेल भइसकेछन् । दुई वर्षअघि मृगौला प्रत्यारोपण गरेका काफ्ले नियमित मासिक १० हजार बराबरको औषधी सेवन गर्दै आएका छन् ।

काठमाडौं, धोबीधाराका कुशल, २८, एक वर्षअघि हृदयघातको सिकार भएर गंगालाल हृदय रोग केन्द्र पुगे । समयमै अस्पताल पुगेको हुँदा एन्जिओग्राफी गरेर मुटुको भल्व खोलियो र ज्यान बच्यो । उनले तीन-तीन महिनामा चिकित्सकको सम्पर्कमा रहेर विभिन्न किसिमका जाँच गरिरहनुपर्छ भने जिन्दगीभर औषधी खानुको विकल्प छैन ।

खानपानको शैलीले हामी आफ्नो स्वास्थ्य आफैं कसरी बर्बाद पारिरहेका छौं भन्ने उदाहरण हुन्, यी दुई घटना । खानपान मात्र नभएर हामीले अपनाएको जीवनशैली पनि आफ्नै स्वास्थ्यप्रति निर्मम बन्दै गएको छ । कुशललाई कलिलै उमेरमा हृदयघात हुनुको प्रमुख कारण २० वर्षको उमेरदेखिको नियमित सुर्ती सेवन नै थियो । सुर्तीजन्य वस्तु सेवनकै कारण पछिल्लो समय युवाहरूमा हृदयघातको जोखिम अत्यधिक भएको वरिष्ठ मुटुरोग विशेषज्ञ डा भगवान कोइराला बताउँछन् । "चुरोटसँगै चाउचाउ, कुरकुरे, चिसो पेय पदार्थजस्ता अस्वस्थकर खानपानले युवावस्थामै दीर्घरोगी बनाइरहेको छ," डा कोइराला भन्छन्, "खानपान त्यस्तो छ तर शारीरिक अभ्यास शून्य । त्यस्ताले जिन्दगीभर औषधीको सहारामा बस्नुको विकल्प छैन ।"

सरकारी तथ्यांकले पनि बर्सेनि दीर्घरोगी बन्ने नेपालीको संख्या बढ्दो क्रममा रहेको देखाउँछ । स्वास्थ्य मन्त्रालयको पछिल्ला ४ वर्षमा कडा रोगको उपचारपछि अनुदान पाउने बिरामीको अनुपात हेर्ने हो त्यो प्रस्ट हुन्छ । चार वर्ष पहिले यसरी अनुदान लिने बिरामीको संख्या मुस्किलले ६ हजार थियो भने अहिले बढेर २१ हजार ८ सय पुगेको छ ।

सरकारले क्यान्सर, मुटु तथा मृगौला सम्बन्धी बिरामीलाई उपलब्ध गराएको उपचार खर्च हेर्ने हो भने वृद्धिदर उच्च छ । सरकारकै तथ्यांक हेर्दा अस्पतालमा क्यान्सर रोगको उपचार गर्न आएर अनुदान लिने बिरामीको संख्या ०७१/०७२ मा २ हजार ७ सय ४४ थियो । चार वर्षमा त्यो संख्या झन्डै चार गुणा बढेर १० हजार ६ सय ८ पुगेको छ । त्यस्तै, मुटुका बिरामी १९ सय रहेकामा बढेर ४ हजार २ सय ७६ पुगेका छन् ।

स्वास्थ्यविज्ञका अनुसार सरकारको पहुँचमा आएका बिरामीको तथ्यांक मात्र हो यो । कयौं गुणा बिरामी स्वास्थ्य संस्थाको पहुँचमै छैनन् । "सुगमका जिल्लाबाट ८० प्रतिशत नसर्ने रोगका बिरामी उपचारको पहुँचमा पुग्लान्," पूर्वसचिव डा सेनेन्द्रराज उप्रेती भन्छन्, "दुर्गमका जिल्लाबाट २० प्रतिशत पनि उपचारको पहुँचमा पुग्न गाह्रो छ, किनकि त्यहाँ रोगको निदानै हुँदैन ।" नसर्ने कडाखाले कुनै पनि रोगको अनुपात घटेको छैन, सबै बढ्दै गएको छ (हेर्नुस्, टेबल) । रोग बढेसँगै व्यक्तिको खर्च र राज्यको दायित्व पनि प्रत्येक वर्ष करोडौं रुपैयाँले बढिरहेको छ । *(हेर्नुस्, बक्स)*

सरकारले अनुदान उपलब्ध गराउने कडा रोग मात्र नभई खानपान र जीवनशैलीले मधुमेह र उच्च रक्तचापको बढ्दो क्रम पनि डरलाग्दो छ । विश्व स्वास्थ्य संगठनको सन् २०१६ को तथ्यांक अनुसार नेपालको कुल जनसंख्याको ९ प्रतिशतभन्दा बढी मानिस मधुमेहपीडित छन् । जसमा १६ दशमलव ६ प्रतिशत पुरुष र १३ प्रतिशत महिला छन् । मधुमेहको फैलावट नेपालीमा कति छ भन्ने अर्को डरलाग्दो तथ्यांक अमेरिकाको इन्स्टिच्युट फर हेल्थ मेट्रिक्स एन्ड इम्यालुसनले सन् ०१७ मा निकालेको थियो । उसको अध्ययनले २००५ मा भन्दा ०१६ मा ५८ दशमलव ८ प्रतिशत मधुमेहको फैलावट बढेको देखाएको छ । २००५ मा नेपालीको मृत्युको ११औं कारण रहेको मधुमेह ०१६ मा पाँचौं नम्बरमा आइसकेको छ ।

स्वास्थ्य मन्त्रालयको एक अध्ययनले ४२ प्रतिशत मानिसले कहिल्यै रक्तचाप जाँच नगराएको देखाएको छ । बाँकी ५७ प्रतिशतमध्ये

वीर अस्पतालमा क्यान्सरका बिरामीहरू



सरकारबाट कडा रोगका बिरामीलाई उपलब्ध तीन वर्षको खर्च विवरण :

०७२/०७३
१,०२,२५,८४,८८४

०७३/०७४
१,३३,०७,५२,५५१

०७४/०७५
२,४३,४४,३८,७४९

२३ प्रतिशतमा रक्तचापका बिरामी भएको उल्लेख छ । सन् ०१३ मा स्वास्थ्य अनुसन्धान परिषद्‌ले गरेको नसर्ने रोगका 'रिक्स फ्याक्टर सर्भे' ले प्रमुख ६ वटा कारण देखाएको छ । तीमध्ये सबैभन्दा उच्च जोखिममा चुरोट सेवन छ । त्यसपछि मदिरा पिउनु, फलफूल तथा सागसब्जी नखानु, शारीरिक अभ्यास नहुनु, मोटोपना र वंशानुगत रोगलाई कारण मानेको छ। सर्भेले जुन विषयलाई नसर्ने रोगको प्रमुख जोखिम मानेको छ, नेपालीको रुचि भने त्यसैमा देखिन्छ । नेपालीले कसरी खानपानकै कारण मन्दविष सेवनलाई बढावा दिँदैछन् भन्ने कुरा खानपिनमा बढ्दो खर्च गराइले पनि पुष्टि हुन्छ ।

राष्ट्रिय तथ्यांक विभागको हाउस होल्ड सर्वे ०१६/०१७ अनुसार सहरको एक मान्छेले मासुका लागि बर्सेनि ६ हजार ६७ खर्चिन्छ भने गाउँको मान्छेले ५ हजार ३ सय १० रुपैयाँ । रक्सी र चुरोटजन्य पदार्थमा गाउँको एउटा मान्छेले ३ हजार ५ सय ५७ खर्चिन्छ भने सहरको एक मान्छेले ४ हजार ९ सय ५२ रुपैयाँ ।

रोक्न सकिन्छ, नसर्ने रोगको महामारी

डा तारासिंह बम
जनस्वास्थ्य विज्ञ

विश्व स्वास्थ्य संगठनको अनुमानित तथ्यांक अनुसार प्रत्येक वर्ष नेपालमा १ लाख २१ हजार मानिस नसर्ने रोगबाट मर्छन् । यो तथ्यांक समग्र मृत्युदरको ६५ प्रतिशत हो । तर, नसर्ने रोगको कारण पत्ता लगाउने हो भने त्यसलाई धेरै हदसम्म रोकथाम गर्न सकिन्छ । महामारीको रूपमा बढ्दै गएको नसर्ने रोगको वृद्धिदर रोक्न सरकारले ढिलो नगरी केही काम भने तत्काल अगाडि बढाउनैपर्छ । सबैले बुझ्नुपर्ने कुरा के हो भने नसर्ने रोग लाग्नै नदिनतर्फ सचेत भयौँ भने धेरै हदसम्म सफल हुन्छौँ । तर, रोग लागिसकेका बिरामीको उपचार लामो प्रक्रियामा जान्छ र खर्च पनि धेरै हुन्छ ।

हाम्रोजस्तो देशमा त्यो खर्चकै कारण उच्च तथा मध्यम वर्गका मानिस गरिबीको अवस्थामा आइपुगेका पनि उदाहरण छन् । अझ राज्यका तर्फबाट उपचारका लागि गरिने सहयोग पनि अर्बौं रुपैयाँ छ, जुन यस्ता रोग लाग्नै नदिने रोकथाममा खर्चिने हो भने आधा पनि खर्च हुँदैन, जसले जनता र राज्य दुवैलाई फाइदा हुन्छ । नसर्ने रोगको यो महामारी कम गर्न सबैभन्दा पहिले त्यसको कारण पत्ता लगाउनुपर्छ ।

सुर्तीजन्य पदार्थ नियन्त्रण

नसर्ने रोगको प्रमुख कारण भनेको सुर्तीजन्य पदार्थको सेवन नै हो । सुर्तीजन्य पदार्थको सेवन दर कम गर्न सबैभन्दा राम्रो उपाय राज्यले त्यस्ता पदार्थमा कर बढाएर महँगो बनाउनु नै हो । सुर्ती सेवनमा भर्खरै लागेका सिकारु युवाहरूमा यसको पहुँच पुग्न नदिन पनि महँगो कर लगाएर बानी पर्नबाटै रोक्नु सबैभन्दा राम्रो उपाय हो । अर्को प्रभावकारी तरिका भनेको सुर्तीजन्य पदार्थको खोलमा ठूलाठूला चेतनामूलक चित्र तथा सन्देश छाप्नु हो । यसको प्रत्यक्ष प्रभाव कति हुन्छ भन्ने कुरा हेर्न नेपालमा सुर्तीजन्य पदार्थमा ७५ प्रतिशत चेतावनीमूलक चित्र तथा सन्देश छापेपछि मानिसले चुरोट खाने दर घटाएको तथ्यांक स्वास्थ्य अनुसन्धान परिषद्, द युनियन र एक्सन नेपालले गरेको अध्ययनले देखाएको छ ।

उक्त अध्ययनले चित्र छापिनुअगाडि दिनको १५ खिल्ली चुरोट खाने मानिसले घटाएर ५ खिल्लीमा झारेको पाइएको थियो । यसलाई अझ बढाएर ९० प्रतिशत कार्यान्वयन गर्न प्लेन प्याकेजिडमा जाने हो भने त्यो अझ कम हुन्छ । नेपालको कानुनले बन्देज गरेका सुर्तीजन्य पदार्थको विज्ञापनमा रोक लगाउने, प्रचारप्रसार गर्न नदिने, सार्वजनिक स्थलमा धूमपान निषेधितजस्ता सचेतना अभियानलाई कडाइसाथ लागू गरिनुपर्छ । र, विद्यालय तथा सार्वजनिक स्थलमा जनचेतना कार्यक्रम सञ्चालन गर्नुपर्छ । नेपालले विश्व स्वास्थ्य संगठनको सुर्तीजन्य पदार्थ नियन्त्रण सम्बन्धी सन्धिको पक्षमा हस्ताक्षर गरेकाले सुर्तीजन्य पदार्थ उत्पादक उद्योगलाई निरुत्साहित गर्दै बन्द गर्नेतर्फ कदम चाल्नुपर्छ ।

मदिरा नियन्त्रण

हाम्रो देशमा नसर्ने रोगको अर्को प्रमुख कारणको रूपमा मद्यपानको अधिक सेवन पनि रहेको छ । गुणस्तर मापन नगरिएका घरेलुदेखि लिएर उच्च स्तरका भनिएका रक्सी बजारमा खुलेआम पाइन्छन् । स्वास्थ्यका हिसाबले कुनै पनि खालका मद्यपान ठीक हुँदै हुँदैनन् । सरकारले यसलाई नियन्त्रण गर्न करको दायरा बढाउनुपर्छ । चेतनामूलक कार्यक्रम गर्नुपर्छ । त्यसैगरी विज्ञापनमा बन्देज गर्नुका साथै बालबालिका तथा जोखिम समूहको पहुँचभन्दा बाहिर पार्न सक्नुपर्छ । त्यसका लागि कानुन बनाएर निश्चित समयमा निश्चित स्थानबाट मात्र किनबेच गर्न पाउने बनाउन सकिन्छ ।

खानपानमा जागरुकता

खानेकुराको गुणस्तरमा सहजै विश्वास गर्न सकिने अवस्था छैन । राज्यको अनुगमन पाटो कमजोर छ भने कस्ता खानेकुरा खाने, कस्ता नखाने भनेर जनतामा जागरण पनि छैन । नसर्ने रोगका मन्दविष चिनी, नुनजस्ता पदार्थको उच्च प्रयोग हुन्छ । विशेषगरी प्लास्टिक प्याकिडयुक्त तयारी खानेकुरा, चिसा पेय पदार्थजस्ता खाद्यवस्तुलाई निरुत्साहित गरी फलफूल, सागसब्जी, स्थानीय उत्पादन सेवनलाई राज्यले प्रोत्साहन गर्नुपर्छ । नुन तथा चिनीजन्य खानेकुरा कम खाने बानी विकास गराउन राज्यले विशेष चेतनामूलक कार्यक्रम चलाउनुपर्छ ।

व्यायामलाई प्रोत्साहन

सर्ने रोग नियन्त्रण गर्ने अर्को महत्त्वपूर्ण पाटो शारीरिक व्यायाम पनि राम्रो उपाय हो । पछिल्लो समय सबै नेपाली अल्छी बन्दा धेरै रोगको सिकार बढ्दै गएको छ । राज्यले शारीरिक व्यायामको महत्व जनतालाई बुझाउने कार्यक्रम ल्याउनुका साथै खुल्ला स्थानको व्यवस्था गर्ने, साइक्लिङ वे बनाइदिने, हाइकिङ रुट पहिचान गरिदिने र व्यायाम स्थल स्थापनामा जोड दिनु राम्रो हुन्छ ।

(डा बम द युनियनको एसिया प्यासिफिक उपनिर्देशक हुन् ।)

स्वास्थ्यको हिसाबले लाभदायक मानिने फलफूल सेवनमा पनि नेपाली उपभोक्ता लोभी भएको देखिन्छ। फलफूल सेवनमा गाउँको एक व्यक्तिले वार्षिक १ हजार २ सय १३ र सहरमा २ हजार १ सय ८३ रुपैयाँ खर्चिने गरेको तथ्यांक विभागको सर्वेक्षणले देखाएको छ (हेर्नुस्, तथ्यांक)। नेपाल स्वास्थ्य अनुसन्धान परिषद्ले सन् २०१३ मा गरेको अध्ययनमा नेपालीले फलफूल र सागसब्जी अति न्यून खाने गरेको पाइएको छ। विश्व स्वास्थ्य संगठनले एक व्यक्तिले दिनमा कम्तीमा ४ सय ग्रामभन्दा बढी फलफूल र सागसब्जी खानुपर्ने उल्लेख गरेको छ। तर, अध्ययनमा ९८.१ प्रतिशत नेपालीले फलफूल र सागसब्जी नखाने गरेको परिषद्का पूर्वसदस्यसचिव डा खेम कार्की बताउँछन्। उक्त अध्ययनमा १९ प्रतिशत नेपालीले चुरोट, १७ प्रतिशतले नियमित मद्यपान र २१ प्रतिशतले चाहिनेभन्दा बढी नुन सेवन गर्ने गरेको उल्लेख छ।

नसर्ने कडा रोग लागेका विपन्न नागरिकको उपचारका लागि सरकारले करोडौं रुपैयाँ खर्चिने गरेको देखिएको छ। गत आवमा मात्रै २ करोड ४४ लाखभन्दा बढी ८ वटा कडा रोगको उपचारका लागि विपन्नलाई उपचार खर्च दिइएको छ। त्यसबाहेक मुटु, क्यान्सर, मृगौलाजस्ता नसर्ने रोगका लागि छुट्टै अस्पताल बनाएर वार्षिक करोडौं बजेट उपलब्ध गराउँदै आएको छ। स्वास्थ्य मन्त्रालयमार्फत गंगालाल हृदयरोग केन्द्रमा ६६ करोडभन्दा बढी रकम जान्छ भने त्रिवि मनमोहन कार्डियोथेरासिस भास्कुलर तथा ट्रान्सप्लान्ट सेन्टरमा ३६ करोडभन्दा बढी रकम जान्छ। गंगालालमा गएको रकममध्ये १५ वर्षमुनि र ७५ वर्ष माथिकालाई निःशुल्क उपचारमा १३ करोड, बाथ, मुटु रोगका लगि १५ करोड र भल्व परिवर्तनका लागि १ करोड ७५ लाख गरी ३० करोड ६५ लाख खर्च हुन्छ।

त्यसैगरी बीपी कोइराला क्यान्सर अस्पताल र सुरेश वाग्ले क्यान्सर स्मृति अस्पताललाई ६० करोडभन्दा बढी बजेट छुट्याइएको छ। भरतपुर क्यान्सर अस्पतालमा मात्रै च्यारिटीमार्फत छुट्टै २ अर्ब रुपैयाँ खर्च हुने अस्पताल विकास समितिका अध्यक्ष डा प्रकाश न्यौपाने बताउँछन्। अंग प्रत्यारोपणका लागि स्थापना भएको शहीद धर्मभक्त मानव अंग प्रत्यारोपण केन्द्रमा १६ करोडभन्दा बढी रकम जाने गरेको छ। नसर्ने रोगसँग सम्बन्धित अस्पतालमा जाने बजेट स्वास्थ्य मन्त्रालयले एकीकृत रूपमा उपलब्ध गराए पनि अन्य केन्द्रीय, प्रतिष्ठान अन्तर्गतका, क्षेत्रीय, उपक्षेत्रीय, अञ्चल र जिल्ला अस्पतालमा नसर्ने रोगको उपचारका लागि भने अन्य सामान्य रोगको उपचारमै मिसाएर पठाउने गरेको छ। त्यसको लेखाजोखा गर्न गाह्रो हुने मन्त्रालयको नीति योजना महाशाखाका उपसचिव लीलाराज पौडेल बताउँछन्।

सरकारले नसर्ने रोगका लागि प्रत्यक्ष र अप्रत्यक्ष गरी अर्बौं रुपैयाँ लगानी गरे पनि त्यस्ता रोग रोकथामको कार्यक्रममा खासै काम गरेको छैन। विश्व स्वास्थ्य संगठनले सन् ०१६ मा निकालेको तथ्यांकमा नेपालमा ६२ प्रतिशत मानिसको नसर्ने रोगका कारण मृत्यु हुने गरेको देखाएको छ। सन् १९९६ को सर्वेक्षणले ५१ प्रतिशत सरुवा रोग र ४४ प्रतिशत नसर्ने रोगका कारण मृत्यु हुने गरेको थियो। नसर्ने रोगको अवस्था विकराल बन्दै गएपछि बल्ल स्वास्थ्य मन्त्रालयले छुट्टै शाखा स्थापना गरेर काम थालेको छ।

"यसअघि सरकारको प्राथमिकता सर्ने रोग नियन्त्रणमा थियो। त्यसैले नसर्ने रोगको प्रवर्द्धनात्मक कार्यक्रमभन्दा पनि उपचारात्मक कार्यक्रममा जोड दिइएको थियो," स्वास्थ्य मन्त्रालय अन्तर्गतको नसर्ने रोग तथा मानसिक स्वास्थ्य शाखाका प्रमुख डा फणीन्द्र बराल भन्छन्, "बल्ल सरकारले नसर्ने रोगलाई प्राथमिकतामा राखेर यसै वर्षदेखि छुट्टै शाखा बनाएको छ।" शाखा छुट्याएसँगै सरकारले ३० जिल्लामा नसर्ने रोग रोकथाम सम्बन्धी कार्यक्रम सुरु गरेको छ। हाल १६ जिल्लामा सञ्चालनमा रहेको कार्यक्रम प्रत्येक प्रदेशका दुई-दुई जिल्ला गरी १४ जिल्लामा यसै वर्ष थपिनेछ।

नसर्ने रोगको प्रवर्द्धनात्मक कार्यक्रमका लागि सोही शाखामार्फत खर्चिने गरी साढे ३ करोड प्रत्येक प्रदेशलाई बजेट छुट्याइएको हो। विनियोजित रकमबाट स्थानीय तहमा नसर्ने रोग सम्बन्धी जनचेतना जगाउने कार्यक्रम गरिने उल्लेख छ। यसअघि स्वास्थ्य सेवा विभाग अन्तर्गतको स्वास्थ्य, शिक्षा, सूचना तथा सञ्चार केन्द्रमार्फत कार्यक्रम सञ्चालन गरिने भनेरै करोडौं रकम छुट्याइए पनि पत्रपत्रिकामा विज्ञापन छाप्नेबाहेक अर्थोक काम हुन नसकेको मन्त्रालयका अधिकारीहरू स्वीकार्छन्। ने



उच्च अदालतमा ८० न्यायाधीश नियुक्ति

संघीय परिकल्पना अनुसार उच्च अदालतहरू त स्थापना गरियो तर अदालतमा न्यायाधीशको अभाव थियो । सात वटा उच्च अदालत, त्यसका थप ११ बेन्च गरेर हामीलाई जम्माजम्मी १ सय ६० न्यायाधीशहरू आवश्यक थियो । सबै अदालतमा गरेर जम्मा ८० जना न्यायाधीश मात्र थिए । तीमध्ये कति सेवानिवृत्त हुँदै थिए भने कति बिरामी भएकाले कामको बोझ थेग्न नसकिने स्थिति थियो । कतिपय अदालतमा त एक जना मात्र न्यायाधीश हुनुहुन्थ्यो । जबकि, मुद्दा फैसला गर्न दुई जना न्यायाधीशको डिभिजन बेन्च आवश्यक पर्छ । कतिपय न्यायाधीश बिरामी भएर आराम र उपचारका लागि समय मागिरहनुभएको थियो । कहिलेकाहीं कुनै अदालतका न्यायाधीश स्वदेश तथा विदेशका सभा, सेमिनारमा भाग लिन जाँदा अदालत नै न्यायाधीशविहीन हुने अवस्था थियो । त्यसैले थप ८० जना न्यायाधीश नियुक्त नगरी नहुने थियो ।

सुशीला कार्की

उच्च अदालत गठनको महत्वपूर्ण अभिभारा सम्पन्न गरिसकेपछि हामी कात्तिकमा ती अदालतमा न्यायाधीश नियुक्त गर्ने प्रयासमा लाग्यौं । जम्माजम्मी १६ वटा औपचारिक बैठक भए । त्यति नै मात्रामा अनौपचारिक बैठकहरू पनि भए । पहिलो बैठकमा न्यायाधीश नियुक्ति गर्दा अपनाउने आधारभूत तरिकाबारे छलफल भयो । अर्थात्, कुन विधिबाट नियुक्त गर्नु न्यायसम्मत, पारदर्शी र वैज्ञानिक हुन्छ भनी छलफल गरियो ।

दोस्रो बैठकमा थप हुने ८० न्यायाधीशमध्ये कति जना जिल्ला न्यायाधीशबाट नियुक्त गर्ने, कति जना तत्कालीन पुनरावेदन अदालतका सेवानिवृत्त अस्थायी न्यायाधीशबाट र कति जना न्यायाधीश कानुन व्यवसायीबाट नियुक्त गर्ने भन्नेबारे पनि छलफल भयो ।

रामकुमारप्रसाद साह प्रधानन्यायाधीश हुँदा पुराना २८ जना अस्थायी न्यायाधीशको म्याद थप हुन सकेको थिएन । स्थायी हुन नसकेर बाहिरिएका ती न्यायाधीशको सम्बन्धमा के गर्ने भन्ने प्रश्न पनि उत्तिकै टड्कारो थियो । यसबारे दुइटा बैठकमा छलफल भयो ।

यी सबै विषयमा एक किसिमको सैद्धान्तिक टुंगो लागिसकेपछि न्याय परिषद्बाट न्यायाधीशको र कानुन व्यवसायी परिषद्बाट कानुन व्यवसायीको नामावली सूची माग गरियो । सूची उपलब्ध गराउँदा कोही कसैलाई केही विषयमा कारबाही भएको छ भने त्यसको पनि उल्लेख गर्न निर्देशन दिइयो । कानुन व्यवसायीको हकमा इच्छुक उम्मेदवारको दरखास्त पनि माग गरियो । उनीहरूको हकमा वकालतको समयावधि पनि निर्धारण गरिएको थियो ।

कति वर्ष वकालत गरेका कानुन व्यवसायीले न्यायाधीशका लागि दरखास्त दिन पाउने हो भन्नेबारे सुरुमा केही अलमल पनि भएको थियो । न्यूनतम अवधि १५ वर्ष गर्ने कि २०, पुरुष र महिला कानुन व्यवसायीका लागि फरक बन्दोबस्त गर्ने कि उस्तै गर्ने भन्नेबारे व्यापक छलफल गरियो । अन्ततः पुरुष र महिला दुवैलाई समान अवधि नै छुट्याई न्यूनतम अवधि १५ वर्ष निर्धारण गरियो । १५ वर्ष न्यूनतम अवधि छुट्याउँदा महिला कानुन व्यवसायी पनि पुरुष जत्तिकै संख्यामा पाइएकाले समान बन्दोबस्त गरिएको थियो ।



म र न्यायाधीश वैद्यनाथ उपाध्याय सर्वोच्चको बेन्चमा बस्नुपर्ने भएकाले सबै काम गर्ने समय हामीसँग थिएन । त्यसैले न्याय परिषद्को बैठकबाट तय गरिए अनुसार न्यायाधीश र कानुन व्यवसायीको नैतिक आचरण, अनुशासन, कार्यदक्षता तथा क्षमताबारे सम्पूर्ण अनुसन्धान गर्ने न्याय परिषद्का सदस्यलाई नै खटाउने निर्णय गरियो । त्यसका लागि केन्द्रीय बारमा समेत काम गर्नुभएका र वकालत पनि राम्रोसँग चलेका पृष्ठभूमिका सदस्यद्वय रामप्रसाद सिटौला र पदम वैदिकलाई सकेसम्म स्थानीय क्षेत्रमा पुगेर प्रतिवेदन ल्याउन निर्देशन दिइयो । उहाँहरू एक-दुई साता त सम्बन्धित स्थानको भ्रमणमै जानुभयो । उहाँहरूले ल्याएको प्रतिवेदनका आधारमा न्याय परिषद्मा परेका उजुरी अनुसार जाँचबुझ पनि गरियो ।

न्यायाधीशउपर न्याय परिषद्मा परेका उजुरी विभिन्न प्रकृतिका देखिए । कतिपय न्यायाधीशलाई मुद्दामा हराइदिएकाले हार्ने पक्षले झुटो उजुरी दिएको पाइयो । कतिपय सानातिना विषयका उजुरी पनि थिए । पाँच-सात जना न्यायाधीशविरूद्ध परेका उजुरी भने गम्भीर प्रकृतिका थिए । न्याय परिषद्को बैठकमा सबै सदस्यहरू गम्भीर आरोप लागेका न्यायाधीशहरूको

पदोन्नति नगर्नेमा दृढ हुनुहुन्थ्यो । गैरधन्दा गर्ने कानुन व्यवसायीलाई न्यायाधीश नियुक्त गर्न नहुनेमा पनि उहाँहरूको एकमत थियो । प्रतिवेदन तयार गर्ने सदस्यद्वयले प्रत्येक कानुन व्यवसायीलाई चिनेकाले पनि निर्णय गर्न सजिलो भयो । पदम वैदिकलाई त पूर्व मेचीदेखि पश्चिम महाकालीसम्मका वकिलहरूको नामनामेसीको जानकारी मात्र नभई सबैको जन्मपत्रीसमेत कण्ठस्थ रहेछ । स्वच्छ छवि र कार्यकुशल न्यायाधीशको मात्र पदोन्नति गर्ने र त्यस्ता कानुन व्यवसायीलाई मात्र न्यायाधीश नियुक्त गर्नेमा सबै एकमत भयौँ ।

०७३ कात्तिकदेखि पुससम्म लगातार बैठक बस्दा पनि नयाँ नियुक्त हुने उच्च अदालतका न्यायाधीशहरूको सूची तयार भइरहेको थिएन । हामीले योग्य उम्मेदवारको सूची बनायौँ । त्यसमा पनि न्यायाधीश र कानुन व्यवसायीहरूको बेग्लाबेग्लै सूची तयार भयो । ६० प्रतिशत न्यायाधीशबाट र ४० प्रतिशत कानुन व्यवसायीबाट नियुक्त गर्ने गरी मोटामोटी तय भएको थियो । तैपनि, हामी निर्णयमा पुग्न सकिरहेका थिएनौँ । पटक-पटकको बैठक र छलफलपछि ०७३ पुसमा न्यायाधीश नियुक्त गर्ने निर्णयमा पुगियो । २५ जना कानुन व्यवसायी पूर्णतया नयाँ अनुहार थिए । ३४ जना जिल्ला न्यायाधीश थिए । तिनलाई उच्च अदालतको न्यायाधीश बनाइयो । यीमध्ये १३ जना पुराना न्यायाधीश थिए । पुनरावेदन अदालतका २८ जना अतिरिक्त न्यायाधीश थिए । संविधानले उनीहरूलाई सम्बोधन नगर्दा पदमुक्त भएका थिए । तीमध्ये १० जनालाई पुनः नियुक्त गरियो । सरकारी वकिललगायत विशिष्ट र प्रथम श्रेणीका वकिलबाट बाँकी ११ जना नियुक्त गरियो ।

संविधानतः न्याय परिषद् प्रधानन्यायाधीशको अध्यक्षता रहने गरी जम्माजम्मी पाँच सदस्यीय हुन्छ । जसमध्ये एक जना सर्वोच्च अदालतका वरिष्ठतम न्यायाधीश, संघीय कानुन तथा न्यायमन्त्री, राष्ट्रपतिले प्रधानमन्त्रीको सिफारिसमा नियुक्त गरेका एक जना कानुनविद् र नेपाल बार एसोसिएसनको सिफारिसमा राष्ट्रपतिद्वारा नियुक्त कम्तीमा २० वर्षको अनुभव प्राप्त एक जना वरिष्ठ अधिवक्ता वा अधिवक्ता सदस्य रहन्छन् । न्यायाधीशमध्ये हामी दुई (म र वैद्यनाथ उपाध्याय) दुवै कानुन व्यवसायी पृष्ठभूमिका थियौँ । कानुन व्यवसायी पृष्ठभूमिका भएकाले कानुन व्यवसायीलाई नै न्यायालयमा ल्याउने मन हामीलाई लाग्थ्यो । फेरि, अदालतका कर्मचारी र जिल्ला न्यायाधीशहरूलाई हेर्दा उनीहरूको पनि उत्तिकै माया लाग्थ्यो । त्यसैले हामी कहिले कानुन व्यवसायीको पक्षमा हुन्थ्यौँ, त कहिले न्यायाधीश र अदालतका कर्मचारीको पक्षमा । कुनै पनि तरिकाबाट समाधान ननिस्किएपछि कानुन व्यवसायीको हकमा पहिले नै तयार सूचीबाट ६-६ जनाको नाम आफ्नो तर्फबाट दिने सल्लाह भयो ।

यो नियुक्तिको विषयलाई लिएर प्रायः राजनीतिक दलका नेताहरू मलाई भेट्न बालुवाटार आउनुभएको थियो । एउटै दलबाट पनि बेग्लाबेग्लै नेताहरूले फरक-फरक कानुन व्यवसायीको सिफारिस गरेका थिए । हरेक पटक नेताहरूले मलाई सूची बुझाउनुहुन्थ्यो । तर, मैले कसैको सूची बोक्ने काम गरिनँ । भनसुनको यो दृश्यले हाम्रो वास्तविक अवस्था झल्काउँथ्यो ।

बारको भूमिकालाई हेर्दा त्यो राजनीतिक दलको भ्रातृ संगठनजस्तो देखिन्छ । बारको निर्वाचनमा राजनीतिक दलकै झन्डा बोकेर चुनाव लड्ने गरेको पाइन्छ । कुनै दलमा आबद्ध नभएको स्वच्छ, इमानदार र क्षमतावान् कानुन व्यवसायीलाई बारको सदस्य बन्न पनि गाह्रो छ । यस्तो दलीयकरणले न्यायाधीश नियुक्ति प्रक्रियामा पनि असर पार्ने गर्छ ।

०४७ देखि नै न्यायाधीश नियुक्तिमा सत्तासीन दलको हालीमुहाली रहने गरेको देखिन्छ । न्याय परिषद्को बनोट नै त्यस्तै छ । त्यहाँ सरकारका मन्त्री सदस्य छन्, प्रधानमन्त्रीले रोजेका कानुन व्यवसायी छन्, बारका प्रतिनिधि छन् । र, त्यहाँ न्यायपालिकाभन्दा बाहिरकाको बाहुल्य छ । न्यायाधीशबाहेकका तीन जना संयोगवश एकै दलका परेमा एकै दलका न्यायाधीश नियुक्त नहोलान् भन्न सकिन्न ।

दलीयकरणको यस्तो अवस्था भए पनि न्याय परिषद्मा तत्कालीन कानुनमन्त्री अजयशंकर नायकको भूमिका भने बडो सहज र भद्र थियो । उहाँ सुरुमा त आफ्नो जिल्लाबाट न्यायाधीशको सूचीमा कानुन व्यवसायी परोस् भन्ने चाहनुहुन्थ्यो । 'त्यसो भएमा कमसेकम जिल्लामा मेरो प्रतिष्ठा कायम हुन्छ' भनिरहनुहुन्थ्यो । तर, पछि आफ्नो जिल्लाका कानुन व्यवसायी नपरे पनि चित्त बुझाउनुभएको थियो । भन्नुहुन्थ्यो, "नियुक्तिको काम भयो । यो नै मेरा निम्ति ठूलो कुरा हो ।"

कानुन व्यवसायीबाट न्यायाधीश नियुक्तिमा भने झन्झन् कठिनाइ बढ्दो थियो । यसपटक झन्डै ८ सय कानुन व्यवसायीले नियुक्तिका निम्ति निवेदन दर्ता गरेका थिए । यो आवेदनको बाढीले सम्भवतः हाम्रा जनप्रतिनिधिमा दबाब परेको थियो होला ।

जिल्ला न्यायाधीशलाई उच्च अदालतमा स्तरोन्नति गर्नेबारे विवाद थिएन । कति संख्यामा गर्ने भन्नेमा मात्र मतभेद थियो । त्यस्तै, स्थायी नभई बाहिरिएका २८ जना पुराना न्यायाधीशलाई के गर्ने भन्नेमा पनि मतभेद थियो । कोही उनीहरूलाई पुनः नियुक्ति दिनुपर्ने पक्षमा थिए भने कोही विपक्षमा । कसैले काम र व्यक्तित्व हेरेर केहीलाई नियुक्ति दिन सकिने विचार राख्थे ।

छनोट भएका कानुन व्यवसायीमध्येबाट न्याय परिषद्का हरेक सदस्यले ६-६ जना सिफारिस गर्नेमा सबै सहमत भए । तर, बारका प्रतिनिधि सदस्य रामप्रसाद सिटौला भने पटक्कै सहमत हुनुभएन । उहाँले आफूले २० जनाको सिफारिस गर्न पाउनुपर्ने जिकिर गरिरहनुभयो । उहाँलाई व्यक्तिगत नातागोताको, बारको र दलको सूची थमाइएको रहेछ । अब उहाँले मागेको २० कहाँबाट पुर्‍याउनु ! त्यसैले एक बैठकमा वैद्यनाथ उपाध्यायले रामप्रसाद सिटौलालाई सानो जवाफ दिनुभयो, "त्यस्तो त कसरी मिल्ला ?"

रामप्रसादजीले तत्कालै वैद्यनाथजीलाई झम्टिनुभयो । बैठकमै विवाद भयो । बैठकको अध्यक्षता गरिरहेकी मलाई एकदमै नराम्रो लाग्यो । वैद्यनाथ स्वभावैले शान्त, शालीन र भद्र हुनुहुन्थ्यो । मधुरो लवजमा बोल्ने उहाँको बानी थियो । कहिल्यै पनि उहाँ छलफल, तर्कवितर्क गर्दा उत्तेजित भएको देखिँदैनथ्यो । हाँसीहाँसी बोल्ने गर्नुहुन्थ्यो । रिस उठ्दा पनि हाँसेरै बोल्नुहुन्थ्यो । उहाँसँग म धेरै वटा बेन्चमा बसेकी थिएँ । बेन्चबाट कानुन व्यवसायीलाई प्रश्न गर्दा पनि उहाँले नरम र भद्र तरिकाले गर्नुहुन्थ्यो ।

बैठकको वातावरण असहज बन्दै गएपछि मैले रामप्रसादजीलाई भनेँ, "ल सिटौलाजी ! तपाईं विवाद नउठाउनुस् । तपाईंलाई मेरो भागको ६ सिट पनि दिन्छु । तपाईं जो छान्नुहुन्छ, छान्नुस् । क-कसलाई ल्याउने हो, ल्याउनुस् । म प्रधानन्यायाधीश हुँ, तपाईंहरू

हरेक पटक नेताहरूले मलाई सूची बुझाउनुहुन्थ्यो । तर, मैले कसैको सूची बोक्ने काम गरिनँ । भनसुनको यो दृश्यले हाम्रो वास्तविक अवस्था झल्काउँथ्यो ।

जो-जसका मानिस भए पनि सबै मेरै हुन् । मलाई केही आपत्ति छैन ।"

प्रधानन्यायाधीशले जहिले पनि न्यायपालिकाको हरेक अंग सुचारू बनाउन चाहन्छ । जनताले छिटोछरितो न्याय पाऊन्, न्याय प्रशासन चुस्तदुरूस्त होस् र फैसला कार्यान्वयन छिटोभन्दा छिटो होस् भन्ने उसको चाहना हुन्छ । तर, उच्च अदालतका न्यायाधीश नियुक्त हुन नसक्दा यो सबै भइरहेको थिएन । मैले आफ्नै आँखाअगाडि न्यायपालिकाको गाईजात्रा कसरी हेर्ने ? तर यहाँ काम सुरू गर्नासाथ नातावाद र कृपावाद आइहाल्छ । यस्ता नियुक्ति प्रक्रियामा मोटो रकमको चलखेल भएको पनि कतैकतै सुन्नमा आउँछ ।

न्यायपालिका आम जनताको विवाद निरूपण गर्ने संस्था हो, यो स्वयं विवादमा अलमलिने संस्था होइन । मैले मेरो भागका ६ जना कानुन व्यवसायी चयन गर्ने जिम्मा दिएपछि रामप्रसाद सिटौला शान्त हुनुभयो । छलफल अगाडि बढ्यो ।

मलाई केही उच्चस्तरका कर्मचारीहरूले अहिले नियुक्ति नगर्नुस्, पछि गोपाल पराजुली आएपछि गर्दा हुन्छ पनि भनेका थिए । भरसक चाँडै नियुक्त गर्नुपर्ने दबाब पनि ममाथि थियो । उच्च अदालतहरू न्यायाधीशविहीन भइरहेको कसरी टुलुटुलु हेर्नु ? हुन त, हामीकहाँ जे पनि, जसले पनि, जहिले पनि आफ्नो फाइदाका लागि हेर्ने चलन छ । कतिपय निर्णय समयमा नगरेर देशलाई अनिर्णयको बन्दी बनाई लामो समयसम्म घिन्याएर राख्ने प्रवृत्ति बसिसकेको छ ।

न्यायपालिकाको लामो अनुभवमा मैले देखेकी छु, समयमा निर्णय हुन नसक्दा क्षमतावान् र स्वच्छ छविका धेरै न्यायाधीशहरू पुनरावेदन अदालतबाट सर्वोच्चमा आउन नसकी रोकिएका छन् । त्यस्ता विद्वान् र इमानदार न्यायाधीशलाई सर्वोच्च अदालतमा आउन नदिनकै लागि लामो समयसम्म निर्णय रोकिराखेको पनि पाइएको छ । हामीकहाँ सरकारी वृत्तमा सही मानिसलाई सही ठाउँमा छनोट गर्नुको सट्टा आफ्नो खल्तीबाट नाम निकालेर पद बाँड्ने प्रवृत्ति पनि छ । यसरी संस्थाहरू राम्रोसँग चल्न सक्दैनन् । भनाइ नै छ, समयमा काम गरेको, समयमा लगाएको र समयमा खाएको राम्रो हुन्छ । नेतृत्वकर्ताले जहिले पनि सबै जनता आफ्ना हुन् भन्ठान्नुपर्छ । सबैले समानता र निष्पक्षताका आधारमा योग्यता अनुसारको पद र काम पाउनुपर्छ ।

बेलाबेलामा म सोच्थें, कात्तिकदेखि पुससम्म नियुक्ति प्रक्रियाको लामो छलफलमा हामी कहाँ हरायौं ! एकातिर हामी काम गरिरहेका छौं, परिश्रम भएको भयै छ । अर्कोतर्फ, नियुक्तिविरूद्ध बाधा-व्यवधान आएका आयै छन् । ८० सिट खाली छन् । न्यायालयको काम रोकिएको छ । उम्मेदवारहरू तयार छन् । तैपनि, न्यायालयले निकास पाइरहेको छैन । म त अवाक् थिएँ !

कतिपय कार्यक्रममा जाँदा वर्षौंदेखि पदोन्नति नभएका जिल्ला न्यायाधीशहरूले मसँग गुनासो गर्थे, "तपाईं हाम्रो प्रधानन्यायाधीश मात्र होइन, आमा नै हुनुहुन्छ । तपाईंले पदोन्नति गर्नुभयो भने मात्र हाम्रो उद्धार हुन्छ । नत्र त हामी जिल्ला न्यायाधीशबाटै बिदा हुनेछौं । तपाईं सेवानिवृत्त भएपछि भने हामीलाई केही हुन्छ भन्ने आशा छैन ।"

ती न्यायाधीशहरू सक्षम र योग्य दुवै थिए । उनीहरूको पढाइ र तालिम पनि पुग्दो थियो । जिल्ला न्यायाधीश भएर काम गरेको नै १५ वर्ष पुगिसकेका व्यक्ति पनि थिए । ती अधिकृतबाट जिल्ला न्यायाधीश हुँदा नै नाति-नातिनाको हजुरबा भई कपाल पाकिसकेको थियो । पहिलेका नियुक्तिमा पक्षपात भएकाले यस्तो भएको उनीहरूको गुनासो थियो । उनीहरूकै कतिपय दौंतरी भने सर्वोच्च अदालतका न्यायाधीशसमेत भइसकेका थिए ।

स्थिति यस्तो थियो । उता, न्याय परिषद्को बैठक भने निकासविहीन भइरहेथ्यो ।

२६ पुसको बैठकमा पुरानै दृश्य दोहोरियो । रामप्रसाद सिटौलाले फेरि वैद्यनाथजीलाई उसैगरी झम्टिनुभयो । वैद्यनाथजीले १ माघदेखि उमेर हदका कारण अवकाश पाउँदै हुनुहुन्थ्यो । २९ पुसमा उहाँको बिदाइ थियो । उहाँ आफैंले पनि २९ देखि काम गर्न नसक्ने जनाउनुभएको थियो । त्यसैले पनि उहाँ आफू अवकाश नहुँदै यो नियुक्तिको टुंगो लगाउन चाहनुहुन्थ्यो । न्यायालयभित्र रहेर यति लामो समयसम्म काम गरी सिंगो जीवन व्यतीत गरेको मानिसले जाँदाजाँदै एउटा सम्झिन लायक काम गर्न चाहनु अस्वाभाविक पनि थिएन । त्यसैले उहाँले बैठकमा नियुक्तिमा धेरै झमेला नगर्न र विवाद नझिक्न आग्रह गरिरहनुभएको थियो । तथापि, गलत मान्छेहरू छनोटमा नपरून् भनेर उहाँ उत्तिकै सचेत हुनुहुन्थ्यो ।

त्यति वरिष्ठ व्यक्तिलाई रामप्रसाद सिटौलाले भने एकाएक बोल्नै नहुने वचन लगाउनुभयो । उहाँले भन्नुभयो, "तपाईं हिंड्न लागेको न्यायाधीशले किन ६-६ जना न्यायाधीश सिफारिस गर्नुपर्‍यो ? हामी गर्छौं । तपाईं छाड्नुस् । तीन दिनपछि जाने मान्छे, जानुस् । तपाईंको के काम ?" भद्रताको सीमा नाघेर प्रस्तुत भएपछि मैले रामप्रसादजीलाई रोक्दै भनें, "त्यसरी नबोल्नुस् !"

रामप्रसादजीको प्रस्तुतिबाट स्पष्ट हुन्थ्यो, उहाँ जसरी पनि नियुक्ति प्रक्रियामा ढिलाइ गर्न चाहनुहुन्थ्यो । उहाँको इच्छा थियो, गोपाल पराजुली न्याय परिषद्को सदस्य भएपछि मात्र नियुक्तिको प्रक्रिया अगाडि बढोस् । सायद त्यतिबेला नियुक्त गर्दा उहाँको मनोकामना पूरा हुनेवाला थियो । त्यसैले उहाँ नियुक्तिको वातावरण भाँड्ने काम मात्र गरिरहनुभएको थियो । हुन त, उहाँले कानुनमन्त्री अजयशंकर नायकलाई पनि कडा शब्द प्रयोग गर्न बाँकी राख्नुभएन । यस्तो प्रतिकूल अवस्थामा पनि वैद्यनाथजी भने अलिकति पनि विचलित हुनुभएन । रामप्रसादजी त आफ्नो भनाइमा सहमति नजुट्दा बैठक छाडेर नै हिंडिदिनुहुन्थ्यो । पदमजीको काम भने सधैं रामप्रसादजीलाई फकाउने हुन्थ्यो ।

२८ पुसको बैठक २६ मा सारिएको थियो । त्यसभन्दा अगाडि म र वैद्यनाथजी खोटाङ जिल्ला अदालत उद्घाटन गर्न गएका थियौं । हेलिकप्टर चढेर गएको भए पनि ठाउँठाउँमा हिंड्नुपरेकाले मेरो खुट्टामा समस्या आई न्याय परिषद् कार्यालयको लामो भऱ्याङ उक्लनसमेत सक्ने अवस्थामा थिइनँ । त्यसैले मैले

बालुवाटारस्थित निवासमै बैठक बोलाएँ । पहिले-पहिलेका नियुक्तिमा पनि बालुवाटारमा बैठक गरिने चलन रहेछ । करिब साढे १ बजे सबै जना आउनुभयो ।

बैठकमा कुरा चल्दै गयो । नास्ता पनि आयो । खाँदै छलफल गर्‍यौं । रामप्रसादजीले फेरि २० जनाको कुरा उठाउनुभयो । अलि कम गरौं न भन्दा उहाँले जवाफ दिनुभयो, "यति गरिनँ भने त बारका साथीहरूले मेरो पद नै खोस्छन् ।"

कुरा नमिलेपछि उहाँ एकाएक अब यो नियुक्ति हुँदैन भन्दै बाहिरिनुभयो । उहाँको कुरा मिल्ने अरू कोही थिएन । त्यसैले पनि होला, उहाँले मसँग बारम्बार गोपालजी न्याय परिषद्को सदस्य भएपछि मात्र नियुक्त गरौं भनिरहनुभएको थियो । उहाँको पकेटमा चार प्रकारका सूची रहेछन् । एउटा बारका अध्यक्ष शेरबहादुर केसीको, एउटा कोइराला कांग्रेसको, एउटा शेरबहादुर देउवाको र एउटा व्यक्तिगत । सायद उहाँलाई निकै दबाब थियो, घरीघरी बेचैन देखिनुहुन्थ्यो । पटक-पटक भन्नुहुन्थ्यो, "मलाई २० सिट त नभई हुन्न । मलाई नियुक्ति दिनेहरूको वचन त मान्नैपर्‍यो, नत्र मलाई मार्छन् ।"

त्यो कुरा सुन्दा मलाई उहाँ क्रयविक्रयमा परेको महसुस भयो । तर, मैले त्यो सूचीलाई खास महत्त्व दिइनँ । मैले यसो सोचें, यसरी त कहिल्यै पनि नियुक्ति नहुने भयो । अदालत त घाटमा नै पुग्ने भयो । फेरि राजनीतिको के भर ! रात रहे अग्राख पलाउला । एकातिर २८ जना न्यायाधीशहरू घर न घाटका भएका थिए, अर्कोतिर न्यायालयमा न्यायाधीशको अभाव थियो । यस्तो अभाव मैले दामोदरजी कायममुकायम प्रधानन्यायाधीश हुँदा देखिसकेकी थिएँ । त्यस्तै अवस्था उच्च अदालतमा भयो भने त श्रापजति मैले खानुपर्ने हुन्छ । मैले किन कसैको श्राप खाने ? अनि कसको आशीर्वाद पाउनु छ र ! कसका निम्ति न्यायालयलाई बेथितिमा राखिरहने ?

२८ पुस ०७३ मा अन्दाजी २ बजे बालुवाटारबाट न्याय परिषद्का सबै सदस्यहरू हिंडे । रामप्रसादजी सुरूमै निस्कनुभयो । कानुनमन्त्री अजयशंकर नायक पनि निस्कनुभयो । पदम वैदिक सानो काम छ, एकैछिनमा आउँछु भनेर निस्कनुभयो । सबै जना निस्केपछि वैद्यनाथजी पनि मेरा श्रीमान् दुर्गाजीसँग बाहिरी कक्षमा भेटघाट गरी निस्कनुभयो । सबै जना निस्के पनि म भने बैठक कक्षमा एक्लै मौन बसिरहें ।

केही बेरमा पदमजी र मन्त्रीजी फेरि फर्किनुभयो । मन्त्रीजीले भन्नुभयो, "जहिले भए पनि काम गर्ने नै हो । यति सबै काम गरिसकेपछि अन्तिममा किन रोक्ने ? सबैलाई बोलाएर टुंगो लगाऔं ।" मैले न्याय परिषद्का सचिव कृष्ण गिरीलाई सबैलाई फोन गर्न लगाएँ । वैद्यनाथजीले ड्राइभर घर गइसकेकाले आउन नसक्ने जानकारी गराउनुभयो । रामप्रसादजी भने आउनै तयार हुनुभएन । साढे ३ बजे फेरि म आफैंले उहाँलाई फोन गरेर भनें, "आउनुस्, जसरी पनि मिलाऔं । १६ जना तपाईंको सिफारिसको राखौंला ।"

उहाँ फर्किन मान्नुभएन । भन्नुभयो, "अब हुँदैन, बारका साथी र अध्यक्षलाई खबर गरिसकें । म आउन सक्दिनँ ।" पछि थाहा भयो, उहाँले नियुक्ति रोकियो भनेर *बीबीसी*मा अन्तर्वार्तासमेत दिइसक्नुभएको रहेछ । हाम्राविरूद्ध हुने र सक्नेजति महाभारत र रामायण भट्याउने काम भइसकेको रहेछ ।

केही समयपछि वैद्यनाथजीले फोन गरेर भन्नुभयो, "मैले नातागोता नियुक्त गर्न लागेको भनी मेराबारे रामप्रसादजीले गलत समाचार दिनुभएछ ।" उहाँले फोनबाटै *अनलाइन*मा प्रकाशित समाचार पढेर सुनाउनुभयो । त्यस साँझ उहाँले साह्रै चित्त दुखाउनुभएको थियो ।

यस पृष्ठभूमिमा २८ पुस ०७३ मा उच्च अदालतमा ८० जना न्यायाधीश नियुक्त गरियो । जिल्ला न्यायाधीशबाट ३७ जना, कानुन व्यवसायीबाट २७ जना तथा कानुन, न्याय र सरकारी वकिल समूहका सहसचिव र विशिष्ट श्रेणीका गरी १६ जना छनोट भए । निर्णय गरेपछि सबै उठियो । यो निर्णय नगरिएको भए १३ जना जिल्ला न्यायाधीश निराश हुने थिए । अस्थायीबाटै अवकाश पाएका २८ जनामध्ये पुनर्नियुक्ति पाएकाले राहत पाए । तीमध्ये यमुना भट्टराई र शान्ति थापाजस्ता दक्ष महिला न्यायाधीश पनि थिए । तिनलाई न्यायपालिकामा फर्काउन सकियो ।

यो नियुक्तिलाई राजनीतिक लेपन लगाई केहीले विरोध पनि गरे । बारका केही पदाधिकारी, महान्यायाधिवक्ताको कार्यालय र केही कानुन व्यवसायीले कुत्सित स्वार्थवश विरोध गरे पनि नवनियुक्त ८० जनामध्येका अधिकांश न्यायाधीशको कार्य सम्पादन राम्रो देखियो । कानुन व्यवसायीबाट आएका पनि योग्य नै देखिए । न्याय परिषद्ले तयार गरेको सूचीभन्दा बाहिरबाट कोही परेका थिएनन् । बारका पदाधिकारीले उम्मेदवारमा कुनै खोट छैन भन्ने गर्थे भने नियुक्तिमा कसरी खोट भयो ? पाँचै जना बसेर निर्णय गरेको भए पनि नियुक्ति त तिनैबाट हुने थियो । सबै जातजाति, लिंग र क्षेत्र समेटेर नै निर्णय भएको थियो । व्यक्तिका सम्बन्धमा विवाद नै थिएन ।

> मैले किन कसैको श्राप खाने ? अनि कसको आशीर्वाद पाउनु छ र ! कसका निम्ति न्यायालयलाई बेथितिमा राखिरहने ?

कुनै नियतवश राती निर्णय भएको थिएन । काम गर्दागर्दै, बैठक बस्दाबस्दै रात परेको थियो । यदि राती गरेको काम सबै अमान्य हुने हो भने पेसीसूची प्रायः राती नै तयार गरिन्छ । त्यो पनि त अमान्य हुनुपर्ने हो । हाम्रा मन्त्रिपरिषद्हरूले कयौं निर्णय रातीमै गरेका छन्, त्यो पनि गलत हुनुपर्ने हो । त्यस्तै, १७ साउन ०७२ मा सर्वोच्च अदालतमा ११ जना न्यायाधीशको नियुक्ति राती २ बजे भएको थियो । त्यसविरूद्ध मुद्दा परे पनि त्यो नियुक्ति कायम नै भयो । वास्तवमा उच्च अदालतका ८० जना न्यायाधीशको नियुक्तिविरूद्ध गरिएका सबै प्रचार झुटा र पूर्वाग्रही थिए ।

•••

२९ पुस ०७३ मा वैद्यनाथ उपाध्यायलाई बिदाइ गरियो । उहाँ इमानदार र निष्ठावान् न्यायाधीश हुनुहुन्थ्यो । लामो समयसम्म न्याय सेवामा रहनुभएका उपाध्याय सेवानिवृत्त भएको भोलिपल्टदेखि नै उहाँको उपस्थिति खट्किन थाल्यो । न्याय निरूपणमा मात्र नभई न्याय परिषद्मा पनि उहाँले मलाई निकै सहयोग गर्नुभएको थियो । एकातिर एक जना भरपर्दा न्यायाधीशको बिदाइ भयो, अर्कोतर्फ हामीले गरेको सिफारिसको विरोध सुरू हुन थाल्यो । नियुक्तिविरूद्धमा मुद्दा पनि दायर भयो । ने

(सुशीला कार्कीको आत्मकथा 'न्याय' बुक-हिलले ६ असोजदेखि बजारमा ल्याउँदै छ ।)

सन्दर्भ

दिगम्बरको 'म्याचफिक्सिङ'

सबै खाले सरकारको रोजाइमा एकै व्यक्ति



रवि मानन्धर

जनक नेपाल

पेसाले मेकानिकल इन्जिनियर हुन्, सिरहाका दिगम्बर झा । तर, चार दशकमा उनको परिचय इन्जिनियर कम, व्यवस्थापक बढी बन्यो । नतिजाका दृष्टिले झाको नेतृत्व कामचलाउ खालकै छ । तर, उनी जुनसुकै सरकारको रोजाइमा पर्दै आएका छन् । परिणाम, आयल निगमको कार्यकारी निर्देशकमा दुई कार्यकाल पूरा गरेपछि उनी अर्को 'कमाउ' अड्डा नेपाल दूरसञ्चार प्राधिकरणको अध्यक्षमा दोहोरिएर नियुक्त भएका छन् ।

जतिसुकै प्रतिस्पर्धा भनिए पनि राजनीतिक नियुक्तिहरू विवादमुक्त छैनन् । यस्तोमा एउटा पार्टी र सरकारले योग्य देखेको व्यक्ति अर्कोले अयोग्य ठहर गरिदिन्छ । झा मात्र यस्ता व्यक्ति हुन्, जसलाई सरकार फेरिँदा पनि कुनै फरक पर्दैन । १८ मंसिर ०६९ मा माओवादी नेता बाबुराम भट्टराई प्रधानमन्त्री हुँदा नेपाल दूरसञ्चार प्राधिकरण अध्यक्षमा नियुक्त भए । २७ कात्तिक ०६४ मा शेरबहादुर देउवा नेतृत्वको सरकारले निर्वाचन आचारसंहिता उल्लंघन गर्दै उनैलाई अर्को पाँच वर्षका लागि पुनः नियुक्त गर्‍यो ।

केपी ओली सरकारले २० असारमा पदमुक्त गरेका झा खुला प्रतिस्पर्धाबाट छनोट भएको भन्दै २१ भदौमा पुनः नियुक्त भए । सूचना तथा सञ्चार प्रविधि मन्त्रालय स्रोत भन्छ, "प्रतिस्पर्धा देखावा मात्र हो । नियुक्तिपूर्व नै म्याच फिक्सिङ भइसकेको थियो ।" अदालतको आडमा सरकारले पदमुक्त गरेका पदाधिकारीहरू एकपछि अर्को पुनः बहाली हुन थालेपछि मन्त्री गोकुल बाँस्कोटाले झालाई 'ग्रिन सिग्नल' दिएर मुद्दा फिर्ता गराएका थिए ।

नियुक्ति सुनिश्चित गरेरै उनले रहस्यमय ढंगले सरकारविरुद्धको मुद्दा फिर्ता लिएका थिए । सरकारको निर्णय अनुचित भन्दै झाले २७ असारमा सरकारविरुद्ध रिट दायर गराए । सरकारको निर्णय तत्काल कार्यान्वयन नगर्न सर्वोच्चका न्यायाधीश पुरुषोत्तम भण्डारीको एकल इजलासले २८ असारमा अन्तरिम आदेश जारी गर्दै दुवै पक्षलाई ३ साउनमा छलफलका लागि बोलायो । तर, झाले सरकारविरुद्ध आफूले प्रमाण पुर्‍याउन नसक्ने भन्दै २९ असारमा मुद्दा फिर्ता लिए । "अदालतबाटै मेरो पुनः बहाली हुन्थ्यो पनि होला," झा भन्छन्, "सरकारको समर्थनबिना जबर्जस्ती कुर्सीमा बसेर काम गर्न सकिन्न भन्ने लाग्यो । त्यसैले मुद्दा फिर्ता लिएको थिएँ ।"

प्राधिकरणमा पहिलोपल्ट नियुक्ति हुँदै झाको

योग्यतामाथि प्रश्न उठेको थियो । नियुक्तिको २५ दिनपछि अध्यक्षका दाबेदारद्वय विश्वनाथ गोयल र जगन्नाथ मिश्रले प्राधिकरण ऐनको दफा ५ (१) बमोजिम झाको योग्यता नपुगेको भन्दै २७ मंसिर ०६९ मा रिट दायर गरेका थिए । तर, ११ कात्तिक ०७१ मा प्रधानन्यायाधीश रामकुमारप्रसाद साह र गिरीशचन्द्र लालको संयुक्त इजलासले मुद्दा खारेज गरेपछि एक वर्ष १० महिनापछि उनी पुनः काममा फर्किएका थिए । झासँग काम गर्नेहरू उनमा सरकार, नेता र कर्मचारी युनियनको चित्त बुझाउन सक्ने खुबी रहेको बताउँछन् । "उनी सरकार र राजनीतिक शक्तिकेन्द्र रिझाउन खप्पिस छन्," आयल निगममा सँगै काम गरेका एक अधिकारी भन्छन्, "नेताहरू उनको बोलीवचन मात्र होइन, स्रोत पनि मन पराउँछन् ।"

पूर्वसचिव कृष्ण ज्ञवाली आवरणमा खुला प्रतिस्पर्धा भनिए पनि व्यवहारमा नदेखिँदा यस्ता नियुक्तिहरू विवादित हुने गरेको बताउँछन् । सुधारका लागि वस्तुगत र विषयगत प्रस्ट मापदण्ड तोकिनुपर्ने, छनोट संयन्त्रमा योग्य व्यक्ति हुनुपर्ने र मेरिट अर्डरमा सिफारिस गर्नुपर्ने उल्लेख गर्दै भन्छन्, "पारदर्शिताबिना सुशासन सम्भव छैन ।"

झाको एउटा विशेषता भनेको आफू पनि नफस्ने र अरूलाई नफसाउने रहेको निकटस्थहरू बताउँछन् । उनी कानुनका छिद्र पहिल्याएर प्रक्रिया 'मिलाउन' खप्पिस मानिन्छन् । दूरसञ्चार आउनुअघि झा नेपाल आयल निगममा थिए । आयल निगमका अधिकांश कार्यकारी निर्देशकहरू भ्रष्टाचारको अभियोगमा जेल परेका छन् । झाअगाडिका युवराज शर्मा, मदनराज शर्मा र रामाज्ञ चतुर्वेदी भ्रष्टाचार ठहर भई जेल गए । उनीपछिका सुरेशकुमार अग्रवाल जेलमा छन् भने गोपाल खड्काले राजीनामा गर्नुपर्‍यो । तर, उनी जोगिए । "जबर्जस्ती विवादित भनेर हुन्छ ? आयल निगमबाट त म बेदाग निस्कैं," भन्छन्, "आजसम्म कुनै त्यस्तो आरोप लागेको छैन । कन्सल्टेन्सी गरेर छोराछोरी पढाएँ, हुर्काएँ । मलाई पुग्या छ । नपुगे गाउँमा खेतीबारी छ, त्यतै जान्छु ।"

०३६ भदौमा गुणस्तर विभागबाट सेवा सुरु गरेका झाले त्यहाँ डेढ वर्ष काम गरे । त्यसपछि उनले ०५२ कात्तिकसम्म सिँचाइ विभाग अन्तर्गत नारायणी सिँचाइ आयोजनामा काम गरे । ०५२ मै बबई सिँचाइ महाअभियानमा समेत हेभिवेट मेसिन मर्मतको नेतृत्व गर्न उनी डेढ महिना काजमा गएका थिए । लगत्तै वीरगन्जमा सिँचाइ विभागको केन्द्रीय मेकानिकल वर्कसप खुल्यो । ०५५ कात्तिकसम्म वर्कसप इन्चार्जका रूपमा काम गरेर सरकारी सेवाबाट अवकाश लिए । त्यसपछि सुरु भयो, उनको कन्सल्टेन्सी सेवा । ०५७ माघदेखि ०६४ साउनसम्म उनी पूरै कन्सल्टेन्सीमै रमाए ।

एसियाली विकास बैंकको स्थानीय विकास मन्त्रालय अन्तर्गत ग्रामीण पूर्वाधार होस् वा पोखरा महानगरपालिकाको पर्यटन पूर्वाधार विकास परियोजना, झा फिट भए । जापानी सहयोगको बाग्मती जल उपचार प्लानमा समेत उनले विज्ञका रूपमा काम गरे । त्यस्तै, सीटीईभीटी, विद्युत् प्राधिकरण, मेलम्ची खानेपानी आयोजना मात्र होइन, सिंहदरबार वैद्यखाना विकास समितिमा समेत उनी परामर्शदाता बने । ०५७ माघदेखि ०६१ असोजसम्म नेदरल्यान्ड सरकारको सहयोगमा सडक मर्मत तथा विकास परियोजनामा समेत उनी विज्ञका रूपमा नियुक्त भए ।

०६१ कात्तिकदेखि ०६४ साउनसम्म साना खानेपानी विभागको सहरी खानेपानी वितरण तथा सरसफाइ परियोजनामा काम गरे । ०६४ भदौदेखि ०६८ साउनसम्म दुई कार्यकाल नेपाल आयल निगमको प्रबन्ध निर्देशक रहेका झालाई त्यहाँबाट निस्कनासाथ पेट्रोलियम तथा एलपी ग्यास आयातकर्ताले विज्ञका रूपमा परामर्शदाता नियुक्त गरे । १८ मंसिर ०६९ मा नेपाल दूरसञ्चार प्राधिकरणमा अध्यक्ष नियुक्त नहुँदासम्म उनी पेट्रोलियम परामर्शदाता थिए ।

प्रशासनविद् भीमदेव भट्ट एउटै व्यक्ति जहाँ पनि योग्य देखिनुले धेरै प्रश्नहरू जन्माएको बताउँछन् । "विषयविज्ञ नै खोजिएको हो भने एउटै व्यक्ति जहाँसुकै योग्य ठहर नहुनु पर्ने हो," उनी भन्छन्, "प्रतिस्पर्धा भनिसकेपछि निष्पक्ष र खुला हुनुपर्छ । अन्यथा, यस्तो गलत पद्धतिले दक्ष नयाँ जनशक्तिलाई निराश पार्छ ।" स्वार्थ मिल्ने व्यक्ति खोज्दै नियुक्त गर्नुभन्दा संस्थान वा प्राधिकरणमा त्यहींकै अनुभवी उच्च कर्मचारीलाई पदोन्नति गर्ने पद्धति बसाउनु उपयुक्त हुने भट्टको धारणा छ । ने

'म जलेबीजस्तो फाइल घुमाउन्नँ'

सरकारविरुद्ध अदालत जानुभएको थियो । मुद्दा फिर्ता गरेर पुनःनियुक्ति पाउनुभयो । के यो 'म्याच फिक्सिङ' थियो ?

सरकारले दिगम्भर झालाई होइन, ०७४ भदौ १४ पछिका नियुक्ति एकमुष्ट बदर गर्दा म पनि परेँ । दूरसञ्चारमा काम सफल गर्नु छ भने सरकारको सहयोग र समर्थन हुनुपर्छ । त्यसैले सरकारको चाहना छैन भने म जबर्जस्ती बस्दिनँ भनेर मुद्दा फिर्ता लिएको थिएँ । पछि खुला प्रतिस्पर्धाबाट पुनः नियुक्त भएँ ।

मन्त्रीसँग कुरा मिलाएर मुद्दा फिर्ता लिनुभएको हो ?

होइन । मैले मन्त्री वा प्रधानमन्त्री कसैलाई भेटेको छैन । पदमुक्त हुनुअघि प्रधानमन्त्रीलाई भेटेको थिएँ । उहाँको डिजिटल नेपालको सपना मलाई मन परेको छ । मैले नक्सा लगेर कामहरू अवगत गराएँ । उहाँ मसँग प्रभावित हुनुभयो ।

६४ वर्षको उमेरमा दोहोरिई–दोहोरिई किन अध्यक्ष हुनुभएको ?

यो विज्ञको पद हो । खुबी देखाउने पद हो । त्यसैले काम देखाउन आएको छु । ऐनमा मेरो उमेरलाई बन्देज गरेको छैन । नियुक्ति हुँदाका बखत ६५ वर्ष नाघेको हुनुहुँदैन भनेको छ ।

तपाईं जहाँ पनि फिट देखिनुहुन्छ । त्यस्तो के क्षमता छ ?

म राजनीतिक मान्छे होइन । एउटा व्यावसायिक मान्छे हुँ, जो काममा विश्वास गर्छ । मेरो काम गर्ने आफ्नै शैली र निर्णय गर्ने क्षमता छ । म जलेबीजस्तो फाइल घुमाउन्नँ । सीधा निर्णय गर्छु । बितेको १० वर्षमा व्यवस्थापकीय क्षमता देखाउने नागरिकउड्डयन प्राधिकरणमा सुगतरत्न कंसाकार, म, सचिव अर्जुन कार्की र कुलमान घिसिङबाहेक को देखियो त ?

दूरसञ्चारमा तपाईंका कार्ययोजना के–के छन् ?

दुई वर्षभित्र नेपालका हरेक नागरिकलाई इन्टरनेटको पहुँच हुनेछ । फ्रिक्वेन्सी बढाबढ गरेर एउटा मल्टिनेसनल कम्पनी ल्याउँछु । पाँच वर्षभित्र नेपालको आफ्नै स्याटेलाइट स्थापना गराउँछौं । सूचनाको सुपर हाइवे बन्नेछ । त्यसो हुँदा प्रधानमन्त्रीको डिजिटल नेपालको सपना पूरा हुनेछ ।

गन्तव्य लैंगिक लोकतन्त्र

[(अ) सहमति]

भास्कर गौतम

लोकतन्त्र लैंगिक रूपमा सार्थक हुन नेपाली समाजले लामो यात्रा तय गर्नु छ । यस्तो यात्रा भर्खर प्रारम्भ मात्र हुँदैछ । ०६३ पछि भएका तीन निर्वाचनमा लैंगिक विभेद वा महिला सरोकारका विषयहरू धेरै किसिमले उठेका छन् । महिला प्रतिनिधिको संख्यासमेत बढेको छ। तथापि, सार्वजनिक जीवनमा महिलाको सहभागिता, आमाको नाममा नागरिकता र तेस्रो लिंगीको कानुनी मान्यता मात्रै जबर्दस्त रूपमा स्थापित सवाल देखिन्छन् । अन्य सवालहरू राजनीतिक मूलधारको चासो बनिसकेका छैनन् । घरभित्रको श्रममा वा सार्वजनिक कामको विभाजनमा चलिआएको लैंगिक भूमिका नेपाली समाजमा बलशाली छ । महिला प्रतिनिधिले धेरथोर राजनीतिक ठाउँ पाएका छन् । तथापि, पुरुषप्रधान सामाजिक संरचनाभित्र थपनाजस्ता देखिने प्रतिनिधिबाट अपवादबाहेक नारीहरू राजनीतिक खेलाडीमा रुपान्तरित भइहालेका छैनन् । यसका लागि नारीले सामाजिक र आर्थिक प्रतिष्ठा हासिल गर्दै राजनीतिक संघर्षलाई चौतर्फी बनाउन जरुरी छ। त्यस्तो कार्य गर्न ऐक्यबद्धता होइन, विभिन्न किसिमको सहकार्य जरुरी छ ।

चर्चा बलात्कार र यौनजन्य हिंसाकै गरौं । महिला र बालिकामाथि हुने यौनजन्य दुर्व्यवहार, बलात्कार, हिंसा र हत्यालाई लिएर अहिले मूलतः महिला अधिकारकर्मी र सञ्चार जगत् तातेको अवस्था छ। यसको केन्द्रमा कञ्चनपुरकी निर्मला पन्तको बलात्कारपछि हत्या गरिएको सन्दर्भ छ। यस्तो जघन्य अपराधको छानबिन गर्न प्रहरीले तदारुकता देखाएन । घटनाको अनुसन्धानमा ढिलासुस्ती गर्‍यो। दसी-प्रमाण मेटाउन चाह्यो । काम गर्न चुकेको मात्र होइन, बलात्कारीलाई ढाकछोप गर्न हत्यारालाई लुकाउन प्रहरी संलग्न भएको आशंका स्थानीयले गरे । त्यसैले घटनाको न्यायोचित छानबिन गर्न र तत्कालै दोषीलाई कारबाही गर्न कञ्चनपुरमा आम दबाब सिर्जना हुन थाल्यो। त्यस्तो दबाबलाई काठमाडौं र देशका अन्य भागका अधिकारकर्मीले साथ दिन थालेका छन् ।

झट्ट हेर्दा निर्मलाका लागि न्याय माग्न जनदबाब भइरहेको देखिन्छ। तर, 'निर्मला' अब बलात्कारपछि मारिएको बालिकाको नाममा मात्र सीमित रहेन। निर्मला प्रतीक बनेको छ । समाजमा विद्यमान लैंगिक विभेदको प्रतीक । असुरक्षित जीवन बाँच्न अभिशप्त बालिकाहरूको अनिश्चित भविष्यको प्रतीक। नेपाली नारीहरूले जुगौंदेखि भोगेको भेदभाव, उचनीच र हत्याहिंसाको प्रतीक । अन्यायविरुद्ध उठेको आक्रोश र समवेत आवाजको प्रतीक। राज्य संयन्त्रले कसरी शक्तिशाली र ठालूलाई सुरक्षा दिने गरेको छ भन्ने दृष्टान्तको प्रतीक ।

निर्मलाका लागि न्याय माग्न उठेका समवेत स्वरहरू केवल उनीमाथि भएको अत्याचारलाई न्याय दिलाउने अभियानमा सीमित छैनन् । सबै निर्मलाहरूको आक्रोश र चीत्कार यसमा समेटिँदै छ। त्यसैले चितवनमा मीना खरेलको संयोजकत्वमा बलात्कारविरुद्ध साझा अभियानको आह्वान गरिएको छ । सावित्री सुवेदीको नेतृत्वमा बलात्कारीलाई फाँसीसहितको कडा कानुनी व्यवस्थाको माग भइरहेछ। संघीय संसद्मा विन्दा पाण्डेले संकल्प प्रस्ताव पेस गरेकी छिन्। हाल उठिरहेका आवाज र संसद्मा प्रस्ताव गरिएका बुँदाका तीन महत्त्वपूर्ण पक्ष छन्- व्यापक जनचेतना अभियान, अपराधीलाई तत्काल दण्ड र कानुनी सुधार।

पहिलो, व्यापक जनचेतना । जनचेतनाका विविध आयाम देखिए । नेपाल प्रहरीमा महिला तथा बालबालिका सेलको नेतृत्व गरेकी प्रहरी उपरीक्षक मीरा चौधरीदेखि सडकमा आन्दोलित सबैलाई चेतनाको अभाव खट्किएको छ। प्रहरीभित्र यौनजन्य अपराधमा सही अनुसन्धान गर्ने चेतनाको अभाव छ । अर्थात्, सुरक्षा निकायले अपराधको विश्वसनीय अनुसन्धान गर्नुपर्छ भन्ने चेतना। सडकमा गरिने दबाबमूलक कार्यक्रम र प्रदर्शनले अपराधबारे बोल्न, सामूहिक रूपमा लड्न बल पुर्‍याउँछ भन्ने चेतना । महिला हिंसा र अन्य लैंगिक विभेदबारे विद्यालय तहका पाठ्यक्रममा परिवर्तन चाहिन्छ भन्ने चेतना । यस्तो चेतनामूलक हस्तक्षेपको गठजोडले समाजमा महिला र पुरुषबीचको असमान सम्बन्धलाई सुधार्न मद्दत गर्ने विश्वास सर्वत्र छ।

दोस्रो, अपधारीलाई सजाय। अपराधीलाई सजाय दिनुपर्छ भन्ने विषयमा सबैको एकमत देखिन्छ । तर, समय, सन्दर्भ र स्थान अनुसार कस्तो सजाय दिने ? विषय सजिलो छैन । मतभेद पनि छ। निर्मला पन्तकै घटनालाई लिऔं। सजाय दिन पहिला अभियुक्तलाई समात्न सक्नुपर्‍यो । दसीप्रमाण जुटाएर तथ्यगत छानबिन हुनुपर्‍यो । दोषी प्रमाणित हुनुपर्‍यो । अनि, विद्यमान कानुन अनुसार दोषी दण्डित हुनुपर्‍यो । तर, यस्तो प्रक्रिया सहज छैन । कञ्चनपुरमा प्रहरीले पीडितको याचना सुनेन। तत्कालै सहयोग गर्न आलटाल गर्‍यो। प्रहरीले प्रमाण नष्ट गर्न खोज्यो। नक्कली दोषी उभ्याएर छानबिन प्रक्रियालाई बंग्याउन चाह्यो । त्यतिन्जेलमा दोषी फरार हुने वा सुरक्षित स्थानमा पुग्ने नै भयो। कञ्चनपुरले देखायो, दोषीसँग कानुनी कवच वा राजनीतिक ढाल वा स्थानीय विष्टहरूको आडभरोसा छ भने घटनाको उचित छानबिन हुँदैन । यद्यपि, दोषी पत्ता लगाउने, पीडितले न्याय पाउने कार्य अपरिहार्य छ। त्यसका लागि सामूहिक दबाब र समवेत स्वरहरूले काम गर्न सक्छन्। यही भरोसासहित आम आक्रोशलाई रचनात्मक हस्तक्षेपमा बदल्ने प्रयास जारी छ।



व्यापक जनचेतना अभियान, अपराधीलाई तत्काल दण्ड र कानुनी सुधार जरूरी छ । तर, पर्याप्त होइन । केही समययता बलात्कार, यौनजन्य अपराध र महिला हिंसाविरूद्ध जे-जस्तो लहर चलेको छ, त्यसलाई अर्को उचाइमा लान निर्मलाका लागि न्यायको लडाइँलाई अवसरको रूपमा हेरिनुपर्छ ।

तेस्रो, कानुनी सुधार । संघर्षको अर्को महत्त्वपूर्ण पक्ष कानुनी सुधार हो । सार्वजनिक दबाबले तत्कालै अपराधीलाई सजाय दिन चाहन्छ । यदि कानुन कमजोर छ वा अपुग छ भने नयाँ कानुनी व्यवस्था ल्याउन चाहन्छ । त्यस्तो कानुन, जहाँ जघन्य अपराध गर्ने सामाजिक मनोवृत्तिको विकास नहोस् । अपराध भएको अवस्थामा पनि त्यसलाई नियन्त्रण गर्ने कानुनी अधिकार र प्रभावकारिता होस् । अपराधको रोकथाम, स्वतन्त्र छानबिन र कडा सजायसँगै नेपाल प्रहरीको सांगठनिक सुधारका कुरा उठिरहेका छन् । बलात्कारीलाई फाँसी दिनुपर्ने कानुनी मागसमेत भइरहेका छन् । अन्य नीतिगत हस्तक्षेपका लागि पाठ्यक्रममा यौन शिक्षा लागू गर्ने आवाज पनि उठेको छ ।

यी तीनै पक्षहरू- व्यापक जनचेतना अभियान, अपराधीलाई तत्काल दण्ड र कानुनी सुधार जरुरी छ । तर, पर्याप्त होइन । केही समययता बलात्कार, यौनजन्य अपराध र महिला हिंसाविरुद्ध जे-जस्तो लहर चलेको छ, त्यसलाई अर्को उचाइमा लान निर्मलाका लागि न्यायको लडाइँलाई अवसरको रूपमा हेरिनुपर्छ । अनि, मात्र अहिले उठिरहेको न्यायको मागले महिला आन्दोलनलाई सशक्त र व्यापक बनाउन सक्छ । शनैःशनैः लैंगिक लोकतन्त्रको भविष्यलाई सही आधार दिन सक्छ ।

वैश्विक परिवेशमा पछिल्ला समय भएका धेरै अनुसन्धानले भन्छन्- जनचेतना, दोषीलाई सजाय र कानुनी सुधारले महिला हिंसाविरुद्धको लडाइँलाई हुनुपर्ने जति प्रभावकारी बनाइरहेको छ । महिला अधिकारको संघर्षलाई प्रभावकारी बनाउन उच्च शिक्षामा महिला पहुँच तथा उनीहरूको सामाजिक र आर्थिक प्रतिष्ठालाई सुनिश्चित गर्ने विकल्पहरूको उचित खोजी हुनुपर्छ । अन्यथा, अन्य क्षेत्रका कुरा त पर छाडौं, राजनीतिमै सक्रिय नारीका निर्णयहरूमा समेत उनका पति वा छोराको प्रभाव बढी रहन्छ । एकाध महिला पुरुषवादी स्वार्थ र प्रभावबाट स्वतन्त्र नै रहे पनि उनीहरूको नेतृत्वलाई पुरुषले रुचाउने छैनन् । सके अस्वीकार गर्नेछन् ।

निर्मलाको हकमा दोषी पत्ता लगाउने र आवश्यक सजाय दिने मागलाई छोड्ने होइन । दोषीलाई सजायसँगै प्रहरी संगठनको सुधारको आधारभूत माग हुन जरुरी छ । बलात्कारको छानबिनलाई प्रभावकारी बनाउन समितिमा महिला अधिकृतको अनिवार्य उपस्थितिसँगै संगठन सुधारको मागलाई अघि बढाउन सकिन्छ । यसरी महिला अधिकृतको निर्णायक सहयोगलाई अनुसन्धानको अत्यावश्यक पक्ष बनाउन मिल्छ । यो निर्मला पन्तको बलात्कार र हत्याको छानबिनमा मात्र सीमित रहनुहुन्न । प्रत्येक बलात्कार र छानबिनमा यस्तो प्रावधान आवश्यक छ । बिस्तारै यस्तो मागलाई उच्च तहमा महिला प्रहरीको संख्या बढाउने लडाइँतर्फ मोड्न मिल्छ । उच्च शिक्षामा महिला भन्ने अवधारणा सुन्दा नौलो नलाग्न सक्छ । तर, शिक्षामा महिलाभन्दा यो धेरै भिन्न छ । सर्वविदितै छ, महिलाले उच्च शिक्षा हासिल गर्न उनीहरूको विद्यालय शिक्षा सुनिश्चित हुनुपर्छ । निर्मलालाई न्यायको आन्दोलन सेलाउन नपाउँदै कम्तीमा कक्षा १२ सम्मको शिक्षालाई राज्यको दायित्व बनाउने लडाइँतर्फ जनआक्रोशलाई मोड्न मिल्छ । त्यस्तो अवस्था सुनिश्चित गर्न कम्तीमा दस जोड दुईसम्म महिला शिक्षालाई निःशुल्क बनाउने अभियान थाल्न सकिन्छ । पीडित परिवारलाई क्षतिपूर्ति र आहतजनलाई राहत दिएर सरकार उम्किने जुन दण्डहीनताको सिलसिला छ, त्यसलाई तोड्न जरुरी छ । त्यसैले शिक्षामा लगानी बढाउँदै महिलाका सामूहिक हकलाई सुनिश्चित गर्ने उद्यममा राज्यलाई थप जिम्मेबार बनाउनुपर्छ । यस्तो अभियानले क्षतिपूर्तिको परिभाषा बदल्छ । महिला समावेशितालाई लिएर हुने संघर्षको स्वरूपमा नयाँ आकार दिन सक्छ ।

यति मात्र पर्याप्त हुँदैन, महिलाको सामाजिक र आर्थिक प्रतिष्ठा स्थापित गर्न शिक्षाकै क्षेत्रमा काम धेरै छन् । पाठ्यक्रममा परिवर्तन ल्याउने कुरा यौन शिक्षाको विषयवस्तुसँगै हराउनुहुँदैन । यसलाई प्रारब्ध ठान्नुपर्छ । महिलाका जीवन र भोगाइसँग गाँसिएका धेरै पाटो शैक्षिक विषयवस्तु बनिनुपर्छ । त्यसमा वादी समुदायले भोगेको यौनश्रम, कमलरीले भ्हेलेको हेलाँहोचो, बहुपति हुने हिमाली भेगका जीवनगाथा, सानैदेखि श्रममा जोतिनुपर्ने समुदायका महिला संघर्ष, छाउपडीसँग गाँसिएका सांस्कृतिक रुढीवाद, मुस्लिम महिलाका जीवनदृष्टि आदि । विषयवस्तुको सिलसिला लामो छ । मूलतः नेपाली नारी भनेको बहुलवादी समाजमा हुर्किएका हिन्दु नारी मात्र होइनन् भन्ने ज्ञान अनिवार्य छ । साथै, विभेदका भिन्न परिवेशबाट बाहिर निस्केर आफ्नो क्षेत्रका सफल नारीका भोगाइले दिने आँट, हौसला र ऊर्जाले नयाँ पुस्ताका नारीलाई थप साहसी र स्वतन्त्र बनाउन सघाउने हो । अनि, आर्थिक रूपमा स्वावलम्बन बन्ने आधार मिल्ने हो ।

यी सबै अभियानले राजनीतिमा सामाजिक र आर्थिक हिसाबले प्रतिष्ठित बन्न सक्ने महिलाका लागि मेलोमेसो बन्छ । यस्तो अवस्था ल्याउन अहिले राजनीतिमा सक्रिय, सक्षम र आत्मविश्वासी नेतृहरूले यो समयलाई सही तरिकाले उपयोग गर्न जरुरी छ । गाउँगाउँमा भेला डाक्ने । सहरबजारमा भेला भएर छलफल गर्ने । त्यस्तो छलफल, जसले पुरुषप्रधान स्वार्थ-सम्बन्ध भत्काउने उपायको खोजी गरोस् । तत्कालै विकल्प नदेखए कम्तीमा खुलेर बोल्ने आँट प्रदान गरोस् । महिला नेतृत्वलाई नयाँ शिराबाट हातेमालो गर्ने, नेतृत्व क्षमतालाई परिष्कृत गर्ने साथै महिला समावेशितालाई सार्थक बनाउने आधार दिइयोस् । यहींबाट वैकल्पिक राजनीतिक र आर्थिक अवसरहरू पहिल्याउने बाटोले समेत मेसो पाउनेछ । अन्यथा, नेपाली समाजमा लैंगिक लोकतन्त्रको गन्तव्यलाई विद्यमान शक्ति-सम्बन्धमा हावी पुरुषप्रधान स्वार्थहरूले प्रहरी प्रधान कार्यालयलाई गाँजेजस्तो सबै क्षेत्रलाई गाँज्नेछन् । ने

मुख्यमन्त्रीलाई बालुवाटार निषेध !

प्रधानमन्त्री-मुख्यमन्त्री द्वन्द्वले संघीयता कार्यान्वयनमा थप संकट

बाबुराम विश्वकर्मा

देशमा पहिलो पटकको प्रादेशिक सरकारको अभ्यास ६ महिना पुरा भएको छ । यस अवधिमा सात वटा प्रदेश सरकारले चालू आर्थिक वर्षको नीति तथा कार्यक्रम एवं बजेट पारित गरिसकेका छन् भने प्रदेशको न्यूनतम भौतिक पूर्वाधार र कर्मचारी प्रबन्ध गरिएको छ । तर, विकास निर्माण, सेवा प्रवाह र शान्ति-सुरक्षाजस्ता सरकारका प्राथमिक काममा भने सबै प्रदेश सरकार प्रभावकारी हुन सकेका छैनन् ।

कानुन अभाव, संघीय सरकारको उपेक्षा र उच्च तहका कर्मचारीको अटेरी प्रवृत्ति प्रदेश सरकारलाई निकम्मा बनाउन मुख्य जिम्मेवार देखिएका छन् । संविधानले प्रधानमन्त्री केपी ओलीलाई नै प्रदेशका झमेला सल्ट्याउने जिम्मेवारी दिएको छ । अन्तरप्रदेश समन्वय परिषद्को अध्यक्षको हैसियतमा ओली संविधानतः संघ र प्रदेश सरकारका सेतु मात्रै होइनन्, संघीयता कार्यान्वयनका मुख्य पात्र पनि हुन् । त्यसैले प्रदेश सरकारका समस्या समाधान गर्ने सूत्रधार पनि उनै हुन् । तर, प्रदेश सरकार गठन भएको ६ महिनामा ओलीले बोलाएको परिषद् बैठक उनकै कारण अनिश्चित भएको छ ।

मुख्यमन्त्रीहरूले आफूविरुद्ध मोर्चाबन्दी गरेको झोँकमा उनले अन्तिम घडीमा परिषद् बैठक रद्द गरे । बैठकका लागि काठमाडौं बोलाइएका मुख्यमन्त्रीहरू त्यत्तिकै प्रदेश मुकाम फर्काइए । गण्डकी प्रदेशका मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङले २१ भदौ ०७५ मा पोखरामा आयोजना गरेका थिए, सातै प्रदेशका मुख्यमन्त्रीहरूको सामूहिक बैठक । त्यसमा कर्णाली प्रदेशका मुख्यमन्त्री महेन्द्रबहादुर शाहीबाहेक सबै सहभागी थिए । प्रदेश सरकारका समस्याबारे विमर्श गर्न बोलाइएको त्यो बैठकले प्रधानमन्त्री ओलीलाई क्रुद्ध मात्र बनाएन, मुख्यमन्त्रीहरूका लागि प्रधानमन्त्री निवास बालुवाटारको ढोकै बन्द गरेको छ ।

प्रधानमन्त्री ओली र उनका सहयोगी-सल्लाहकारको यो नयाँ शैली होइन, आफ्नो आलोचना गर्ने वा आफूविरुद्ध लाग्नेलाई निषेध गर्ने पुरानै शैली हो । यो तरबार यसपालि ओलीका आफ्नै विश्वासपात्र मुख्यमन्त्रीहरूविरुद्ध समेत सोझिएको छ ।

मुख्यमन्त्रीहरूको पोखरा भेलालाई बालुवाटारले प्रधानमन्त्रीविरुद्धको जमघटको रूपमा लिएको छ । २४ भदौमा ओलीले बोलाएको अन्तरप्रदेश परिषद् बैठकमा साझा प्रस्ताव लैजान पोखरामा मुख्यमन्त्रीहरूले बैठक गरेका हुन् । त्यसै अनुसार उनीहरूले प्रदेश सरकार सञ्चालनका साझा कठिनाइ पहिल्याएर तिनको समाधानका लागि रणनीति तय गरेका छन् ।

मुख्यमन्त्रीहरूको साझा निचोडलाई आत्मसात् गरेर संघीय सरकार अगाडि बढ्ने हो भने संघ र प्रदेश सरकारकै प्रभावकारिता बढ्छ । तर, प्रधानमन्त्री ओली मुख्यमन्त्रीहरूले तय गरेको विषयवस्तुमा प्रवेश गर्न तयार

लालप्रसाद शर्मा

मुख्यमन्त्रीहरूको पोखरा जमघट

छैनन् । गण्डकी प्रदेशका मुख्यमन्त्री गुरुङ भन्छन्, "मुख्यमन्त्रीहरूको जमघटमा प्रदेशले सामना गरेका समस्याबारे छलफल भएको हो । त्यो संघीय सरकारविरुद्ध लक्षित थिएन । तर, बुझाइमा समस्या भएछ ।"

ओलीले संवैधानिक व्यवस्था अनुसार २४ भदौ ०७५ मा डाकेको अन्तरप्रदेश परिषद् बैठक 'आवश्यक तयारी नपुगेको' भन्दै रद्द गरे । स्रोतका अनुसार ओलीले त्यो बैठक आवश्यक तयारी नपुगेर होइन, मुख्यमन्त्रीको पोखरा जमघटको तत्काल प्रतिक्रिया स्वरूप रद्द गरेका हुन् । ओलीले आकस्मिक रूपमा बैठक रद्द गरेको घोषणा गर्दा ६ प्रदेशका मुख्यमन्त्रीहरू बैठकका लागि काठमाडौं आइसकेका थिए । गण्डकी प्रदेशका मुख्यमन्त्री गुरुङ भने बैठक नबस्ने सुइँको पाएर काठमाडौं आएनन् ।

सातमध्ये चार वटा प्रदेशका मुख्यमन्त्री ओलीका विश्वास पात्र हुन् । तर, पोखरा जमघटले उनका विश्वासपात्रलाई बालुवाटारबाट टाढा धकेलेको छ । ओलीका प्रेस सल्लाहकार कुन्दन अर्याल भन्छन्, "प्रदेशका मुख्यमन्त्रीहरूका कारण प्रधानमन्त्री रिसाउनुभएको हो । तर, उहाँहरूका लागि बालुवाटारको झ्यालढोकै बन्द भएको भने होइन ।"

स्रोतका अनुसार बैठकका लागि काठमाडौं आएका मुख्यमन्त्रीहरूले प्रधानमन्त्री ओलीलाई भेटेर आफूहरू संघीय सरकार र प्रधानमन्त्रीविरुद्ध खडा नभएको स्पष्ट पार्न चाहेका थिए । प्रदेश १ का मुख्यमन्त्री शेरधन राईले २५ भदौमा ओली भेट्ने प्रयास गरे । तर, उनले भेट पाएनन् । राईलाई 'प्रधानमन्त्रीलाई सञ्चो नभएको' भन्दै भेट दिइएन ।

राई प्रधानमन्त्री ओली र राष्ट्रपति विद्यादेवी भण्डारीका समेत विश्वासपात्र हुन् । उनी ओली नेतृत्वको यसअघिको सरकारमा सञ्चारमन्त्री थिए । ओली र भण्डारीकै योजनामा उनलाई प्रदेश १ को मुख्यमन्त्री बनाइएको हो । मुख्यमन्त्री राई भन्छन्, "प्रधानमन्त्रीलाई भेटेर संघीयता कार्यान्वयनमा देखापरेका समस्या सुनाउने योजना थियो तर भेट पाइएन ।"

बालुवाटार-सिंहदबार सूत्रका अनुसार पोखरा बैठकपछि कुनै पनि मुख्यमन्त्रीले ओलीलाई भेट्न पाएका छैनन् । पोखराबाट सीधै काठमाडौं आएका प्रदेश २ का मुख्यमन्त्री लालबाबु राउत, प्रदेश ३ का डोरमणि पौडेल, प्रदेश ७ का त्रिलोचन भट्ट र कर्णाली प्रदेशका मुख्यमन्त्री महेन्द्रबहादुर शाहीले प्रधानमन्त्री ओलीसँग सामूहिक र एक्लाएक्लै भेट्ने प्रयास गरे । तर, भेट नपाएपछि सबै आ-आफ्ना मुकाम फर्किसकेका छन् ।

प्रधानमन्त्री ओलीले एकाएक स्थगित गरेको अन्तरप्रदेश समन्वय परिषद् बैठक र मुख्यमन्त्रीप्रतिको आक्रोशले संघीयताप्रति उनको अनुदार रबैया र उपेक्षा फेरि प्रकट भएको छ । ओली सुरुदेखि नै संघीयताप्रति अनुदार थिए । ३ फागुन ०७४ मा दोस्रो पटक प्रधानमन्त्री भएपछि आफूमा केन्द्रित गरेको असीमित शक्ति र अधिकारले नै ओली संघीयभन्दा बढी केन्द्रीकृत शासन व्यवस्था चाहन्छन् भन्ने स्पष्ट हुन्छ । त्यसैको प्रतिफल हो, अहिले प्रदेशहरूलाई पंगु बनाउने खेल । ने

बर्दीको बदनामी

पूर्वप्रधानसेनापति राजेन्द्र क्षत्रीको कार्यकालमा नेपाली सेनाको दोहन



आवरणसहित तस्बिरहरू : नेपाली सेना

सैनिक मञ्च टुँडिखेलमा इज्जत अर्पण कवाज निरीक्षण गर्दै महारथी राजेन्द्र क्षत्री, २२ भदौ

माधव बस्नेत

नि वर्तमान प्रधानसेनापति राजेन्द्र क्षत्रीलाई २२ भदौमा सैनिक मञ्च टुँडिखेलमा उच्च इज्जत सलामी अर्पण गरियो । बालाजुस्थित १ नम्बर बाहिनीपति सहायक रथी ताराध्वज पाण्डेको नेतृत्वमा सलामी दिइयो । नेपाल सरकारले २६ माघ ०७४ मा राजपत्रमा प्रकाशित गरेको सूची अनुसार नेपाली सेनाको प्रधानसेनापतिको मर्यादाक्रम नवौं नम्बरमा छ । तर, २२ भदौमा बाहिनीपतिको नेतृत्वमा क्षत्रीलाई जुन सलामी दिइयो, त्यो राष्ट्राध्यक्षलाई गरिने सलामी थियो । सैनिक मञ्च राष्ट्राध्यक्षहरूलाई सलामी दिइने स्थल हो । यसअघि यस्तो सलामी ०५३ मा एकपटक राजा वीरेन्द्रलाई दिइएको थियो, राज्यारोहणको रजत जयन्ती (२५ वर्ष) अवसरमा ।

क्षत्रीलाई सलामी दिइसकेपछि बग्गीमा चढाएर कवाज निरीक्षणसम्मको सम्मान अर्पण गरियो । राजा वीरेन्द्रपछि यस्तो सलामीसहित कवाज निरीक्षण गर्ने क्षत्री दोस्रो व्यक्ति हुन् । जंगी अड्डामा कार्यरत एक उपरथीका शब्दमा, क्षत्रीले आफ्नो बिदाइ सलामीका लागि आफैंले निर्णय गरी २५ साउनबाट उपत्यकाभरका सेना जम्मा पारेर परेड खेलाउन थालेका थिए । यसअघिका सेनापतिहरूलाई सैन्य मुख्यालयभित्रकै प्रांगणमा कार्यक्रम गरी बिदाइ गरिन्थ्यो । क्षत्रीले सैनिक मञ्चमा लिएको सलामीसँग असन्तुष्ट पूर्वप्रधानसेनापति गौरवशमशेर राणा त उपस्थित नै भएनन् । "जनताको तिरोबाट पालिएको सेनालाई प्रधानसेनापतिको बिदाइजस्तो अनावश्यक कार्यका लागि एक महिनादेखि अभ्यास गराइयो," ती उपरथी भन्छन्, "व्यावसायिक सेनालाई त्यस कार्यमा नलगाई व्यक्तिको बिदाइका निम्ति परेड खेलाउनु सर्वसाधारणको तिरोको दुरुपयोग हो ।"

क्षत्रीले जाँदाजाँदै सलामी अर्पणका नाममा सर्वसाधारणको करको दुरुपयोग त गरे नै, यसभन्दा महत्त्वपूर्ण उनले आफ्नो कार्यकालमा भारतले लगाएको नाकाबन्दी खोल्न प्रयास गरेको, नेपाल-चीन संयुक्त सैन्य अभ्यास सुरु गराएको भन्दै प्रशंसा गर्ने जर्नेलहरूसमेत भ्रष्टाचारमा भने कीर्तिमानै खडा गरेको फेहरिस्त उतार्छन् । "प्रधानसेनापति क्षत्रीले आफ्नो कार्यकालमा जति बजेट चलाए, उनको कार्यशैली र नियत हेर्दा मामुली पनि सात/आठ अर्ब भ्रष्टाचार भएको छ," क्षत्रीकै कार्यकालमा अवकाश पाएका उपरथी विनोज बस्न्यातको कथन छ, "क्षत्रीमा यस्तो आँट कसरी आयो ? अचम्म लाग्छ ।"

स्रोतका अनुसार राष्ट्रपति, प्रधानमन्त्री, रक्षामन्त्री र रक्षासचिव चार जनालाई रिझाएर सेनापति क्षत्रीले सेनाभित्र यति ठूलो आर्थिक हिनामिना गरेका छन्, नेपाली सेनाको इतिहासमा यसअघि यति ठूलो अनियमितता कहिल्यै भएको थिएन । अवस्था कस्तो छ भने यी चार पात्र रिझाएपछि सेना कोहीसँग पनि जवाफदेही हुनुपर्दैन । कानुन अनुसार अख्तियार दुरुपयोग अनुसन्धान आयोगले समेत सेनाभित्रको भ्रष्टाचार हेर्न सक्दैन ।

उच्च सैन्य स्रोतका अनुसार आफूले गरेको अनियमितता राष्ट्रपति, प्रधानमन्त्री, रक्षामन्त्री, सचिवलगायतबाट दबाउन क्षत्रीले उनीहरूसँग सुमधुर सम्बन्ध त राखे नै, रिझाउनसम्म रिझाए । त्यससँगै आफूले गरेको हिनामिनाका 'रिपोर्ट' उनीहरूसमक्ष पुग्न नदिने उद्देश्यले 'चेन अफ कमान्ड' का नाममा उच्च सैनिक अधिकारीहरूको भेटघाटको बाटो बन्द गरिदिए ।

त्यसका लागि उनले राष्ट्रपतिको सुरक्षा प्रमुखमा सहायक रथी कुवेर थापालाई खटाए । थापाले क्षेत्रीको अनुमति नलिई अन्य सैन्य अधिकारीहरूको भेटमा प्रतिबन्ध लगाए । प्रधानमन्त्रीको सुरक्षामा खटिने प्रमुख सेनानीलाई पनि त्यसैगरी प्रयोग गरे । रक्षा मन्त्रालय मातहत राष्ट्रिय सुरक्षा परिषद् छ, जहाँ उपरथीको नेतृत्वमा सेना खटिन्छ । राष्ट्रिय सुरक्षा परिषद्मा रहने उपरथीसमेत क्षत्रीले आफू अनुकूल पठाए । ती उपरथीले रक्षामन्त्री, सचिवसँग क्षत्री अनुकूलबाहेकका कुनै पनि सैन्य अधिकारीहरूलाई भेट्न दिएनन् । "त्यसले गर्दा क्षत्रीको अनियमितता पर्दाफास हुन पाएन र जंगी अड्डाभित्र अनियमितता बढ्दै गयो । सेनाभित्र भ्रष्टाचार संस्थागत भयो," सैन्य मुख्यालय भद्रकालीमा कार्यरत अर्का एक उपरथी भन्छन्, "अनियमितताबाट आर्जित त्यही रकमको बलमा नेताहरूलाई खुसी बनाई क्षत्री आगामी दिनमा राजदूत हुने दौडमा छन् ।"

जंगी अड्डाको भीमकाय बजेट

०५८ मा तत्कालीन नेकपा (माओवादी) ले सेनामाथि निसाना केन्द्रित गरेयता सेनाका लागि छुट्याइने वार्षिक बजेट सबैभन्दा बढी छ । र, त्यो प्रत्येक वर्ष बढेको बढ्यै छ । क्षत्रीको तीनवर्षे कार्यकालमा आर्थिक वर्ष ०७२/०७३ मा ३२ अर्ब ६५ करोड ६३ लाख २९ हजार, ०७३/०७४ मा ३५ अर्ब ८८ करोड १७ लाख ८४ हजार र ०७४/०७५ मा ४४ अर्ब ८६ करोड ९९ लाख ३९ हजार बजेट विनियोजन भएको थियो । यो बजेट सिपाहीदेखि प्रमुखसम्मको मासिक तलब, भत्ता, रासन, चुस्ता, बुटलगायतमा खर्चिन्छ । क्षत्रीलाई नेपाली सेनाको इतिहासमै सबैभन्दा बढी बजेट चलाउने 'सौभाग्य' पनि प्राप्त भयो ।

भूकम्पले क्षति पुऱ्याएका भवन पुनर्निर्माण, फास्टट्र्याक र तीन तहको निर्वाचनको बाहिरी सुरक्षा, सैन्य सामग्री (हेलिकोप्टर, हतियार, गोलीगट्ठा) खरिदलगायतका लागि क्षत्रीले अतिरिक्त बजेट पाए । भवन निर्माणका निम्ति पुनर्निर्माण प्राधिकरण, फास्टट्र्याक, सडक निर्माणका लागि भौतिक पूर्वाधार तथा यातायात, निर्वाचन सुरक्षाका लागि रक्षा, वन्यजन्तु आरक्षका लागि वन तथा वातावरण, राष्ट्रिय सेवा दलका लागि शिक्षा मन्त्रालयले छुट्टाछुट्टै बजेट विनियोजन गरेका थिए ।

ती उपरथीका अनुसार एकद्वार प्रणालीका नाममा त्यो सम्पूर्ण बजेट क्षत्रीले आफ्नै हातले चलाए । आर्थिक प्रशासन विभाग, प्रबन्ध रथी विभाग, युद्धकार्य निर्देशनालय, राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु निर्देशनालयलगायत देखावटी मात्र भए । "हामीले जान्दा ठेक्काबापत एक प्रतिशत कमिसन वैधानिक भनेर खाइन्थ्यो," ती उपरथीको कथन छ, "अहिले १० प्रतिशत कमिसन सरकारी रेटजस्तै भइसक्यो । क्षत्रीले आफूले चलाएको बजेटको न्यूनतम १० प्रतिशत कमिसन खाएका छन् । यति मात्र खाँदा पनि कति अनियमितता भयो होला ! सहजै अनुमान गर्न सकिन्छ ।"

नेपाली सेनाभित्र केही कमाउ विभागहरू छन् । त्यसमध्ये एक हो- आर्थिक प्रशासन विभाग । सेनालाई गएको सम्पूर्ण बजेट यहींबाट परिचालित हुन्छ । क्षत्रीले बजेट महाशाखाको निर्देशक उपरथी भुवन अधिकारीलाई बनाए । अधिकारी 'डमी' मात्र थिए । बजेट परिचालन गर्ने अधिकार क्षत्रीकै हातमा थियो । दोस्रो हो- सम्भार रथी विभाग हो । यो विभागले नेपाली सेनालाई आवश्यक पर्ने हवाई साधन, हातहतियारलगायतका महँगा साधन खरिद गर्छ । साथै, चुस्ता, बुट, झोला, कम्बललगायत ठेक्काको जिम्मेवारी पनि यही विभागमा पर्छ । तेस्रो हो- प्रबन्ध रथी विभाग । यस विभागले दैनिक रसद पानी चामल, दाल, माछा, मासु, मट्टीतेल, बिस्कुटलगायत ठेक्का लगाउँछ । चौथो हो- इन्जिनियरिङ विभाग । अहिले सेनाले जिम्मा लिएको फास्टट्र्याक यही विभागले हेर्छ । हेडक्वार्टर, शशी भवन, लक्ष्मी भवन, सिंहदरबारलगायतको पुनर्निर्माण पनि यही

विभागले हेरिरहेको छ ।

पाँचौं हो- विकास निर्माण निर्देशनालय । यतिबेला सेनाले जाजरकोट-डोल्पा दुनै ११३.६२ किमि, उत्तर दक्षिण लोकमार्ग कर्णाली करिडोर ८६.६२ किमि, कालीगण्डकी करिडोर ७६ किमि र बेनिघाट-आरुघाट-लार्केभन्ज्याङ १६ किलोमिटर सडक निर्माण गरिरहेको छ । जाजरकोट-डोल्पा-दुनैका लागि गत एक आवमा मात्र २५ करोड, मैलुङ-स्याफ्रुबेसी-रसुवागढी २० करोड, उत्तर दक्षिण लोकमार्ग ५९ करोड ७१ लाख ५० हजार र बेनीघाट-लार्केभन्ज्याङ २० करोड रुपैयाँ निकासा भएको थियो ।

छैटौं हो- राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु निर्देशनालय । राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु आरक्षको जिम्मेवारी सेनाले लिएको छ । यसका लागि गत एक आवमा मात्र ३ अर्ब ५३ करोड ९० लाख २७ हजार रकम विनियोजन भएको थियो । अघिल्ला दुई आवमा पनि यही हाराहारी रकम निकासा भएको थियो । यस निर्देशनालयलाई त क्षत्रीले कार्यकालभर आफैं चलाए ।

सातौं हो- शान्ति सेना सञ्चालन निर्देशनालय । विभिन्न मुलुकमा शान्ति स्थापनामा जाँदा आवश्यक पर्ने बख्तरबन्द गाडीलगायत सानाठूला सबै सामग्री यस विभागले खरिद गर्छ । यहाँ पनि कम गुणस्तरका सामान खरिद गरी पठाएर महँगो बिल भौचर तयार पारिएको जानकारको दाबी छ ।

आठौं हो- सैनिक कल्याणकारी कोष । यो कोष सेनाका उपल्लो तहका हाकिमहरूका लागि खुदो मानिन्छ । कल्याणकारी कोष ०३२ मा शान्ति सेनामा गएकाहरूबाट १ करोड २४ लाख १ हजार रुपैयाँबाट सुरु गरिएको थियो । अहिले कोषमा चलअचल गरी ४१ अर्ब २९ करोड ८२ लाख ४६ हजार रुपैयाँको सम्पत्ति छ । त्यसमध्ये सेनाले नाफा तथा सेवामूलक दुई दर्जनभन्दा बढी उद्योगमा ५ अर्ब ५२ करोड ५७ लाख ८७ हजार रुपैयाँ लगानी गरेको छ । थप २ अर्बभन्दा बढी रकम थुप्रै व्यावसायिक क्षेत्रमा लगानी गर्ने तयारीमा छ । बाँकी रकम मौज्दात छ । सेनाले विद्यालय, अस्पताल र व्यापारिक कम्प्लेक्स यही रकमबाट निर्माण गरिरहेको छ, जसको निर्माण ठेक्काबाट ठूलो आर्थिक लाभ हुन्छ । जग्गा प्लटिङजस्ता काममा समेत सेनाले यही रकम लगानी गरेको छ ।

विद्यालय तहका कलिला नानीबाबुलाई नैतिक शिक्षा दिने उद्देश्यले सेनाले राष्ट्रिय सेवा दल स्थापना गरेको छ । यसको प्रमुख सल्लाहकार क्षत्रीकै दाजु रमीन्द्र छन् । राष्ट्रिय सेवा दलले आफ्नो उद्देश्यविपरीत ठूलठूला भवन निर्माण गरिरहेको छ । ठेक्काबाट ठूलो नाफा हुने भएकाले भवन निर्माण गरिएको जानकारहरू बताउँछन् ।

रक्षा मन्त्रालयका प्रवक्ता ऋषि राजभण्डारीका अनुसार मन्त्रालयमा औपचारिक रूपमा सेनाभित्रको भ्रष्टाचारको उजुरी परेको छैन । तर, ठूलै अनियमितता गाइँगुइँ सुनिन्छ । "सेनाभित्र भ्रष्टाचार गम्भीर समस्या भएको छ," राजभण्डारी भन्छन्, "हुँदाहुँदा सेना कसैको मातहत होइन भन्नेसम्म आइसक्यो ।" भ्रष्टाचारको ठहरसहित उजुरी आए पनि कसैलाई पक्राउ गरी कारबाही नगरिएकाले त्यस्ता उजुरी पर्न छाडेको उनको बुझाइ छ ।

पुनर्निर्माण, फास्टट्र्याक, निर्वाचन खर्च

०७२ को भूकम्पले सैनिक मुख्यालय भद्रकाली, छाउनी, भक्सिखेलस्थित प्रधानसेनापतिको निवास शशी भवन, महाराजगन्जस्थित भैरवनाथ गण (लक्ष्मी निवास), सिंहदरबारस्थित गणलगायत भत्काएको थियो । मुख्यगरी क्षत्रीकै कार्यकालमा भवनहरूको पुनर्निर्माण भएको छ भने केहीको हुँदैछ । सरकारले भूकम्पले क्षति पुऱ्याएका भवन निर्माणका लागि आव ०७२/०७३ मा ६२ करोड, ०७३/०७४ मा २ अर्ब २० करोड र ०७४/०७५ मा १ अर्ब २० करोड रुपैयाँ विनियोजन गरेको छ । त्यसमध्ये जंगी अड्डा भवन भद्रकालीको निर्माणका लागि मात्र ०७२/०७३ मा २८ करोड, ०७४/०७५ मा १ अर्ब २० करोड र ०७४/०७५ मा ९० करोड निकासा भएको थियो । चालू वर्ष ०७५/०७६ का लागि ५० करोड रुपैयाँ विनियोजन भएको छ । अर्थात्, जंगी अड्डा भवन निर्माणका लागि मात्र क्षत्रीको कार्यकालमा २ अर्ब ८८ करोड रुपैयाँ निकासा भएको छ । यसबाहेक क्षत्रीले भेरिएसनबापत २१ प्रतिशत रकम थप गराएका थिए, जुन रकम मात्र ७३ करोड हुन्छ ।

जंगी अड्डा भवनको क्षेत्रफल ३ लाख ३० हजार वर्गफिट छ । स्रोतका अनुसार जंगी अड्डा निर्माण ठेक्का प्रतिवर्गफिट १२ हजार रुपैयाँका दरले लगाइएको थियो । जबकि, चल्ती भाउ एकदमै धेरैमा प्रतिवर्गफिट ४ हजार रुपैयाँभन्दा बढी पर्दै पर्दैन । कतिसम्म भने, आफैं खट्ने व्यक्तिले प्रतिवर्गफिट १५ देखि १८ सय रुपैयाँमा घर तयार गरेका हुन्छन् । भवन निर्माण गर्दा कति तलाको बनाउने, रड, सिमेन्ट, बालुवा, किलाकाँटालगायत कुन गुणस्तरको लगाउने ? त्यसमा लागत भर पर्छ । तर, पक्का के हो भने ५/६ तलाको भवन बनाउन कुनै पनि हालतमा प्रतिवर्गफिट १२ हजार रुपैयाँ पर्दैन ।

सक्कली ठेक्का बढीमा चार हजार वर्गफिटभन्दा नभएको एक महासेनानी बताउँछन् । प्रतिवर्गफिट आठ हजारचाहिँ क्षत्रीको गोजीमा पसेको उनको दाबी छ । जंगी अड्डा निर्माणमा मात्र २ अर्ब ६४ करोड रुपैयाँ अनियमितता भएको उच्च सैन्य स्रोत बताउँछ । प्रधानसेनापति निवास शशी भवनको ठेक्का जंगी अड्डाभन्दा अझ बढीमा लगाइएको थियो ।

०७३ को अन्त्यदेखि सरकारले फास्टट्र्याक निर्माणको जिम्मेवारी सेनालाई सुम्पिएको थियो । फास्टट्र्याक निर्माणमा झन्डै १० खर्ब रुपैयाँ लाग्ने अनुमान छ । त्यसका लागि करिब १३ अर्बभन्दा बढी खर्च भइसकेको छ । यो खर्च सेनाले नै गरेको हो । स्थानीय तह, प्रदेश र संघीय संसद्को निर्वाचनमा नेपाली सेनाले तेस्रो घेरामा सुरक्षा दियो । स्थानीय निकायको तीन र प्रदेश तथा

भद्रकालीस्थित
निर्माणाधीन जंगी अड्डा

संघीय संसद्‌को दुई गरी पाँच चरणमा भएको तीन तहको निर्वाचनका लागि रक्षा मन्त्रालयले सेनालाई करिब १ अर्ब ६३ करोड बजेट दिएको थियो। त्यो रकम क्षत्रीकै हातबाट खर्च भयो।

काण्डैकाण्ड

ट्र्याकसुट काण्ड : नेपाली सेनाको पृतना, बाहिनी, गण, गुल्म, तालिम केन्द्रलगायत जे-जति छन्, तिनीहरूलाई दिइएको रासन सबै खर्च हुँदैन। सञ्चित रासनबाट प्राप्त रकमबाट प्रत्येक गण, गुल्मले आफ्नो 'प्राइभेट फन्ड' बनाएका हुन्छन्। यो फन्डबाट प्रत्येक गण, गुल्मको दैनिक भैपरी खर्च चलाइन्छ। चाडपर्व, वार्षिकोत्सव मनाइन्छ। विगतमा पृतना, बाहिनी, गण, गुल्मको बोर्डले निर्णय गरी सकल दर्जाका लागि आफू अनुकूल कपडा लगाउँथे, जसमा आ-आफ्नो गण, गुल्म, बाहिनी, पृतनाको नाम लेखिएको हुन्थ्यो। तर, प्रधानसेनापति भएपछि क्षत्रीले हेडक्वार्टरले नै ट्र्याकसुट बनाउने र त्यो अनिवार्य किन्नुपर्ने बाध्यकारी नीति बनाए। ती ट्र्याकसुटको मूल्य २ हजार १ सय ९० तोकियो। जबकि, त्यही गुणस्तरको ट्र्याकसुटलाई बजारमा १ हजार ४ सय रुपैयाँभन्दा बढी पर्दैन। क्षत्रीले नीतिगत रूपमै गरेको भ्रष्टाचार हो यो। ९६ हजार सेनाको ट्र्याकसुटबाट मात्र क्षत्रीले वार्षिक ६ करोड ७२ लाख रुपैयाँ अनियमितता गरे।

स्रोतका अनुसार क्षत्रीले गोरखाका व्यापारी सन्दीप मास्केलाई ९० हजार थान ट्र्याकसुट तयार पार्न लगाएका थिए। पछि छोरा अभिषेकको दबाबमा ५० हजार थान मात्र लिइयो र बाँकी अर्कै व्यापारीलाई बनाउन लगाइयो। पीडित मास्केले ५० हजार थानको भुक्तानी लिन पनि निकै दुःख पाए। अहिलेसम्म सम्पूर्ण भुक्तानी पाइसकेका छैनन्।

यसबाहेक गेम ड्रेस (गन्जी, कट्टु) पनि माथिबाटै उपलब्ध गराइयो, जसको मूल्य ६ सय ५० तोकिएको थियो। एक जोर गेम ड्रेसबाट न्यूनतम २ सय मुनाफा निकालिएको स्रोतको भनाइ छ। यसबापत क्षत्रीले वार्षिक १ करोड ९० लाख रुपैयाँ लिए। तर, उनले नीतिगत निर्णय गरेरै अनियमितता गरेको सैन्य अधिकारीहरू बताउँछन्। यति मात्र होइन, सेनालाई आवश्यक चुस्ता, बुटलगायत ड्रेससमेत जति दिनुपर्ने थियो, त्यो मात्रामा दिइएन। हेडक्वार्टरमा कार्यरत उच्च अधिकृतहरूको भनाइ छ, "सेनालाई तीन वर्ष लत्ताकपडाबिनै राखियो। अहिले पनि केन्द्रीय स्टोर खाली छ।"

तोपखाना काण्ड : टुँडिखेलमुनि दशरथ रंगशालाछेउ नेपाली सेनाको तोपखाना छ, जहाँ सेनाका गोलीगट्ठालगायत जगेडा हतियार भण्डारण गरिन्छ। भूकम्पले तोपखाना भवनलाई ठूलै क्षति पुऱ्यायो। सरकारले उक्त भवन पुनर्निर्माणका लागि ३ करोड रुपैयाँ विनियोजन गऱ्यो। तोपखानाको डिपोपति थिए, प्रमुख सेनानी रुपेन्द्र बुढाथोकी। भवन पुनर्निर्माण गर्दा उनले अनियमितता गरेको भनी क्षत्रीले कारबाही प्रक्रिया अगाडि बढाए। जंगी अड्डामै कार्यरत एक महासेनानीको भनाइमा, कोर्ट अफ इन्क्वायरीको तयारीपछि बुढाथोकीले प्रधानसेनापति क्षत्रीलाई ५७ लाख रुपैयाँ बुझाए। त्यो रकम गोजीमा हालेपछि क्षत्रीले बुढाथोकीमाथिको कारबाही रद्द गरी क्षमादान गरे।

भर्ना छनोट काण्ड : ०६२/०६३ पछिको 'आधुनिक' सेनामा यिनकै पालामा सबभन्दा ठूलो भर्ना 'स्क्यान्डल' मच्चियो। भर्ना भइसकेका १६ जनालाई ब्यारेकबाट निकाला गर्नुपऱ्यो, जसमा गर्भवती, आँखा नदेख्ने, कान नसुन्नेसमेत सेनामा भर्ना भएका भेटिए। त्यो घटना तुहाउन साउन अन्तिम साता एअर डिफेन्सका सहायक रथी अजित थापालाई प्रमाण लुकाउने सर्तमा पोखराबाट ल्याई काजमा भर्ना छनोट निर्देशकमा खटाइयो।

स्रोतका अनुसार क्षत्रीले जाँदाजाँदै भर्ना छनोट र लेनदेनको कुरा बाहिर नआओस् भनेर निर्देशन नै दिए। तर, सैनिक प्रहरीको हिरासतभित्र 'कोटमार्सल' मा रहेका तीन जना मेजरले एकै स्वरमा भर्ना छनोट गर्दा ३ देखि ६ लाख रुपैयाँसम्म उठाएर रीता म्याडम (प्रधानसेनापति क्षत्रीकी श्रीमती) लाई बुझाएको तर त्यसको प्रमाण नभएको बयान दिएको एक सहायक रथी बताउँछन्। गत वर्षको स्टाफ कलेजमा पनि त्यस्तै अनियमितताले ठूलै चर्चा पायो। स्टाफ कलेजमा अनुत्तीर्ण १० जनासँग जनही १० लाख रुपैयाँ लिएर सहायक रथी निरन्जन श्रेष्ठले क्षत्री पत्नी रीतालाई बुझाएको चर्चा सैन्य मुख्यालयमा व्याप्त छ। त्यसको पुरस्कार स्वरूप श्रेष्ठलाई वार कलेज गर्न क्षत्रीले बेलायत पठाए। उनी केही समयअघि मात्र स्वदेश फिरेका छन्। पत्नीकै आग्रहमा श्रेष्ठलाई क्षत्रीले राष्ट्रिय निकुन्जको निर्देशक नियुक्त गरेका छन्। क्षत्रीको कार्यकालमा घटेका यस्ता काण्डका फेहरिस्त थुप्रै छन्।

ती सैनिक र सुवेदार गरी दुइटा खोजमूलक

> "सेनाभित्र भ्रष्टाचार गम्भीर समस्या भएको छ। हुँदाहुँदा सेना कसैको मातहत होइन भन्नेसम्म आइसक्यो।
>
> **– ऋषि राजभण्डारी**
> **प्रवक्ता, रक्षा मन्त्रालय**

पुस्तकका लेखक तथा नेपाली सेनामाथि अनुसन्धान गरिरहेका पूर्वसुवेदार मोहन थापाका अनुसार सेनापति भएपछि क्षत्रीले १३ अर्ब हाराहारी अनियमितता गरेको लेखाजोखा सैन्य मुख्यालयभित्र छ। "नेपाली सेना निकै दरिलो संस्था थियो। क्षत्रीको कार्यकालमा भ्रष्टाचार उत्कर्षमा पुग्दा संस्था नै धराशयी हुँदैछ," थापा भन्छन्, "एउटा व्यक्तिका लागि संस्था धराशयी हुनु दुःखदायी हो।"

गत वैशाखमा मात्र अवकाशप्राप्त सहायक रथी बाबुकृष्ण कार्कीका अनुसार निवर्तमान प्रधानसेनापतिले आफ्नो कार्यकालमा केही राम्रा काम गरे पनि भ्रष्टाचार आरोपमा स्वच्छ छविसहित बाहिरिन सकेनन्। तथापि, पूर्वसहायक रथी कार्की क्षत्रीको कार्यकालको अनियमितताबारे बोल्न चाहँदैनन्। यति मात्र भन्छन्, "उहाँलाई अनियमितताको आक्षेप नराम्रै गरी लाग्यो, जुन दुःखको कुरा हो।"

रोचक के भने क्षत्रीका छोरा अभिषेकविरुद्ध सम्पत्ति शुद्धीकरण विभागमा उजुरी परेको थियो। तर, भदौ पहिलो साताबाट फाइलै गायब पारिएको छ। आफूमाथि लागेको अनियमितताबारे क्षत्रीले १७ साउनमा *नेपाल*सँगको कुराकानीमा भनेका छन्, "मलाई मेरा शत्रुहरूले लगाएको आरोप हो यो।" जानकारहरूका अनुसार उनले निकटस्थसँग पनि यस्तै अभिव्यक्ति दोहोऱ्याउने गरेका छन्, 'मलाई थाहा छ, मुद्दासुद्दा लगाउलान्। सक्छन् भने प्रमाण जुटाऊन्!' ने

रवि मानन्धर

अर्बपति महारथी

निवर्तमान प्रधानसेनापति राजेन्द्र क्षत्रीसँग स्रोत नखुलेको शंकास्पद सम्पत्ति

मनबहादुर बस्नेत

संजोगशमशेर राणाले ललितपुर, धोबीघाटको घरसहितको जग्गा २० करोड रुपैयाँमा बेचे, ०७४ मंसिरमा । तर, २० करोड रुपैयाँको कारोबार बैंकिङ प्रणाली छलेर नगदमै गरियो । घरजग्गा खरिदकर्ता थिए, २३ भदौ ०७५ मा अवकाश पाएका प्रधानसेनापति राजेन्द्र क्षत्री । क्षत्रीका मध्यस्थकर्ता २० करोड बोकेर संजोगकहाँ पुगेका थिए ।

घरसहितको जग्गा बिक्रेता संजोग पूर्वप्रधानसेनापति गडुलशमशेर जबराका छोरा हुन् । गडुलशमशेरचाहिँ अनियमितताको आरोप लागेर राजदरबारको दबाबमा ०५१ मा प्रधानसेनापतिबाट राजीनामा दिएका महारथी हुन् । तर, तिनकै पारिवारिक सम्पत्ति खरिद गर्न पुगे, अर्का अवकाशप्राप्त महारथी क्षत्री । धोबीघाटको कित्ता नम्बर ८३८ मा पर्ने १ रोपनी १४ आना १ पैसा जग्गासहितको राणाको नाममा रहेको भव्य बंगला राजेन्द्र क्षत्रीका कान्छा छोरा आभूषणको नाममा किनिएको छ । ललितपुर मालपोत कार्यालयको अभिलेखमा यो सम्पत्ति राणाबाट क्षत्री परिवारमा २७ मंसिर ०७४ मा सरेको देखिन्छ ।

महँगो घर जग्गा खरिदको यो प्रकरणले क्षत्री परिवारको रवाफिलो आर्थिक हैसियतको झल्को मात्र दिँदैन, प्रधानसेनापतिको सम्पत्ति जोड्ने सामर्थ्य पनि प्रस्ट पार्छ । प्रधानसेनापति बनेपछि क्षत्रीले यही शैलीमा अथाह अचल सम्पत्ति जोडेका छन् । सेवाबाट बिदा भए पनि क्षत्रीको आर्थिक साम्राज्यको चर्चाले जंगी अड्डामा बिसौनी पाएको छैन । बरु, ठूलो चर्चाको विषय बनेको छ । ०७२ भदौमा सैनिक कमान्ड सम्हालेपछि उनको अचल सम्पत्तिको ग्राफ एकाएक उक्लेको छ । व्यापारिक महत्त्व र बसोबासका लागि 'भीआइपी एरिया' भनिएका ठाउँमा क्षत्रीले सम्पत्तिको किल्ला नै खडा गरेका छन् ।

क्षत्री २४ भदौ ०७२ देखि २३ भदौ ०७५ सम्म नेपाली सेनाको प्रमुख थिए । सहायक सेनानीबाट उनी सैनिक सेवामा ०३५ मा प्रवेश गरेका हुन् । उनको कार्यकालमा नेपाली सेनाको नाफामूलक काम र धनार्जन हुने गैरव्यावसायिक गतिविधि अरू बढ्यो । सेना जति नाफामूलक काममा सक्रिय भयो, सेनाध्यक्ष पनि उतिउति धनी हुँदै गए । प्रधानसेनापति भएपछिको तीनवर्षे अवधिमा क्षत्री परिवार डेढ अर्ब रुपैयाँभन्दा बढी अचल सम्पत्तिको मालिक बनेको सरकारी अभिलेखहरूबाट प्रस्ट हुन्छ । नगद, गाडी, सुन तथा महँगा गरगहनाबाहेक नै गरिब मुलुकका पूर्वमहारथीले अर्बपति पहिचान बनाएका छन् ।



हेटौँडामा श्रीमतीको नाममा र ललितपुरमा छोराको नाममा राजेन्द्र क्षत्रीले किनेको घरजग्गाको कागजात

४० वर्षे सैनिक जीवनमा क्षत्रीको कुल कमाइ कति होला ? क्षत्री २ वर्ष संयुक्त राष्ट्रसंघीय मिसन (यूएन) को न्यूयोर्कस्थित मुख्यालयमा थिए । त्यो आम्दानीको हिसाबले आकर्षक ठाउँ हो । उनले त्यहाँ बढीमा तीन करोड रुपैयाँसम्म कमाएको अनुमान छ । यूएनको शान्ति मिसन, पर्यवेक्षक र नियमित तलब, भत्तासहित प्रधानसेनापतिबाट अवकाश पाउनेले जीवनकालमा बढीमा १० करोड रुपैयाँसम्म कमाउन सक्ने विज्ञहरूको अनुमान छ । तर, सबै आर्जन बचत भने हुँदैन । आजीवन कमाइ बढीमा १० करोड रुपैयाँ हुने प्रधानसेनापतिको अर्बभन्दा बढीको अचल जेथाको स्रोत भने शंकास्पद छ ।

अथाह आर्जन

क्षत्रीको सम्पत्ति जोड्ने सिलसिला उपत्यकामा मात्रै खुम्चिएको छैन, मकवानपुर, चितवनसम्म फैलिएको छ । प्रधानसेनापति हुनासाथै उनले विनु कुँवरको नाममा रहेको हेटौँडा उपमहानगरपालिका-११ को ४ कट्ठा ५ धुर जग्गा किने । त्यो जग्गा क्षत्रीकी श्रीमती रीता बस्नेत र जेठी बुहारी विदिशा क्षत्रीको संयुक्त नाममा छ । पूर्व पश्चिम राजमार्ग छेवैको कित्ता नम्बर २३८५ को त्यो जग्गा चल्तीको भाउ अनुसार २० करोड रुपैयाँको छ ।

प्रधानसेनापति क्षत्रीले सम्पत्ति खरिद गर्दा परिवारका सदस्यहरूलाई प्रयोग गरे । क्षत्रीको नाउँमा आफ्नो पुर्ख्यौली सम्पत्तिबाहेक केही छैन । उनले खरिद गरेका सबै सम्पत्ति छोरा, बुहारी र पत्नीको नाममा दर्ता गरेका छन् । जेठा छोरा अभिषेकका लागि काठमाडौं-५ विशालनगरमा घरसहितको सम्पत्ति किनेका छन् । १५ आना क्षेत्रफलमा रहेको त्यहाँको घरजग्गा क्षत्रीले बैंकको लिलामी सकारेका घरधनीबाट किनेका हुन् । प्रज्ञानजंग राणाको नाममा रहेको त्यो घरजग्गा पवन अग्रवालले ९ करोड रुपैयाँमा सकारेका थिए । क्षत्रीले त्यही घरजग्गालाई दोब्बर मूल्य १८ करोड रुपैयाँ दिए, केही महिनाअगाडि मात्रै ।

घरजग्गा किन्ने क्षत्रीको रफ्तार अरू बढ्दै गयो । काठमाडौं- ३१ को हात्तीसारको साढे १३ आना जग्गामा क्षत्रीले लगानी गरिसकेका छन् । म्याक्स इन्टरनेसनल प्रालिको स्वामित्वमा रहेको त्यो जग्गा नेपाल इन्भेस्टमेन्ट बैंकले ३१ असार ०७२ मा रोक्का गरेको थियो । तर, बैंकले रोक्का गरेको जग्गामा क्षत्रीले लगानी गरिसकेका छन् । पास भने गर्न बाँकी छ । हात्तीसार राजधानीको महँगो क्षेत्र हो । त्यो जग्गाको बजार मूल्य नै १० करोड रुपैयाँभन्दा बढी हुन्छ । म्याक्सलाई धितोमा बैंकले साढे ५ करोडको ऋण दिएको थियो ।

चितवनको जगतपुरमा पनि क्षत्रीले ठूलो मात्रामा जग्गा किनेका छन् । क्षत्रीले राजु भट्टराईबाट ३ बिघा जमिन ३८ करोड रुपैयाँमा किनेका हुन् । क्षत्रीले यो जग्गामा कम्पनीमार्फत लगानी गरेको बिक्रेता भट्टराईले बताए । उनले भने, "क्षत्री र उनका परिवारले किनेका हुन् । कम्पनीको नामचाहिँ बिर्सिएँ ।" त्यो जग्गामा पूर्वमहारथीको रिसोर्ट बनाउने योजना छ ।

क्षत्रीले ललितपुर-१४ को तिखिदेवलमा अर्को १४ आना क्षेत्रफलमा रहेको घरसहितको जग्गा खरिद गरेका छन् । यसको अहिलेको बजार मूल्य ५ करोड रुपैयाँभन्दा बढी छ ।

तनहुँमा जन्मिएका हुन्, क्षत्री । काठमाडौँ-२६ मा पर्ने सामाखुसीमा उनको ३४ आना पैतृक सम्पत्ति छ । मुख्य सडकसँगै जोडिएको कित्ता नम्बर १०९ देखि ११२ तथा ३२० र ३२१ मा यो जग्गाको मूल्य नै १५ करोडभन्दा बढी पर्छ । चार दाजुभाइको त्यो पैतृक सम्पत्तिलाई पनि क्षत्रीले अरू दाजुभाइलाई एकमुष्ठ ८ करोड रुपैयाँ दिएर एकलौटी बनाएको स्रोतको दाबी छ ।

सामाखुसीको पैतृक सम्पत्ति एकलौटी बनाएपछि प्रधानसेनापति भएका बेला क्षत्रीले त्यसमा भव्य भवन खडा गरे । ९ महिने रफ्तारमा क्षत्रीले त्यहाँ भव्य भवन तयार पारे, सैनिकहरू खटाएर । क्षत्रीले सामाखुसीको घरलाई आफ्नो बाबुको नाम दिएका छन्, गोपाल सदनको रूपमा । अवकाशपछि क्षत्री त्यहीँ बस्छन् ।

क्षत्रीले अंशबन्डाबाट चितवनमा पनि जग्गा पाएका छन्। भरतपुर- ६ मा अंशबापत उनको साढे ४ कट्ठा सम्पत्ति छ। ६ वटा कित्ताको त्यो जग्गा ०७३ असार र कात्तिकमा क्षत्रीको नाममा नामसारी भएको छ । त्यहाँ उनका दाजुभाइ रमीन्द्र, राजेन्द्र, रतीन्द्र र रवीन्द्र क्षत्रीको नाममा ४ कट्ठा ५ धुर जग्गा पनि छ।

अवकाशप्राप्त महारथी क्षत्रीले घरजग्गा किनबेच र ठेक्कापट्टामा दीपक कुँवर र यादव कुँवरमार्फत लगानी गरेका छन् । यद्यपि, व्यावसायिक स्वार्थ बाझिएपछि पछिल्लो समय भने क्षत्री र उनका साझेदारबीच कारोबार कम हुँदै गएको छ। यादवले क्षत्रीसँग आफ्नो पारिवारिक सम्बन्ध भएको दाबी गरे।

क्षत्रीले घरजग्गाबाहेक अरू व्यापारिक कम्पनीमा पनि लगानी गरेका छन्। जेठा छोरा अभिषेकको क्वेस्ट ट्राभल्स एन्ड हस्पिटालिटी सोलुसन नामक ट्राभल्स एजेन्सीमा पनि लगानी छ । ०६९ मा कम्पनी रजिस्ट्रारको कार्यालयमा दर्ता भएको त्यही ट्राभल्समार्फत प्रधानसेनापति हुँदा क्षत्रीको विदेश भ्रमणको टिकटको कारोबार हुन्थ्यो । अभिषेकसहित ३ जना यो कम्पनीको सेयरधनी छन् । अधिकृत पुँजी २ करोड रुपैयाँ रहेको क्वेस्टमा अभिषेकको मात्रै ६० लाख रुपैयाँ सेयर हिस्सा छ। त्यसमा वन्दना बोहरा र सोनी जोशीको ३०/३० लाख रुपैयाँ सेयर छ। यो कम्पनीमा अस्वाभाविक नाफा देखाएर प्रधानसेनापति छँदा क्षत्रीले आर्जन गरेको धन वैध बनाउने गरिएको समेत स्रोतको दाबी छ।

अनधिकृत कारोबार

क्षत्रीले प्रधानसेनापति हुँदा सार्वजनिक जग्गामा पदीय हैसियतसमेत दुरुपयोग गरेको फेला परेको छ। हेटौंडाको नगर विकास समितिले आफ्नो स्वामित्वको ७ कट्ठा जग्गा ओम चलचित्र मन्दिरलाई सिनेमा हल चलाउन दिएको थियो, ०३४ मा। तर, कित्ताकाट गरेर चलचित्र मन्दिरले क्षत्रीलाई त्यो जग्गा २३ पुस ०७४ मा बेचेको छ। नगर विकासको ४ कट्ठा ७ धुर जग्गा १२ करोड रुपैयाँमा क्षत्रीकी श्रीमती रीता बस्नेतको नाममा किनिएको छ। नगर विकासको जग्गा व्यक्तिलाई यसरी बेच्नु अवैध हो । तर, शक्तिको आडमा अवैधानिक काम गरिएको छ। ओम चलचित्रका लागि व्यवसायी तीर्थ प्रधानले यो जग्गा नगर विकासबाट भाडामा लिएका थिए।

चल्तीको भाउभन्दा किनेबेचको मूल्य कम देखाएर जग्गा कारोबारीले राजस्व छल्नु आम प्रवृत्ति हो । क्षत्रीले समेत यही प्रवृत्ति अपनाएका छन्, राजस्व छल्न । हेटौंडा नगर विकासको १२ करोडमा किनिएको जग्गाको मूल्य मालपोतमा चाहिँ १ करोड ८४ लाख रुपैयाँ मात्रै देखाइएको छ। हेटौंडा- ११ मा ५ करोडमा खरिद गरिएको जग्गाको पनि मालपोतमा चाहिँ ३ करोड रुपैयाँ देखाएर राजस्व ठगिएको छ । ललितपुरको संजोगशमशेरसँग नगद २० करोडमा किनिएको जग्गाको कागजी मूल्य ४ करोड ४३ लाख रुपैयाँ देखाइएको छ।

आर्जनका आधार

सैनिक सेवा नियमावली अनुसार सेनाले बर्सेनि आर्थिक वर्ष सकिएको ६० दिनभित्र मुख्यालयमा आफ्नो थपघट सम्पत्ति विवरण बुझाउनुपर्छ । क्षत्रीले बुझाएको सम्पत्ति विवरण 'व्यक्तिगत' भन्दै जंगी अड्डाले दिन अस्वीकार गरेको छ। सैनिक प्रवक्ता सहायक रथी गोकुलप्रसाद भण्डारी सम्पत्ति विवरण बर्सेनि अद्यावधिक गरिने भए पनि सार्वजनिक गर्ने अभ्यास नरहेको बताउँछन् । भन्छन्, "त्यसरी दिने चलन छैन।"

सैनिक मुख्यालय स्रोतका अनुसार प्रधानसेनापति हुँदा क्षत्रीले बुझाएको सम्पत्ति विवरणमा पैतृक सम्पत्ति, सुन र बैंकमा नगद रहेको उल्लेख गरेका छन् । क्षत्रीले आर्जन गरेर परिवारका सदस्यहरूको नाममा दर्ता गरेको घरजग्गाको स्रोत भने खुलेको छैन। प्रधानसेनापति भएका बेला पदीय प्रभावका आधारमा क्षत्रीले सेनाको ठेक्कापट्टा, निर्माण र खरिद-बिक्रीको कमिसनबाट अकुत सम्पत्ति आर्जन गरेको र त्यो सम्पत्ति घरजग्गामा लगानी गरेको स्रोतको दाबी छ । कतिसम्म भने सैनिकको सामान आपूर्तिको 'ठेक्का मिलाई दिएबापत' एक ठेकेदारको इटहरीस्थित २० करोड

यस्तो थियो विगत

पुख्यौंली थलो तनहुँ भएका पूर्वमहारथी राजेन्द्र क्षत्री उच्चमध्यम परिवारका हुन्। बाल्यकाल काठमाडौंमा बिताएका क्षत्रीका बुबा गोपालबहादुर खत्री सेनाकै जागिरे थिए। राजा महेन्द्रको शाही पार्श्ववर्ती (एडीसी) मा छानिएपछि खत्री काठमाडौंको कालधारामा डेरा गरी बस्न थाले। कालान्तरमा सामाखुसीको सुशील मेडिकल पछाडि घरजग्गा जोडेका थिए। पछि त्यो बेचेर हाल पूर्वप्रधानसेनापति क्षत्री बसेको सामाखुसीको घरजग्गा किनिएको हो। राजा महेन्द्रले खत्रीलाई चितवनमा समेत मौजा दिएका थिए। तर, त्यसमध्ये अधिकांश द्वन्द्वकालमा क्षत्री परिवारले बेचेको थियो। खत्रीका चार छोरामध्ये तीन जना सैनिक सेवामा लागे भने एक व्यवसायमा।

रुपैयाँ पर्ने जग्गा आफूलाई दिनसमेत क्षत्रीले दबाब दिएका थिए ।

उन्मुक्ति लाभ

०५१ मा भ्रष्टाचारको आरोपमा मुछिएपछि दरबारले प्रधानसेनापति गडुलशमशेर जबरालाई राजीनामा गर्न लगाएको थियो । अवकाश पाउनुअघिको एकमहिने बिदा बसेका बेला उनले राजीनामा बुझाए । प्रजातन्त्रकालमा समेत पदमा छँदा महारथीले विधि मिचेको पाइए कारबाही हुने गरेको यो नजिरले देखाउँछ ।

त्यो प्रकरणमा सम्भाररथी उपरथी योगेन्द्रप्रताप राणा सैनिक अदालतको आदेशबाट जेल नै बस्नुपरेको थियो । सेनाको खरिद सम्बन्धी काम यही विभागले गर्छ । अनियमिततामा संलग्न सैन्य नेतृत्वलाई कारबाही गरिएको सम्भवतः यो नै पहिलो र अहिलेसम्मको अन्तिम घटना हो । किनभने, स्रोत नखुलेको अर्बभन्दा बढीको राजेन्द्र क्षत्रीको सम्पत्तिप्रति अहिलेसम्म कसैको ध्यान गएको छैन ।

अनियमितताको आरोप यसअघिका सबै सेनापतिले नखेपेका होइनन् । पूर्वप्रधानसेनापति धर्मपालवरसिंह थापालाई द्वन्द्वकालमा युद्धसामग्री खरिद गर्दा अनियमितताको आरोप लागेको थियो । अनियमितताको विषय त्यसबेला जनस्तरमै उठे पनि सेनालाई चलाउँदा सुरक्षामा असर पर्ने ठानेर त्यो प्रकरण गुपचुप राखियो ।

पनामा पेपर्सको खुलासा गर्ने इन्टरनेसनल कन्सोर्टियम अफ इन्भेस्टिगेटिभ जर्नलिस्ट (आईसीआईजे) ले ०७१ चैतमा ट्याक्स हेभन मानिने मुलुकमा कम्पनी खोलेका १३ जना नेपालीको नाम सार्वजनिक गरेको थियो । त्यसमध्ये एक जना पूर्वप्रधानसेनापति थापाका छोरा विश्वरसिंह थापा पनि थिए । प्रधानसेनापति छँदा कमाएको अवैध सम्पत्ति छोरामार्फत थापाले विदेश पुर्‍याएको आशंका गरिए पनि अनुसन्धान भएन । निवर्तमान प्रधानसेनापति क्षत्रीले संयुक्त अरब इमिरेट्सको दुबईमा समेत लगानी गरेको स्रोतको दाबी छ । उनी सेना प्रमुखका रूपमा विदेश भ्रमणमा जाँदा प्रायः दुबई ट्रान्जिटबाट आवतजावत गर्थे ।

संविधानले अवकाशप्राप्त सैनिक अधिकारीमाथि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले छानबिन गर्न सक्ने/नसक्नेबारे केही बोलेको छैन । संविधानले निषेधित नगरेकाले अख्तियारले सेवानिवृत्त सेना र सर्वोच्चका न्यायाधीशमाथि छानबिन गर्न सक्ने संविधानविद् भीमार्जुन आचार्य बताउँछन् । सार्वजनिक पदधारण गरेका व्यक्तिलाई अख्तियारले अनुसन्धानको दायरामा ल्याउन सक्छ । "सरकारको सञ्चित कोषबाट पैसा लिनेहरू सबै सार्वजनिक पदधारण गरेका व्यक्ति भएकाले अख्तियार निष्पक्ष बन्न सके उनीहरूलाई छानबिनको दायरामा ल्याउन सकिन्छ," उनी भन्छन्, "यसका लागि अख्तियारसँग ठूलो आँट चाहिन्छ ।"

संविधानको मस्यौदामा अवकाशपछि सेना र न्यायाधीशमाथि अख्तियारले छानबिन गर्न सक्ने प्रावधान राखिएको आचार्य बताउँछन् । तर, संविधान जारी हुँदा त्यो प्रावधान हटाइयो । "किन हटाइयो प्रस्टै छ," उनी भन्छन् । संविधानसभाबाट संविधान निर्माण हुँदा सेना र न्यायाधीशहरू अख्तियारलाई सैनिक अधिकारी तथा न्यायाधीशहरूमाथि छानबिन गर्ने अधिकार दिन नहुने भन्दै खुलेरै लबिइङमा उत्रिएका थिए । तिनैमध्येका हुन्, पूर्वमहारथी क्षत्री ।

सैनिक अधिकारीमाथिको अनियमितता कसरी झाँगिएको छ भन्ने बुझ्न डेढ दशकअघि गठित एउटा न्यायिक आयोगलाई सेनाले गरेको असहयोगले छताछुल्ल पारेको थियो । सरकारले ०५८ मा सम्पत्ति न्यायिक जाँचबुझ आयोग बनायो । सर्वोच्च अदालतका तत्कालीन न्यायाधीश भैरवप्रसाद लम्सालको अध्यक्षतामा गठित आयोगले ०५९ मा सेनाका अधिकारीहरूको सम्पत्ति विवरण माग्दा दिइएन । हत्या र बलात्कारका मुद्दाबाहेक अन्यमा सैनिक ऐन लागू हुने भन्दै सम्पत्ति छानबिन सेनाबाटै हुने जवाफ आयोगलाई पठाइएको थियो ।

पूर्वसैनिक सचिव विवेक शाहले आफ्नो संस्मरणात्मक पुस्तक *मैले देखेको दरबार*मा लेखे अनुसार महान्यायाधिवक्ताको कार्यालय, रक्षा मन्त्रालय र सेनाको प्राड विवाकका प्रतिनिधि सम्मिलित टोलीले यस्तो निचोड निकालेको थियो । अर्थात्, सेनाको चाहनालाई अन्य निकायका प्रतिनिधिले समेत स्वीकारिदिए । त्यतिबेला सेनाका अधिकृतको सम्पत्ति विवरण संकलन गरेर रक्षा मन्त्रालयमा राख्ने र आवश्यक पर्दा बुझाउने तथा अवकाशप्राप्त सैनिक अधिकारीको सम्पत्तिबारे भने आयोगले छानबिन गर्न सक्ने निर्णय भएको थियो । यद्यपि, झन्डै दुई दशक बित्दासमेत बहालवाला र अवकाशवाला दुवै सैन्य अधिकृतको सम्पत्ति श्रेस्ता जंगी घेरा नाघेर सिंहदरबार पुग्न सकेको छैन ।

संविधान, कानुन र विगतको गलत परम्पराले सैनिक नेतृत्वलाई अवैध सम्पत्ति आर्जन गर्ने छुट त दिएकै छ । संसद्ले समेत सैनिक नेतृत्वको स्रोत नखुलेको अवैध सम्पत्तिको छानबिन गर्न ध्यान दिएको छैन । जबकि, सेना सम्बन्धी विषय संघीय संसद्को प्रतिनिधिसभाको जिम्मेवारीमा पर्छ । सेनाभित्र भ्रष्टाचार र अकुत सम्पत्तिको मामिलामा सार्वजनिक प्रश्न उठेको दशकौं भयो । तर, सार्वभौम संसद्ले त्यसमा ध्यान नदिनु उदेकलाग्दो छ । संसद्को अनदेखाकै नतिजा हो, सरकारले सेनालाई आर्थिक लाभ हुने गरी धमाधम ठेक्कापट्टालगायत नाफामूलक काममा थप प्रेरित गर्नु ।

सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले सम्पत्तिको स्रोत खोजबिन गर्न सक्ने भए पनि त्यो निकायले सैनिक अधिकारीहरूको सम्पत्ति छानबिन त के, प्रश्न गर्ने आँटसमेत गरेको छैन । संविधानविद् आचार्य भन्छन्, "सेनालाई छानबिन र कारबाहीको दायरामा ल्याउनु अति जरुरी भइसकेको छ । यति गम्भीर कुरामा खेलाँची किन भइरहेको छ, बुझ्न सकिएन ।"

चार दशकको फौजी जीवनको बिदाइमा रथारोहण र 'इज्जत अर्पण सलामी' बाट अवकाश लिएका अर्बपति महारथीको स्रोत नखुलेको अर्बको सम्पत्ति छानबिन लोकतान्त्रिक गणतन्त्रमा गरिएला त ? यसमा धेरैलाई सन्देह छ । ने

दाजुलाई छूट

तत्कालीन विद्रोही नेकपा माओवादीले गोली हानेपछि अशक्त बनेका हुन्, रमीन्द्र क्षत्री । ०६० मा सामाखुसीस्थित घरबाट निस्कँदा उनीमाथि गोली दागिएको थियो । सहायक रथीबाट अवकाश पाएका रमीन्द्रलाई युद्धकालमा घाइते बनेको भन्दै गौरवशमशेर राणाको पालामा मानार्थ उपरथीको दर्जा प्रदान गरिएको थियो । गौरवले नै उनलाई राष्ट्रिय सेवा दलको प्रमुख सल्लाहकारमा नियुक्त गरे । भाइ राजेन्द्र क्षत्री प्रधानसेनापति भएपछि रमीन्द्र उपरथीकै पोसाकमा कार्यालय आउजाउ गर्न थाले र आफू चढ्ने गाडीमा उपरथीकै फुली अंकित गरे । मानार्थ पदको पोसाक राष्ट्रिय पर्व र विशेष अवसरमा मात्रै लगाउने चलन छ । यो विषयमा पूर्वसहायक रथी प्रेमसिंह बस्न्यातले जंगी अड्डामा इमेल लेखेरै सिकायत गरे पनि दुरुपयोग रोकिएन ।

बा भर्सेस बलात्कारी

टिप्पणी

वन्दना ढकाल

बा को हो भन्ने आमाले पुष्टि गरेपछि मात्रै सन्तानले नागरिकता पाउने प्रावधान चर्चा र विवादमा छ। बा हुनु भनेको सम्पत्तिको मूल हकदार हुनुले के देखाउँछ भने नेपाली समाज अहिले पनि पितृसत्तात्मक छ। ढुकुटीको चाबी हातमा भनेकै परिवारको जिम्मेवारी लिनु हो।

कुनै पनि पुरुष पिता हुनुअघि पुत्र हुन्छ। सदियौँदेखि यहाँ पुत्र मात्रै पैतृक सम्पत्तिको हकदार थियो, व्यवहारतः अझै छ। यसकारण बा भनेको आर्थिक, सामाजिक, सांस्कृतिक र पारिवारिक उपाधि हो। निश्चित आर्थिक तथा पारिवारिक दायित्वसहितको पदलाई हामी बा भन्छौँ। तर, रगतको नाताले मात्रै कोही पनि बा हुँदैन।

विभेदकारी विधेयकको विरोधमा बनाइएको एउटा नाराले चर्चा पायो- 'मेरा बा बेपत्ता छैनन्, आमाका बलात्कारी हुन्।' कानुनले बा भनेर आर्थिक, सामाजिक र पारिवारिक दायित्व लिने अभिभावकको पहिचान खोजेको हो कि वीर्यदाता पुरुषको ? रगतको नाताले मात्रै कोही पुरुष बा हुन सक्दैन भन्ने सत्यको तीतो अभिव्यक्ति हो- 'मेरा बा बेपत्ता छैनन्, आमाका बलात्कारी हुन्।'

नारा आवेगका अभिव्यक्ति हुन्, त्यसमा कतिपय अतिरञ्जना पनि हुन्छ। तर, यसको निहितार्थ हो- मेरा बा छैनन्, आमा एक्लै हुनुहुन्छ। बलात्कारी त बलात्कारी नै हो, ऊ बा होइन। जो प्रेमकारी छ, सन्तानको दायित्व लिँदैन भने रगतको नाता जोडिँदैमा ऊ बा हुन सक्दैन। यस्तो बा नहुँदा पनि हरेक नागरिकलाई नागरिकता पाउने हक हुनुपर्छ। अबको जमानामा नागरिकतामा वंशज पुष्टि गर्न बा अनिवार्य बनाउनु सोझै विभेदकारी कदम हो।

हाम्रो समाजका बहुसंख्यक महिला र बालबालिका आर्थिक, सामाजिक हिसाबले स्वतन्त्र र आत्मनिर्भर छैनन्। राज्यले महिला र बालबालिकाको शिक्षा र स्वास्थ्यजस्ता आधारभूत आवश्यकताको जिम्मेवारी लिएको छैन। आर्थिक, सामाजिक अधिकार र शक्ति सम्पूर्ण रूपमा पुरुषमै केन्द्रित छ। यस्तो समाजमा महिला वा बालबालिका टिक्ने आधार वा स्रोत परिवार हो। र, परिवार अहिले पनि बाकै अह्रनखटनमा चल्छ। समाजको यही संरचना, विश्वास र मूल्यमान्यतालाई नै नयाँ विधेयकले निरन्तरता दिन चाहेको देखिन्छ।

संविधानको धारा ३८ को उपधारा २ ले 'प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्बन्धी हक हुनेछ' भनेको छ। यो उपधारा र नागरिकताको हक सम्बन्धी व्यवस्था एकअर्काका परिपूरक हुनुपर्ने देखिन्छ। आमा केवल स्वस्थ बच्चा र स्वस्थ पाठेघरका साधन होइनन्, बरु त्यसमाथि उनीहरू हकदार नै हुन् भन्ने संविधानको उक्त धाराको अन्तर्य हो। नत्र, देशलाई स्वस्थ बच्चा जन्माइदिन स्वस्थ महिला हुनुपर्ने भएर प्रजनन अधिकारको प्रावधान संविधानमा कोरिएको होइन। जन्माउने, हुर्काउने, स्याहारसुसार गर्ने, शिक्षादीक्षा दिने आमा तर परिचयको प्रमाण दिँदाचाहिँ बाबु अनिवार्य गर्दा प्रजनन हक निरर्थक हुन्छ।

प्रेममा परेर छुटेका, लिभिङ टुगेदरमा मात्रै बसेका, बिहे गरेर सम्बन्धविच्छेद भइसकेका वा अरू कुनै कारणले गर्भाधान गर्ने पुरुषसँग साथै नरहेका आमाहरूका बच्चाले सजिलै नागरिकता पाउनुपर्छ। यसका लागि बाबुको घोषणा गर्ने वा नभएको पुष्टि गर्ने कुरा कानुनी हिसाबले मात्रै झन्झटिलो होइन। बरु, मानसिक र मानवीय हिसाबले महिलामाथि यातना नै हो। त्यस्ता महिलालाई हाम्रो समाजको सामाजिक-सांस्कृतिक आँखाले अहिले पनि टोकीटोकी पीडा दिइरहेको छ। आर्थिक पुरुषनिर्भरताले त्यसप्रकारका आमालाई निरीह हुन बाध्य बनाएको छ। नेपाली समाज त्यस्ता स्वतन्त्र आमालाई सम्मान गर्न सक्ने र सिक्ने ठाउँमा आइपुगेकै छैन। यहाँ त बलात्कारबाटै बच्चा जन्मेको रहेछ भने पनि बलात्कारीलाई नै आमा र सन्तान टाँसो लगाइन्छ। नेपालमा ठूलो जनसंख्या ग्रामीण भूभागमा छ। आर्थिक निर्भरता खेतीमा र पारिवारिक निर्भरता मूलतः पुरुषमा छ। यस्तो समाजमा आमाहरूको स्वतन्त्रताको पनि सीमा छ। त्यसकारण आमाको हक (स्वतन्त्रता) र बालबालिकाको आधारभूत शिक्षा-स्वास्थ्यको हकबारे राज्य नै सबैभन्दा बढी जिम्मेवार हुनु आवश्यक छ। तर, गणतन्त्रपछिको लोकतान्त्रिक सरकारले ल्याएको विधेयकले महिलालाई केरकार गर्न र पुरुषलाई नै सन्तानाधिकारी स्थापित गर्न चाहेको देखिन्छ।

सन्तानप्रति उत्तरदायी छ, पालनपोषणको जिम्मेवारी लिएको छ, सामाजिक-सांस्कृतिक र राजनीतिक अभिभावकत्व ग्रहण गरेको छ भने त्यस्तो बाबुको परिचय दिन कुनै आमा हिच्किचाउनु पर्दैन। तर, यसैलाई पनि बाध्यकारी र कानुनी अनिवार्यतामा ढाल्न खोजेर सरकारले सदियौँदेखिको पितृसत्तालाई नै संस्थागत गर्न खोजेको छ। ने

महिन्द्रा पिक अप

राजधानीमा गाडी प्रदर्शनी 'नाडा अटो सो' चलिरहेको छ । त्यसैले नयाँनयाँ गाडी यही समयमा भित्रिरहेका छन् । आधिकारिक बिक्रेता अग्नि इन्कर्पोरेटेडले नयाँ महिन्द्रा पिकअप गाडी बिक्री सुरू गरेको छ ।

पिकअपमा एस १० डबल क्याब, रिमोट सेन्ट्रल लकिङ, क्रुज कन्ट्रोल, नेभिगेसन, अटो क्लाइमेट कन्ट्रोल र मल्टिफक्संन स्टेरिङ ह्विलजस्ता विशेषता छन् । आकर्षक आवरण रहेको पिकअपमा ६ गियर, १ सय ३ किलोवाटको टर्बोडिजेल शक्ति र २ हजार ५ सय केजी भारवहन क्षमतायुक्त छ ।

'एक्स्ट्रिम २००आर'

सन्तुलित रूपमा बाइक चलाउनु चुनौती नै हो । यसैमा ध्यान दिँदै हिरो मोटोकर्पले नयाँ मोटरसाइकल 'एक्स्ट्रिम २००आर' बिक्री सुरू गरेको छ । ४.६ सेकेन्डमा शून्यदेखि ६० किमि प्रतिघन्टाको गति लिन सक्ने र गति प्रतिघन्टा ११४ किमिसम्म रहेको बाइकमा यात्रु सुरक्षाका लागि एन्टी-लक ब्रेक सिस्टम छ ।

बाइकमा हलुका वजनको तर दह्रिलो फ्रेम प्रयोग गरिएकाले उच्च गतिमा अत्यधिक स्थिरता कायम राख्ने र कठिन मोडमा मोटरसाइकल सम्हाल्न सहजता प्रदान गर्ने दाबी छ, कम्पनीको । यो मोटरसाइकलको मूल्य २ लाख ८६ हजार ५ सय रूपैयाँ पर्छ ।

यामाहाको जेडआर स्ट्रिट र्‍याली

नजिकिँदो दसैँतिहार अनि चालू रहेको नाडा अटो सो, दुईपांग्रे सवारी बिक्रेता के पछि पर्थे । यामाहाको आधिकारिक बिक्रेता एमएडब्लु इन्टरप्राइजेजले रे जेडआर स्कुटर सिरिजको नयाँ संस्करण 'स्ट्रिट र्‍याली' सार्वजनिक गरेको छ।

१ सय १३ सिसीको ब्लुकोर इन्जिन, उत्कृष्ट माइलेज र बोल्ड न्यू भाइजरले स्कुटरलाई थप स्पोर्टी र आकर्षक डिजाइन दिएको कम्पनीको दाबी छ । यामाहाका मोटरसाइकल र स्कुटर प्याटेन्टेड 'ब्लु कोर' इन्जिनजडित छन् । त्यस्तै, डिजिटल इन्स्ट्रयुमेन्टल प्यानलले आवश्यक जानकारी दिन्छन् । रेड र रेसिङ ब्लु गरी दुई रङमा उपलब्ध यामाहा रे जेडआर स्ट्रिट र्‍यालीको मूल्य २ लाख ८ हजार ९ सय रूपैयाँ पर्छ ।

इटालियन मोटरसाइकल

भारतीय मोटरसाइकलको दबदबा रहेको नेपालमा पहिलो पटक भित्रिएको छ, इटालियन कम्पनी एसडब्लुएम । आधिकारिक बिक्रेता ज्ञान ग्रुप अन्तर्गतको ज्ञान अर्थमुर्भस प्रालिले कम्पनीका बाइक सार्वजनिक गरेको हो ।

एसडब्लुएमका आरएस ३०० आर, सुपर ड्युअल ६५०टी र सिल्भर भेस ४४० का मोडल भित्र्याइएका छन् । सन् १९७१ देखि मोटरसाइकल उत्पादन थालेको एसडब्लुएमले नेपालमा इन्डुरो, क्लासिक र ए मोटरसाइकल भित्र्याएको हो । आरएस ३०० आरको मूल्य १६ लाख, सुपर ड्युअल ६५० टीको २३ लाख र सिल्भर भेस ४४० को मूल्य १४ लाख ५० हजार रूपैयाँ पर्छ ।

एप्पलका दुई स्मार्ट फोन

मोबाइल ब्रान्ड एप्पलका पारखीले घट्दो मूल्यमा नयाँ फोनको अनुभव लिन सक्ने भएका छन् । एक्स सिरिजमा आइफोन एक्स एस, एक्स आर र एक्स म्याक्स सार्वजनिक भएको छ । कम्पनीका अनुसार आइफोन एस एक्स र एस एक्स म्याक्सको २९ भदौदेखि बुकिङ गर्न सकिनेछ ।

आइफोन एस एक्सको मूल्य सात सय ४९ डलर र एक्स आरको मूल्य ९ सय ९९ डलर पर्छ । आइफोन एक्स म्याक्सको बजार मूल्य १ हजार ९९ डलर छ ।

■ **संयोजन : गोकुल अर्याल**

अर्थ



अपरिपक्व तयारी

सात चिनियाँ बन्दरगाह प्रयोग सम्बन्धी सम्झौता कार्यान्वयन जटिल

विजयराज खनाल

व्यापारका लागि भारततर्फको नेपाली परनिर्भरता हटाउँदै ७ वटा चिनियाँ बन्दरगाह प्रयोग सम्बन्धी कार्यविधि (प्रोटोकल) को ऐतिहासिक सम्झौता भयो, २१ भदौमा। सम्झौता अनुसार नेपालले तत्काल चीनको त्यान्जेन, झाङजियाओङ, सेन्जेन र ल्यानयोङहाङ गरी चार समुद्री अनि सिगात्से, ल्हासा र लान्चाओ गरी तीन सुख्खा बन्दरगाह प्रयोग गर्न सक्नेछ। हालसम्म विदेशी जहाजका लागि १ सय ३० भन्दा बढी बन्दरगाह खुला गरेको चीनले नेपाललाई आवश्यकता पर्दा अन्य बन्दरगाहसमेत थप्न सक्ने व्यवस्था गरिदिएको छ। तर, यी बन्दरगाह प्रयोगको व्यावहारिक कठिनाइ बुझेको नेपाल सरकार आफ्नो बचाउका निम्ति यसको सञ्चालन 'निजी क्षेत्रको तत्परता' मा सीमित देखिरहेको छ।

पहिलो पटक प्रधानमन्त्री छँदा केपी शर्मा ओलीले चीन भ्रमणका क्रममा पारवहन सम्झौता गरेका थिए, चैत ०७२ मा। पूर्ववर्ती कांग्रेस नेतृत्वको सरकारले बेवास्ता गरेको प्रचार भए पनि गत २१ भदौमा प्रोटोकलको अन्तिम सम्झौता हुनुअघि दुई पक्षबीच पाँचपटकसम्म सूचना आदानप्रदान र छलफल भए। तथापि, सम्झौता लिपिबद्ध गराउँदासम्म हाल खुला गरिएको बन्दरगाहबाट नेपालमा सामान भित्रिन कति समय लाग्छ ? चीनतर्फको पूर्वाधार अवस्था कस्तो छ ? यसबारे सरकारी अधिकारी नै स्पष्ट छैनन्।

"सम्झौताका बेला भौगोलिक अवस्था बुझेरै प्रस्ताव गरिएको हो भन्ने चिनियाँ पक्षको पनि चासो थियो," सम्झौतामा हस्ताक्षर गरेका उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सहसचिव रविशंकर सैंजु सुनाउँछन्, "तर, यी नाका र बन्दरगाह प्रयोग तत्काल हुन नसके पनि भविष्यमा हुन सक्छ।" यसअघि तयारी नपुगेको भन्दै चीनले सम्झौता गरेको थिएन।

सरकारसित *गुगल* म्याप हेरेर दूरी सम्बन्धी केही कामचलाउ तथ्यांक मात्रै छन्। त्यस अनुसार चीनले नेपालका लागि खुला गरेको ४ समुद्री बन्दरगाहबाट नेपालको सीमा आइपुग्न कम्तीमा ४ हजार किलोमिटर पर्ने देखिएको छ। अधिकांश बन्दरगाहबाट सिगात्से हुँदै नेपाल सामान भित्र्याउन सक्ने प्रक्षेपण सरकारको हो। यसरी सिगात्से हुँदै आउँदा सबैमा यही हाराहारी दूरी पर्नेछ।

हाल सिगात्सेदेखि केरुङ हुँदै काठमाडौंसम्म सडक मार्गसमेत सञ्चालनमा छ। त्यस्तै,

स्रोत : उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

सिगात्सेदेखि केरुङ हुँदै काठमाडौंसम्म चिनियाँ रेल ल्याउन अध्ययन भइरहेकाले पनि सरकारी निकायले यसैलाई मिलन बिन्दु मानेर दूरीको हिसाबकिताब गरिरहेको हो । यद्यपि, चीनतर्फ सिगात्सेदेखि केरुङसम्मको करिब ५ सय ६४ किमिमा केही खण्डमा हिमाली भागसमेत पर्ने भएकाले निर्वाध रूपमा बाह्रै महिना सडक वा रेलमार्ग चल्न सक्ने/नसक्ने सरकारलाई नै थाहा छैन ।

"उक्त हिमाली भेगमा करिब तीन महिना बाटो अवरुद्ध हुन्छ भन्ने सुनेका छौं तर यकिन छैन," नेपाल–भारत क्षेत्रीय व्यापार तथा यातायात आयोजनाका अन्तर्राष्ट्रिय व्यापार विकास सल्लाहकार मुरारीप्रसाद गौतम उपाध्याय भन्छन्, "हालसम्म ती क्षेत्रतिर कोही पनि पुगेका छैनन् ।"

उपाध्यायले नै चिनियाँ बन्दरगाहदेखि नेपाली सीमासम्मको तथ्यांक तयार पारेका हुन् । चीनबाट नेपाल रेल भित्र्याउन अध्ययन भइरहेको छ । चीनले सन् २०२४ सम्म रेलमार्गले केरुङ जोड्ने आफ्नो १३औं योजनामा उल्लेख गरेकाले कम्तीमा त्यहाँसम्म रेल आउनेमा सरकारी अधिकारीहरू विश्वस्त छन् । केरुङबाट नेपाली सीमा रसुवागढी लगभग २४ किलोमिटरको दूरीमा छ । र, यहाँ सडक चौडा बिस्तारको काम चलिरहेको छ ।

> समुद्री मार्गका कारण भारतबाट व्यापार गर्दा लामो समय लागे पनि सुख्खा बन्दरगाहदेखि नेपाल आउन दूरी कम छ, अर्कोतर्फ चीनबाट ल्याउँदा ठीक विपरीत अवस्था छ
>
> – **पुरुषोत्तम ओझा**
> पूर्ववाणिज्य सचिव

ट्र्याक खोल्नै सास्ती

नेपाल र चीनबीच ६ वटा नाका प्रयोग गर्ने गरी सम्झौता भएको छ । सरकारले हुम्लाको यारी, मुस्ताङको नेचुङ, रसुवागढी, सिन्धुपाल्चोकको कोदारी, संखुवासभाको किमाथांका र ताप्लेजुङको ओलाङचुङगोलालाई नाकाका रूपमा प्रस्ताव गरेको छ । तर, नेपालभित्रका पूर्वाधार निकै कमजोर छन् ।

हुम्लातर्फ कालीकोटको खुलालुदेखि हुम्लासम्मको करिब १ सय ४५ किलोमिटर सडकको ट्र्याक खोल्ने काममा नेपाली सेना लागिरहेको छ । यो खण्डका लागि लगभग ३ वर्ष लाग्ने उल्लेख गरिएको छ । सरिसल्ला सिमीकोटदेखि हिल्सा (यारी) को ९५ किमिमध्ये ५ किमिमा ट्र्याक खोल्न बाँकी रहेको भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका वरिष्ठ विभागीय इन्जिनियर विनोद भट्टराई बताउँछन् ।

मुस्ताङको नेचुङ सीमाको प्रस्थानबिन्दु म्याग्दीको बेनी मानिएको छ । बेनीदेखि जोमसोमसम्म सडक ट्र्याक खुलिसकेको छ । आगामी २ वर्षमा त्यो खण्डमा कालोपत्रे गर्ने सरकारी लक्ष्य छ । जोमसोमदेखि कोरला (नेचुङ) सम्मको १ सय १० किमिमा काम बाँकी छ । नुवाकोट गल्छीदेखि रसुवागढीसम्म विभिन्न खण्डमा काम भइरहेको छ । गल्छीदेखि बेत्रावतीसम्मको ४६ किमिमा २५ किमिको काम बाँकी छ । त्यस्तै, बेत्रावतीदेखि मैलुङसम्मको १८ किमिको ट्र्याक खोलेर सेनाले हस्तान्तरण गरेको छ । स्याफ्रुबेसीदेखि रसुवागढीसम्मको

१६ किलोमिटर बाटो विस्तारमा चिनियाँ कम्पनीले २ वर्ष लगाएर हालै डीपीआर तयार गरेको छ। हाल सञ्चालनमा रहेको सडकभन्दा मैलुङदेखि रसुवागढीसम्मको यो बाटो २५ किमि छोटो छ।

यता, भूकम्पपछि अवरुद्ध तातोपानी कोदारी मार्ग आगामी मेसम्म पुनर्निर्माण भइसक्ने चिनियाँ पक्षले नेपाल सरकारलाई जानकारी गराएको छ। नेपालतर्फको भूभागमै भने मर्मतका काम बाँकी नै छन्। संखुवासभाको खाँदबारीदेखि किमाथांकासम्मको १ सय ६२ किमिमा १ सय ३९ किमि ट्र्याक खुलेको छ। बाँकी करिब २३ किमिमध्ये १० किमिमा विस्फोट गर्नुपर्छ। यसका लागि विस्फोटक पदार्थ आइसकेको छैन।

ताप्लेजुङ सुकेटार विमानस्थलबाट ओलाङचुङगोलाको दूरी १ सय २५ किमि छ। १२ वर्षमा यो खण्डको ४० किमि बनेकामा अब ३० किमिमा ट्र्याक खुल्न बाँकी छ। चालू आथिएक वर्षमा यो सडकका लागि केन्द्र सरकारले बजेट नछुट्याएको भन्दै आयोजना निर्माणको जिम्मा केन्द्र सरकारमै फर्किएर आएको छ। यसमा केन्द्र सरकारले हालसम्म कुनै निर्णय गर्न सकेको छैन। यीमध्ये तातोपानीबाहेक अन्य नाका खुल्नै २ देखि ५ वर्ष लाग्न सक्ने देखिएको छ।

गत आर्थिक वर्षको वैदेशिक व्यापार

अंक रु दस लाख



स्रोत : नेपाल राष्ट्र बैंक

सरकारी ध्यान भारततिरै

हाल तेस्रो मुलुकतर्फ हुने व्यापारको करिब ९८ प्रतिशत भारतबाट हुँदै आएको छ। तातोपानी नाका अवरुद्ध रहेकाले चीनसँगको व्यापारमा पनि भारतीय भूमि प्रयोग भइरहेको छ। नेपाल राष्ट्र बैंकका अनुसार मुलुकको वार्षिक कुल व्यापार १३ खर्ब २४ अर्ब रुपैयाँमा भारतसँगको व्यापार करिब ६५ प्रतिशत (८ खर्ब ५६ अर्ब रुपैयाँ) छ। त्यस्तै, चीनसँग १२ प्रतिशत (१ खर्ब २० अर्ब रुपैयाँ) र ३ खर्ब ५ अर्ब रुपैयाँ बाँकी अन्य मुलुकसँग भइरहेको छ।

चिनियाँ बन्दरगाह र मार्ग प्रयोग गर्न सकिए जापान, कोरियालगायतका देशबाट समेत चीन हुँदै आयातनिर्यात गर्न सकिन्छ। पछिल्लो सम्झौताले चिनियाँ बन्दरगाह र मार्ग प्रयोगमा केही प्रक्रियागत सहजतासमेत थपेको छ। विशेषगरी भारतबाट मालसामान ढुवानी गर्दा सक्कली कागजातै माग हुँदै आएकामा चीनले भने इलेक्ट्रोनिक कागजातलाई समेत मान्यता दिनेछ।

यति हुँदाहुँदै पनि भौगोलिक जटिलताका कारण व्यापारका लागि भारतको विकल्पकै रूपमा चीन बन्न भने लामो समय लाग्ने देखिएको हो। यसमा दूरीगत कारण सिर्जना हुने लागत भार, व्यवसायीको भारतीय व्यापारीसँगको निकटता पनि थप कारकको रूपमा रहनेछन्। “समुद्री मार्गका कारण भारतबाट व्यापार गर्दा लामो समय लागे पनि सुख्खा बन्दरगाहदेखि नेपाल आउन दूरी कम छ, अर्कोतर्फ चीनबाट ल्याउँदा ठीक विपरीत अवस्था छ,” पूर्ववाणिज्य सचिव पुरुषोत्तम ओझा भन्छन्, “त्यसैले लागतअन्तर धेरै नहुने सम्भावना छ।” सरकारले चीनबाट सामान ढुवानी गर्दा लाग्ने समय र लागतको यकिन विवरण निकालेको छैन। तर, आवश्यक पूर्वाधार निर्माण भइसकेपछि चीनको स्थलमार्गबाट नेपाल सामान ल्याउन बढीमा दुई साता लाग्ने अनुमान छ।

सरकारले अत्यावश्यक र जटिल अवस्थाका साथै दीर्घकालमा मात्रै चीनको मार्ग प्रयोग हुने बुझेको छ। यही कारण चीनतर्फको मार्ग प्रयोगको जिम्मा निजी क्षेत्रलाई छाडेर सरकार भारततर्फको व्यापार थप सहज बनाउन लागिरहेको छ। पछिल्लो समय सरकारले भारतको कोलकाता बन्दरगाहको विकल्पमा भारतकै विशाखापटनम बन्दरगाहको समेत प्रयोग गरेको छ। यो बन्दरगाहबाट रेल हुँदै आउने कार्गोको ट्र्याकिङ गर्ने व्यवस्थाको समेत परीक्षण गरिएको छ। यही प्रयास सरकारले कोलकाता र हल्दिया बन्दरगाहमा समेत गरिरहेको छ भने गुजरातको मुन्द्रा, मुम्बईको जेएनपीटी र धम्रा गरी थप तीन बन्दरगाह प्रयोगमा भारतसँग छलफल चलाइरहेको छ।

त्यसो त, बंगलादेशले समेत ०६७ मै आफ्ना दुई बन्दरगाह चिटगाउँ र मोङला नेपाललाई प्रयोग गर्न दिन सकिने बताएको थियो। ०७२ मा भारतले नेपालमा नाकाबन्दी लगाएको समयमा समेत बंगलादेशले अन्य देशबाट मात्रै पेट्रोलियम पदार्थ ल्याउन पाउने सर्तसहित यो प्रस्ताव दोहोर्‍याएको थियो। बंगलादेशले यो प्रस्ताव गरे पनि बन्दरगाहसम्म पुग्न आवश्यक भौतिक पूर्वाधार बन्ने क्रममै छ। भारत हुँदै बंगलादेश पुग्नुपर्ने भएकाले पनि नेपालले त्यसलाई वास्ता गरेन।

पछिल्लो समय बीबीआईएन मार्ग (बंगलादेश, भुटान, भारत र नेपाल सञ्जाल) निर्माण र प्रयोगमा बंगलादेश र भारत सहमत भएका छन्। भुटानले यो मार्ग विस्तारले पर्यावरणमा प्रभाव पर्ने भन्दै आफू यो मार्गमा नजोडिने स्पष्ट पारे पनि नेपालले भने सहमति गर्दै आएको छ। यद्यपि, नेपालले समेत यो मार्गले आफूलाई फाइदा हुने देखेको छैन। र, त्यसमा कम सक्रियता देखाइरहेको छ। ने

रङ

उद्यम सुन्दरी

भास्कर ओझा

'हामीले आफूलाई तीन करोडको जनसंख्या भनेर होइन, तीन करोड दिमाग भनेर हेर्नु जरूरी छ । ती सबै दिमागमा भएका आइडियालाई वास्तविकतामा बदल्न सके त झन् राम्रो ।' मिस नेपालको अन्तिम राउन्डमा नेपाललाई समृद्ध बनाउन के गर्नुपर्छ भनी सोधिएको प्रश्नमा उक्त उत्तर दिएर काठमाडौंकी प्रिया सिग्देल, २४, ले मिस अर्थ नेपालको ताज हात पारिन् । उनले आउँदो कात्तिकमा फिलिपिन्समा हुने मिस अर्थमा नेपालको प्रतिनिधित्व गर्नेछिन् ।

प्रिया एक सफल उद्यमी पनि हुन् । उनको हात्ती-हात्ती नामक संस्थाले लामो समयदेखि महिलालाई विभिन्न सीप सिकाइ आत्मनिर्भर बनाउँदै आएको छ । महिनावारीबारे सचेतना जगाउन उनले राष्ट्रसंघका विभिन्न निकायसँग सहकार्य गरिसकेकी छन् । महिला सशक्तीकरणका नारा अगाडि सार्दै आफ्ना परियोजना स्वीट्जरल्यान्ड र बंगलादेशमा समेत पुर्‍याइसकिन् ।

यसअघि मिस अर्थका सहभागीले राष्ट्रिय पोसाक राउन्डमा जातीय पोसाक लगाउँथे । यसपालि प्रिया नेपालका हिमाल झल्कने पहिरन लगाउने सुरमा छिन् । सुनाउँछिन्, "हामीलाई संसारसामु चिनाउने हिमालको सम्मानमा मञ्चमा उत्रँदै छु ।"

पहिलेका वर्षभन्दा यस वर्ष पर्याप्त प्रशिक्षण पाएको प्रिया बताउँछिन् । उनको लक्ष्य नेपाली महिला जे गर्न पनि सक्षम छन् भनी सिद्ध गर्नु रहेको छ । भन्छिन्, "जित्ने-नजित्ने समयले बताउला । म आफ्नो 'बेस्ट' दिनेछु ।"

▪ विभु लुइटेल

'हामी पनि बडीबिल्डर'

जिमखाना धाउँदाधाउँदै बडीबिल्डिङमा

विभु लुइटेल
तस्बिरहरू : नरेन्द्र श्रेष्ठ

दुई दशकअघिसम्म १४ वर्षीया किशोरी काठमाडौँको लाजिम्पाटस्थित घरनजिकैको जिमको सिसाभित्र चियाउँथिन् दिनहुँ । भीमकाय शरीर र ठूलठूला पाखुरा भएका पुरुष त्यहाँ भारी डम्बेल उठाउँथे, विभिन्न मेसिनमा थरीथरीका व्यायाम गर्थे । केटी कोही देखिन्थेनन् । सधैँ उत्सुक भएर भित्र हेरिरहने ती किशोरीलाई जिमका गुरुले एक दिन भनेछन्, 'इच्छा छ भने भित्र आएर व्यायाम गरे हुन्छ ।' तिनै किशोरी पछि गएर अन्तर्राष्ट्रिय स्तरकी बडीबिल्डर बनिन् । निर्मला महर्जन भन्छिन्, "आँटे त के नहुने रहेछ र ?"

सुरुमा निर्मलाका अभिभावकले जिम जाने अनुमति नै दिएनन् । आमालाई सम्झाउन भने उनलाई खासै गाह्रो भएन । तर, बुबा आफ्नो निर्णयमा अडिग थिए । उनी टु–पिस लुगामा छोरी स्टेजमा उभिएको हेर्न चाहँदैनथे । निर्मला सजिलै टर्नेवाला थिइनन् । अनुमतिबिनै जिम धाउन थालिन् । शरीर बलियो बन्दै गयो । र, बडीबिल्डिङ गर्ने आत्मविश्वास पनि बढ्यो ।

सन् २००५ मा निर्मला पहिलो पटक टु–पिस लगाएर स्टेजमा उत्रिइन् । समाजले कुरा काट्यो, तथानाम भन्यो । तर, उनले मतलब गरिनन् । उनलाई यो खेलमा महिला पनि पुरुषजत्तिकै सक्षम छन् भन्ने साबित गर्नु थियो । यस क्षेत्रमा उनलाई पछ्याउँदै आउने महिलाको संख्या बढ्दै छ । उनका छोरा पनि बडीबिल्डर नै हुन् । यसैलाई उनी आफ्नो सबैभन्दा ठूलो विजय मान्छिन् ।

बडीबिल्डिङलाई पेसा बनाउने साह्रै कम छन्, अझ महिला त औँलामै गन्न सकिने । अधिकांश त बडीबिल्डिङ गर्छु भनेर आएका पनि होइनन् । शरीर सुगठित बनाउन जिम जाँदाजाँदै बीचमा इच्छा पलाएर आएका हुन् ।

यस्तैमा पर्छिन् सतुंगल, काठमाडौँकी सुजिता मानन्धर, २९ । मोटोपन कम गर्न कालीमाटीको डिभाइन फिटनेस सेन्टर जान थालेपछि बडीबिल्डिङ पनि गर्न सक्छु भन्ने आत्मविश्वास उनमा पलाउँदै गयो । यस वर्ष काठमाडौँमा भएको लेडिज फिटनेस च्याम्पियनसिपमा उनी पाँच जनामा दोस्रो भइन् । अघिल्लो वर्षको प्रतिस्पर्धामा ११ मध्ये उत्कृष्ट पाँचमा उनी पर्न सफल भइन् ।

बडीबिल्डिङमा लागिसकेपछिको सबैभन्दा अप्ठेरो काम मीठो खानबाट मुख बार्नु रहेको सुजिताको ठम्याइ छ । डिस्टिल्ड वाटर र उसिनेका खानेकुरामा शरीरलाई अभ्यस्त पार्ने उनीजस्ता बडीबिल्डर गेमको केही दिनअघि खान पनि छाडिदिन्छन् । "गेम सकिनेबित्तिकै परिवारसँग

डिनरमा गएँ । अनि, पानीपुरी पनि खाएँ,” उनले हाँस्दै सुनाइन् ।

फिटनेस क्षेत्रका बडीबिल्डिङबाहेक अनेक आयाम छन् । ललितपुरकी अरुणा बस्नेत, ३३, स्क्वाट च्याम्पियन हुन् । राष्ट्रिय स्तरका विभिन्न स्क्वाट प्रतियोगितामा उनले उत्कृष्ट प्रदर्शन गरिसकेकी छन् । “अब बिस्तारै बडीबिल्डिङतर्फ लाग्ने सोच छ,” उनी सुनाउँछिन् । अन्तर्राष्ट्रिय स्तरमा नेपालको प्रतिनिधित्व गरी राम्रो नतिजा हात पार्ने सपना बुनेकी छिन् । भन्छिन्, “अब हामी पनि बडीबिल्डर ।”

बडीबिल्डिङ क्षेत्र बाहिरबाट हेर्दा जति ग्ल्यामरस देखिए पनि भित्रबाट निकै परिश्रम पर्ने खालको हुने बडीबिल्डिङ संघका उपाध्यक्ष दिनेश राजभण्डारी बताउँछन् । केही वर्षयता काठमाडौं, पोखरा, विराटनगरजस्ता नेपालका ठूला सहरमा संघले यस्ता प्रतियोगिता आयोजना गर्दै आए पनि सरकारी स्तरबाट यस्ता खेललाई प्रोत्साहन पुर्‍याउने काम नभएको बताउँछन् । भन्छन्, “फिटनेसमा पनि राज्यले लगानी गर्न आवश्यक देख्छु म ।”

खेलाडीले ज्यानको बाजी राखेर प्रशिक्षण गरे पनि उचित प्रोत्साहन र लगानी अभावले बेलाबखत निरुत्साहित तुल्याउने धारणा उनको छ । त्यसमाथि टु–पिस वस्त्रमा प्रस्तुत हुने हुँदा समाजले नराम्रो दृष्टिले हेर्न बन्द गर्नुपर्ने पनि उनी बताउँछन् ।

मुलुकले फिटनेस क्षेत्रमा पर्याप्त लगानी नगरेकाले अन्य देशका तुलनामा नेपालको प्रदर्शन निकै कमजोर हुने गरेको अनुभव बडीबिल्डर महिलाको मात्र नभई अन्य क्षेत्रका महिलाको पनि छ । नेपाल महिला बास्केटबल टोलीकी कप्तान सदिना श्रेष्ठ, २८, भन्छिन्, “अन्य देशका खेलाडीका तुलनामा हामी शारीरिक रुपमा निकै कमजोर छौं ।”

महिलालाई पुरुषको तुलनामा यस क्षेत्रमा टिकिरहन सहज छैन । सामाजिक र प्राकृतिक परिवेश हाम्रामा पुरुषका लागि धेरै खुकुलो भएको बडीबिल्डर महिला बताउँछन् । तर, निर्मला महर्जन, ननिता महर्जन, शोभा मानन्धरजस्ता आमा भइसकेका महिलाले अहिले पनि यस खेललाई निरन्तरता दिइरहँदा पर्याप्त आत्मविश्वास र लगनशीलताका अगाडि यस्ता व्यवधान केही होइन भन्ने प्रेरणा यसमा भविष्य बनाउन चाहने अन्य महिलाले पाउन सक्छन् । यसै सन्दर्भमा निर्मला महाकवि देवकोटाको कवितांश सम्झिन्छिन्, “उद्देश्य के लिनु उडी छुनु चन्द्र एक...” । ने

तीन किताब

अनुप बराल | अभिनेता/निर्देशक







भास्कर ओझा

मुराकामी एम्बेसडर

मन परेको पुस्तक एकै बसाइमा सकाइदिन्छु । विश्राम लिएर पढ्दा प्रभावको प्रवाह टुट्ने डर हुन्छ । उहिल्यै साथी र म दूध दुहेका बेला पनि पालैपालो सस्वर वाचन गरी किताब पढ्थ्यौं । शिल्प, भाषा र प्रस्तुतिले फरक प्रभाव पार्ने हुनाले अनेक विधाका पुस्तक सम्झिन्छु । निर्मल वर्माको जस्तो यात्रामूलक र व्यक्तिचित्रात्मक गैरआख्यानले मलाई छुन्छन् ।

सन् १९९५ मा नेसनल स्कुल अफ ड्रामा (एनएसडी) मा पढ्दा ताका नाटकका लागि टेक्स्ट खोज्दै थिएँ । तर, मेरो खोजले गतिलो सामग्री पाइरहेको थिएन । तीन वर्षपछि नेपाल आउँदा एक जापानीसँग भेट भयो । जापानी लोकप्रिय साहित्यबारे सोध्दा उनले हारुकी मुराकामीको *नर्वेजियन* उड सिफारिस गरे । धेरै दुःख गर्दा पनि फेला पार्न नसकेको उक्त उपन्यास पछि पीडीएफ भर्सनमा पढ्न पाएँ । मुराकामीको लेखनको शक्ति त्यहीं भेटें । लेखकले बिटल्स र ज्याज संगीत सुनेर आफ्नो कलम माझेको हुनुपर्छ । निजी संघर्ष, रोमान्टिक प्रेम, अर्थहीन पात्र, समयको कथा, मिस्टिसिज्म र चरित्रबीचको सम्बन्धले मलाई निकै छोएको हो । सरल भाषामा लेखिएको हस्तक्षेपकारी कथनपद्धतिले मलाई कायल बनायो । धेरैलाई यो किताब पढ्न सुझाएपछि बुद्धिसागरले मलाई 'मुराकामीको नेपाली ब्रान्ड एम्बेसडर' नै ठहराए ।

आर्थर मिलरको नाटक *डेथ अफ सेल्सम्यान* मलाई विषयकै कारण मन परेको हो । उपभोक्ता संस्कृतिले मानिसलाई कसरी सेल्सम्यान बनाएर बजारमा घचेट्छ भन्ने यथार्थलाई मनमोहक ढंगमा लेखिएको छ । लेखकले अमेरिकामै बसेर पनि पुँजीवादलाई आलोचना गरेको पाटो मलाई रोचक लाग्छ । दृश्यहरूले बताउँछन्- बजारमा बिक्री हुन सक्नु नै आजको मान्छेको खुबी हो । राम्रो बन्नु, होर्डिङबोर्डमा देखिनु र वस्तुको गुणवत्ताभन्दा बढ्ता बखान गरी बेच्नु विद्वान् हुनुभन्दा पनि चर्चाको विषय बनिदिन्छ । नाटकको पात्र 'लोम्यान' ले पनि शिक्षाको पाटोभन्दा बजारको सूत्र अपनाउँछ । जनआन्दोलनपछि पढेको त्यस नाटकमा अमेरिकी जीवनको लोकाचारले निम्त्याएको मानवीय संकटलाई नजिकबाट देख्न पाएँ । सन्तानको हुर्काइबढाइमा लोम्यानले अँगालेको पद्धतिप्रति ऊ आफैंभित्र विरोधाभास उब्जिन्छ । पछि छोराछोरीले पनि गुनासो गर्छन् । र, अन्त्यमा सेल्सम्यानले आत्महत्याको बाटो रोज्छ । किस्ताबन्दीमा चलेको अमेरिकी जीवनप्रति यो त्रासदीले गतिलै प्रहार गरेको छ ।

काठमाडौंमा हुने चित्रकला प्रदर्शनीबाट फर्किंदा बुबाले कमिक्सहरू टन्नै ल्याइदिनुहुन्थ्यो । कमिक्स पढ्ने आदतले मलाई किताबको संसारमा रमाउने बनायो । घरकै सानो पुस्तकालयमा भएका साहित्यिक पुस्तक र म्यागजिनहरू बोकेर बेलौतीको बोटमुनि जान्थें । हिन्दी उपन्यासमा पुनरावृत्ति पाउन थालेपछि पारिजात, अल्बेयर कामु, भर्जिनिया उल्फहरूका वाक्यविन्यासमा डुब्न थालें । जेम्स ज्वायस र शंकर लामिछानेको चेतनप्रवाह शैलीले मलाई हुरुक्क बनाउँथ्यो । पछि मुक्तिबोधका कविताले मोहित बनाए । प्रभाववादी लेखन पनि मेरो रुचिमा पर्न थाल्यो ।

जासुसी उपन्यासहरू पढिरहेको मलाई धच गोतामेको *घामका पाइलाहरू*ले अर्कै रूमानी अन्दाजमा फड्काइदियो । मैले पढ्दा पुस्तकको दार्शनिक अर्थ पनि थाहा थिएन सायद । जनकपुरको रेल स्टेसन बनाउने सन्दर्भमा देखिएका पात्रहरूले मलाई खिचे । चरित्रको निरूपण, दृश्य विम्ब र सुरुचिपूर्ण भाषासहितको बलियो सामाजिक यथार्थवादले प्रभाव पारेको हो । श्रीलाल शुक्ला, लियो टोल्सटोय, म्याक्सिम गोर्कीहरू पनि यही लेखनशैलीले पाठकमा छाएका हुन् । *घामका पाइलाहरू*मा छिरेपछि पहाडी भेगमा हुर्किएको मेरो पाठकको आँखामा तराईका दृश्यहरू कुद्न थाले, मानौँ- रेलको झ्यालमा बसेको छु । जुनसुकै वादमा रहेर लेखिएको होस्, किताबले पाठकको मनमस्तिष्कलाई हुँडल्नुपर्छ । गोतामेको कलममा मैले त्यही तागत भेटें ।

जर्जी ग्रोतोस्कीको *पुअर थिएटर* दिल्ली, दरियागन्जको पुस्तक-हाटमा एक वर्षसम्म हरेक आइतबार धाएर हात पारेको छु । शारीरिक भाषाको रंगमञ्चका लागि मानक मानिने त्यो किताबको गातासमेत खुस्किएर थोत्रो भएको थियो ।

कहिलेकाहीं पुस्तकभन्दा पेन्टिङ र संगीतले बढी छुन्छन् । एउटा प्रश्न जाग्छ- समकालीन समाज र भावी पुस्तालाई समेत जोडेर पुस्तक लेख्न सकिन्छ ? कल्पनाशीलताको उचाइमा पुगेर लेखिएको त्यस्तो किताब खोजीमा छु सायद ।

■ **प्रस्तुति : गुरुङ सुशान्त**

पाठकीय पोस्टमार्टम

राजकुमार बानियाँ

सिर्फ साक्षर । न प्राज्ञ, न शिक्षक । सोझो लाहुरे ।

नेपाली साहित्यका चर्चित किताब *माधवी*, *ऋग्वैदिक नारी चरित्र* र *असहमति*को चिरफारका क्रममा जंगबहादुर शाहले सेल्फ-पोर्ट्रेट गरेका छन् । बुटवलबासी ज्ञानवृद्ध पाठक शाहले आफ्नो किताबलाई न समीक्षा भनेका छन्, न त समालोचना । तर, समीक्षा साहित्यकै पृथक् आयाम बन्न पुगेको छ, *शल्यक्रिया* ।

वैदिक र उपनिषद्कालीन प्रसंगमा तीनवटै किताबमा कति तथ्य छन् र कति मिथ्या ? मदनमणि दीक्षित र सौरभ 'फ्याक्ट चेक' मा कति होसियार छन् ? लेखकद्वय एउटै पाठकीय कठघरामा उभिएका छन् । प्रमाण र तर्कका आधारमा किताबका तथ्यगत त्रुटि औंल्याउने शाहको अधिकतम प्रयत्न छ ।

निजात्मक शैलीमा लेखिएको किताबमा अध्ययनको व्यापकता र अभिव्यक्तिको तीक्ष्णता फेला पर्छन् । शाहलाई पढ्दै गर्दा बिहारको मुजफ्फरपुरमा जन्मेर मणिपुरमार्फत नेपाली साहित्यमा उफान ल्याइदिने गैरनेपालीभाषी समालोचक चन्द्रेश्वर दुवेको सम्झना आउँछ । *तेस्रो आयामको शव परीक्षा*, *एरिकल्स*, *शेली र देवकोटा*, *नेपाली साहित्य एक सर्वेक्षण* आदि पुस्तकमार्फत दुवेले आलोचनाको एउटा धार दिएका थिए ।

किताबको सबभन्दा रोचक पक्ष नै ८२ वर्षे पाठकले ९३ वर्षे लेखकमाथि गरेका संगीन प्रश्नहरू हुन् । अझ सवा ६ सय पृष्ठको उपन्यासको ९४ पृष्ठमा गरिएको निर्भीक शल्यक्रिया । नेपालीमै उल्था गरिनुपर्ने र कम महत्त्व पाएको भनी धेरै चर्चा गरिने आख्यान *माधवी*माथि गहन अध्ययनका साथ शाह खण्डनमण्डनमा उत्रिएका छन् ।

'थोरै इतिहास र धेरै गफ भएको ब्राह्मण साहित्य *महाभारत*ले माधवीको मोल आठ सय श्यामकर्ण घोडा बताएको छ । राजा-राजन्यलाई नरूचाउने दीक्षितजीले एउटी राजपुत्रीको अस्मिताको मोल ह्वात्तै घटाएर चार घोडा तोकिदिनुभएको छ । साम्यवादी हुँ भन्दैमा लिखतलाई बिगारेर कसैको अपमान गर्न पाइन्छ ?' उनको प्रश्न छ ।

माधवी राजपुत्री हुन् कि नगरवधु ? चार-चार छोरा जन्माउँदा पनि अक्षत योनी भनी लेख्नेको दिमाग नखुस्केको कसरी भन्ने ? २४ वर्षे गालव र २१ वर्षे माधवीलाई किशोरकिशोरी लेख्न पाउने 'लाइसेन्स' कसले दियो ? मूलस्रोत *महाभारत*मा वर्णित प्रतिष्ठानपुरका राजा ययाति *माधवी*मा अहिच्छत्रको सम्राट कसरी भए ? के भित्ताको दिवार, हरियो सुगन्ध व्याकरणसम्मत छन् ?

दीक्षितकै अर्को किताबको नाम हो, *ऋग्वैदिक नारी चरित्र* । तर, चित्र छ, मंगोल महिलाको । २५ विदुषीको चर्चा गरिएको १ सय ३७ पृष्ठको किताबमा सयौं गल्ती औंल्याएका छन् शाहले । पहिलो त उनी ऋग्वैदिक समाजलाई नारीप्रधान मान्दैनन् । ऋग्वैदिकमा दुर्गादेवी, गौरी, ताटका, प्रद्वेषी, सुदेष्णा, द्रौपदीको घुसपैठ पनि स्वीकार गर्दैनन् ।

शाहलाई झोँक चल्छ, नाम ऋग्वैदिक राख्ने अनि पौराणिक पात्रबारे लेख्ने ? कुनै वेदमा चर्चा नभएकी द्रौपदी ऋग्वेदकालीन नै हुन् भन्ने निर्णय गरिदिने ? ऋग्वैदिक युगमा ब्राको आविष्कार कसरी भयो ? 'जाया' भाडाकी आमा 'सेरोगेट मदर' होइन, पत्नी हो भन्ने उनको निष्कर्ष छ । *द वेदिक इन्डेक्स*, *वेदिक माइथोलोजी*, *द रिलिजन अफ द ऋग्वेद* आदि किताबका आधारमा उनले यसलाई पौराणिक प्रमाणविरूद्ध लेखिएको किताब मात्र भनेका छैनन्, गीता त्रिपाठी, रजनी ढकालमार्का भूमिकाकारको पनि उछितो काढेका छन् ।



शल्यक्रिया

लेखक : **जंगबहादुर शाह**
प्रकाशक : **बुक-हिल**
पृष्ठ : १७२
मूल्य : रु. ३५०

पछिल्लो कालका 'एन्टी करेन्ट' लेखक सौरभ पनि शाहको तोपगोला हमलाबाट जोगिन सकेनन् । उनले *असहमति*को पृष्ठ ७ देखि नै लेखकलाई कान समातेर उठबस गराएका छन् । खल्जी कसरी खिल्जी भए ? बाहुनलाई कसरी दसौं हजार वर्ष पुरानो जात भनियो जबकि प्राचीन आर्यसमाज जातिविहीन थियो । ऋग्वैदिक राजा वृत्रासुर र त्रेतायुगीन रावण बाहुन होइनन् ? यजुर्वेदलाई सात हजार वर्षअघिको मान्ने हो भने त्यतिबेलासम्म त व्यासका पुर्खा वशिष्ठ पनि जन्मेका थिएनन् । 'अखबारका लागि लेखेको हुँ, अखबारमै सीमित हुन चाहन्छु' भन्ने हरफ किताबमा आउनु कस्तो विरोधाभास ? शाहको निष्कर्ष छ, 'सौरभको लेखनमा फेद र टुप्पो दुवै छ तर कहिलेकाहीं टुप्पोचाहिं ग्राफ्टिङ गरिएजस्तो लाग्छ ।'

समीक्षकका रूपमा शाह छिद्रान्वेषी र सत्याग्रही लाग्छन् । शाह समीक्षा वा समालोचनाका नाममा प्यारिसको पर्फ्युम छर्किदिने या औसत पुस्तकलाई पनि वेद वा बाइबलकै कोटिमा उभ्याइदिने दोषबाट मुक्त छन् । उनको 'सिभिलियन सर्भिस' विद्वत्जनग्राह्य छ । ने

चिट्ठीमा प्रेम

वसन्त आचार्य

जातभातमा र धनी–गरिब भनेर भेदभाव नगर्ने, रगतको नाताभन्दा भावनाको नाता ठूलो हुन्छ भन्ने कुरामा विश्वास गर्ने, देशलाई माया गर्ने अनि आवश्यक परेमा देशका लागि ज्यान पनि दिन पछाडि नपर्ने देशभक्त एवं मिलनसार जुनसुकै ठाउँको साथीले पनि मसँग मित्रताको साइनो गाँस्न सक्नुहुनेछ ।

रेडियो नेपालको कार्यक्रम साइनोमा यति भनेर कार्यक्रम उद्घोषकले मेरो नाम र ठेगाना के उच्चारण गरेका थिए, नाम प्रसारण भएको विज्ञापन निःशुल्क गाउँभरि एकाएक फैलिएछ । रेडियोका राम्रा कार्यक्रममा नाम प्रसारण गर्न कविता, मुक्तक र गजल लेख्नुपर्ने मेरो ढंगै पुगेन । मलाई पत्रमित्रताबारेमा केही पनि थाहा थिएन । पत्र लामो समयसम्म पनि प्रसारण नभएपछि अस्पतालले बिदा दिएको बिरामीजस्तै जम्मै आशा मारेको थिएँ ।

झुक्किएर हो कि नाम प्रसारण भएछ । मेरो खुसी झुसिलकिरोबाट एकाएक पुतलीजस्तो पो भयो । जेनतेन सम्हालिएँ । एक हप्तापछि हुलाकी दाइ लगातार चिट्ठीका मुठा बोकेर घरमा आउन थालेपछि मनमा एकाएक सेलिब्रिटीको रंग गाढासँग पोतियो । उतार्न खोजेँ । तर, पर्मानेन्ट मार्करले लेखेझैँ जाँदै गएन ।

चिट्ठी राखेको खाम, टाँसिएको टिकट र अक्षर मात्रै फरक हुन्थे । हरेक पत्रमा 'तपाईंको भावना मलाई निकै मन पर्‍यो, मित्रता गाँस्न यो पत्र पठाएको' भनेर लेखिएका हुन्थे । पत्रहरू केटाभन्दा पनि केटीका बढी आउँथे । भर्खर जुँगाका रेखी बस्न थालेको याममा केटीका चिट्ठी आएपछि मनमा एकाएक खुसीको भ्वाइलिन रेटिन्थ्यो । चिट्ठीका हरेक अक्षरबाट अभिव्यक्त नै गर्न नसकिने खालको सुगन्ध बहन्थ्यो । साँच्चै अत्तर छर्किएजस्तो मीठो बास्ना आउँथ्यो पानाबाट । यौवन र प्रेम फूलजस्तो बास्नादार अरू के पो छ र दुनियाँमा ?

घरमा एकाएक चिट्ठीका खात लाग्न थालेपछि छोरो सानैमा 'ठूलो' मान्छे भएजस्तो लाग्यो होला । बाआमा गाउँभरि प्रचार गर्नुहुन्थ्यो । मेरै उमेरका केटाहरू केटीको चिट्ठी आएकामा घुटुक्क थुक निल्थे । उनीहरूले चोरचार पारेर रेडियोमा चिट्ठी पनि पठाए । उनीहरूको चिट्ठी कहिल्यै प्रसारण भएन । गाउँभरि ठिटाहरूको भीडमा केवल म मात्रै सेलिब्रिटी भइरहेँ ।

सेलिब्रिटी गरिमालाई कसरी टिकाइराख्ने ? खातका खात चिट्ठीको जवाफ लेख्नु थियो । दुई रूपैयाँको टिकट टाँसेर पठाए पनि करिब ५ सय सकिने छाँट थियो । पाँच सय त्यतिबेला मलाई उच्चारण गर्न मात्रै बनेको पैसाजस्तो लाग्थ्यो । कहिलेकाहीं खुसीहरू पनि हैसियत भुलेर पो आउँदा रहेछन् ।

चिट्ठीलाई प्राथमिकताका आधारमा वर्गीकरण गरियो । पहिलो चरणमा केटा र केटीको छुट्याइयो । त्यसपछि अलि राम्रा नाम गरेका केटी परे । अन्तिम चरणमा भेट हुने सम्भावना भएका नजिकका चिट्ठी परे । तर, त्यतिबेला नजिकको भनेको बुटवलबाट आएका चिठी थिए ।

खाजा खर्च कटाएर बिस्तारै प्रायः चिट्ठीहरू सम्प्रेषण गरियो । यस्तैमा मन हल्लाउने चिट्ठी आयो, बुटवलबाट अनिशा केसीको । नामै कति राम्रो ! खुसीको तापक्रम १०२ डिग्री रापिलो भयो ।

प्रत्येक अक्षरलाई स्पर्श गरेपछि नाममा अडेस लाग्दै आँखामा सुन्दर अनुहारको छाप बसालेर पत्र लेखेँ । लेख्नु नै के थियो र ! उही देशभक्ति भावना, वर्गीय र जातीय समानताको आदर्श । उसले मेरो भावना मन पराएर पत्र कोरेकी थिई । पहिलो लटमा १० जना केटीलाई पत्र पठाइयो, जसमा अनिशा पहिलोमा ।

पत्र आउने क्रम दौडिरहेको थियो । धेरैजसो चिट्ठी सबैभन्दा पहिले घाम बोक्ने जिल्लाका थिए । आउन कम्तीमा एक महिना कुर्नुपर्थ्यो । औपचारिकताका लागि लेखिने चिट्ठीको खासै महत्त्व हुँदैनथ्यो । तर, केही मन खाने पत्रहरूको भने निकै प्रतीक्षा हुन्थ्यो । मिति हेरेर क्यालेन्डर कोर्न मन लाग्थ्यो । सबैभन्दा बढी उत्सुकता हुन्थ्यो, अनिशाको पत्रमा । हरेक पटकको चाङमा अनिशाको पत्र प्रतीक्षा हुन थाल्यो ।

करिब एक दर्जन चिट्ठी आदान प्रदानपछि मायाको डोरी कसियो । फुकाल्न संसारकै वलबान मान्छे आए पनि सम्भव छैन । अक्षर र फोटोका आधारमा प्रेमको नदी बग्न थाल्यो, कर्णालीजस्तो । रोक्नै नसकिने गरी भेलजस्तै बनेर ।

एसएलसी दिँदा लाएको पिरती ११ कक्षा पढ्दासम्म चलिरहेको थियो । केटी त प्रेममा अनौठोसँग पागल पो हुन थाली । पानामा चुम्बनको लिपिस्टिक मात्रै पोत्ने होइन, रगतसम्मले पनि लेखी । 'वसन्त, म तिमीबिना बाँच्न सक्दिनँ, आई लभ यु !' यौवनले पखेटा हाल्न थालेको ममा योभन्दा गहिरो शब्द सुन्न सक्ने तागत थिएन ।

रगतको जवाफ रगतमै दिनैपर्‍यो । धेरै पटक बाले दाह्री फालेर राखेको ब्लेडले हात काट्ने प्रयास गरेँ । तर, काट्न सकिनँ । साता दिनसम्म पनि पठाउन सकेको थिइनँ । विचरीलाई कस्तो तडप

भयो होला ! मनमा अनौठोसँग माया पलाउँथ्यो ।

गाउँमा खनाल बाजेले सधैँ शनिबार खसी काट्थे । आमालाई कट्नेसी खान निकै मन लागेको रहेछ । कट्नेसीमा रगत पनि मिसाइन्थ्यो । तीन दिनदेखिको लगातार रूवाइकराइ र धम्क्याइपछि आमाले आशाको टुकी बालिदिनुभयो । साता दिनदेखिको बेचैनी फुत्त बाहिर गयो ।



रगत लिन आफैँ गएँ । लुकाएर कचौरामा अलिकता रगत राखेँ । कसैले नदेख्ने गरी सादा कागजमा लेखेँ, 'अनिशा, आई लभ यु ! म तिमीलाई जीवनसाथी बनाउन चाहन्छु ।' रगतको अक्षरले पाना भरिएपछि मन उत्पातसँग खुसीले फन्कियो ।

मलाई आइतबार कुर्न हम्मेहम्मे भयो । चिट्ठीमा अरू केही लेख्न मन लागेन । रगतले त्यति मायालु कुरा लेखेपछि डटपेनले पनि के लेख्नु ! चिट्ठी खसालेपछि दिन गन्न थालेँ । तर, हातखुट्टा दुवैका औँला गने पनि कहाँ पुग्थ्यो र ?

बेचैनी महसुस नगरेर आफ्नै लयमा चिट्ठी आयो । मैले हल्का प्रेमका कुरा हुन थालेपछि खाममा केटाको नाम लेख्न भन्थेँ । स्कुल गएको बेलामा घरकाले चिट्ठी खोले भने ? ममा त्रास व्याप्त थियो । उसले अनिश केसी लेख्थी । आमाले त्यो चिट्ठी पनि दिएपछि मेरो भोक नै सुइँकुच्चा ठोक्यो । अनिशाले उस्तै गरी रगतले लेखेर पठाएकी थिई । उसले पनि कट्नेसी काण्डकै फाइदा उठाएर लेखेजस्तो लाग्यो । आफू चोर भए अरू पनि उस्तै लाग्नु स्वाभाविक नै हो ।

अनिशाले मलाई आफ्नो गाउँ देवदह बोलाएकी थिई । घरमा बाआमासँग कुरा गरेको र मलाई उहाँहरूले पनि हेर्न खोज्नुभएको आशय थियो । हिन्दी फिल्म *दिलवाले दुल्हनिया ले जायेंगे*को गीत गुनगुनाउन मन लाग्यो, 'डोली सजाके रखना मेहेन्दी लगाके रखना...।' अब मेरो एउटै मिसन बाँकी थियो- दसैँमा जसरी पनि बुटवल जाने-आउने भाडाका साथै अनिशाका लागि राम्रो उपहार दिने ।

दसैँ आयो । नातेदारका घरमा गइयो पनि । पैसा सोचेजस्तै जुट्यो । बुटवल जान र उपहार किन्ने आरामदायी पैसा थियो । औँला भाँच्दाभाँच्दै आयो र गयो पनि । आमासँग बुटवलमा साथीको घर जान निकै अनुनय-विनय गरेँ । १२ कक्षामा पढ्ने छोरोले जिद्दी गरेपछि आमाले पनि हुन्छ भन्नुभयो ।

मनमा अनेक उत्साह बोकेर म दोस्रो पटक बुटवल जाँदै थिएँ । पहिलो पटक स्कुलबाट भ्रमणमा गएको थिएँ । बिहानको गाडी चढेँ । दिउँसो १ बजेतिर पुगियो । बुटवल पाल्पा चोकमा पुगेर मिठाई र उसलाई मन पर्ने नायक श्रीकृष्ण श्रेष्ठको ठूलो पोस्टर किनेँ । हातमा उपहार र मनमा उत्साह बोकेर देवदह गाविस-२ मा पुगेँ । मनमा खुसी, उत्साह र डर एकै ठाउँमा मिसिएर मलाई के भइरहेको छ भन्नेसमेत ठम्याउन सकेको थिइनँ ।

मनको घरमा बसेको मान्छे बस्ने घर सोध्दै गएँ । साँझको करिब ६ बजिसकेको थियो । चिट्ठीमा कोरेको चित्रलाई हेर्दैहेर्दै गएको थिएँ । तर, मैले सोधेको अनिशा नाम भने कसैले चिनेनन् । कस्तो फसाद ! मनका उत्साह एकाएक कता हराए कता ! मनले पीडा मात्रै महसुस गर्ने भयो । राती ८ बजिसक्यो । तर, पत्तै लागेन । एउटा घरमा दानी मनका मान्छे रहेछन् । रात परेकाले बस्न भने । मेरा लागि त्यो ठूलो चिट्ठा थियो । साँझ खाना खाएपछि घरबेटीले बिस्तारा लगाए- 'अस्ति नै पनि केही केटाहरू त्यही नाम खोज्दै आएका थिए । हामीले कोही छैन भनेर फर्कायौँ ।'

मेरो अनुहार र मनको उत्साहको बत्ती झ्याप्प निभ्यो । त्यो दुई वर्षको प्रेम, त्यो रगतको चिट्ठी अनि दुई वर्षको बेचैनी । एक दर्जन शब्दको एक वाक्यले बत्ताएर कता हो कता लग्यो !

मिठाई र पोस्टरको उपहार त्यहीं छाडिदिएँ । बिहानै दाङ फर्कें ।

पत्रमित्रताप्रति वितृष्णा आउन थाल्यो । कसैको पत्रको जवाफ पनि फर्काइनँ । अचानक धेरै पछि पत्र आयो ।

'वसन्त, तिमी मलाई खोज्दै मेरो गाउँ आएका रहेछौ, मेरो मायाले । मैले पनि तिमीलाई देखेँ, वास्तवमा म केटी होइन, केटा हुँ । तिमीलाई झुक्याएको मात्रै ।'

भुल्न थालेको प्रेममा फेरि नुनचुक दलियो । मनसँग खेल्न मान्छेलाई कस्तो सजिलो !

पत्र पढिनसक्दै च्यातेँ अनि बाकसमा लुकाएर राखेका पुराना चिट्ठी पनि च्यातेँ । मन हलुंगो भयो । बिस्तारै पीडाको रङ खुइँलिँदै गयो । ■

प्रत्येक अक्षरलाई स्पर्श गरेपछि नाममा अडेस लाग्दै आँखामा सुन्दर अनुहारको छाप बसालेर पत्र लेखेँ । लेख्नु नै के थियो र ! उही देशभक्ति भावना, वर्गीय र जातीय समानताको आदर्श ।

कोठा सफा गर्ने रोबोट



अमेरिकाको म्यासाचुसेट्स इन्स्टिच्युट अफ टेक्नोलोजी (एमआईटी) को आर्टिफिसियल इन्टलिजेन्स (एआई) विभागले कोठा सफा गरिदिने रोबोट निर्माण गरेको छ । कोठामा यत्रतत्र छरिएर रहेका सामानलाई सम्बन्धित ठाउँमा राखिदिन उक्त रोबोटलाई प्रशिक्षण गरिएको छ । यसमा प्रयोग भएको प्रविधिलाई छिट्टै सामान प्याक गर्ने रोबोट निर्माण गर्न पनि प्रयोग गरिने एमआईटीका वैज्ञानिक बताउँछन् ।

कम्प्युटर भिजन, इमेज प्रोसेसिङ, डिप लर्निङका सिद्धान्त प्रयोग गरी उक्त रोबोट निर्माण गरिएको हो । यसमा स्वअध्ययनको क्षमता पनि रहेको निर्माणकर्ता बताउँछन् । प्रशिक्षण गर्ने क्रममा यस्ता रोबोटलाई विभिन्न सामान चिनाउन अत्यावश्यक पर्छ । यो उत्कृष्ट घरायसी रोबोटमा पर्ने विज्ञहरूको जिकिर छ ।

भ्लगरका कुरा

कहिले एक्लै त कहिले छोरी पुग्गुसित भ्लगिङ गर्ने चेतनराज कार्की अधिकांश भ्लग पानासोनिकको जीएच-५ बाट खिच्छन् । "कलर करेक्सन गरिराख्नुपर्दैन, आफैं एडजस्ट गर्छ । क्याननका क्यामेराभन्दा राम्रो डेप्थमा खिच्छ," उनी जीएच-५ का विशेषता बताउँछन् । उनले भ्लगिङकै लागि प्रयोग गर्ने अर्को उपकरण गोप्रो हो । हात हल्लिएर भिडियो नराम्रो नआओस् भनी उनी गिम्बलजस्ता स्टेबिलाइजर कतै जाँदा पनि बोक्न छुटाउँदैनन् । थप्छन्, "ब्याट्री सकिएर कतिचोटि भिडियो खिच्न पाएको छैन । ब्याट्रीचाहिं सबै भ्लगरले अनिवार्य बोक्नुपर्छ ।"

सामसुङ ग्यालेक्सी एस-७ चलाउँदै गर्दा चेतन आइफोन-५ एसतिर मोडिएका हुन् । पहिले उनलाई ग्याजेटमा धेरै खर्च गर्ने मन लाग्दैनथ्यो । तर, अब नयाँ आइफोन किन्ने विचारमा

घृणा आफैंसँग राख्नुस्



फेसबुकका सिईओ मार्क जुकरबर्गले द्वेषपूर्ण पोस्ट पत्ता लगाउने आर्टिफिसियल इन्टलिजेन्स (एआई) युक्त प्रणाली *फेसबुक*मा समायोजन हुन लागेको जानकारी दिएका छन् । *फेसबुक*मा पोस्ट हुने तस्बिर र भिडियोबाट समेत यस प्रणालीले आपत्तिजनक सामग्री भए-नभएको पत्ता लगाउनेछ । अप्टिकल क्यारेक्टर रिकग्निसन (ओसीआर) विधिले पनि यो कार्य सम्पन्न गर्न सकिन्छ । तर, *फेसबुक* प्रयोगकर्ताको संख्या अर्बौं पुगिसकेकाले ठूलो डाटा धान्न ओसीआरलाई सकस नै पर्छ ।

*फेसबुक*मा मात्र नभएर *इन्स्टाग्राम*, *ह्वाट्स्याप*जस्ता यसका अन्य सेवामा पनि यो फिचर समायोजन गरिनेछ । जुकरबर्ग भन्छन्, "सामाजिक सञ्जाल प्रेम प्रवाह गर्ने माध्यमका रूपमा प्रयोग गरौं । अब घृणालाई कतै स्थान नदिऔं ।"

इन्स्टाग्रामको ई-कमर्स

अहिले संसारभरका करिब साढे दुई करोड व्यवसाय *इन्स्टाग्राम*बाट सञ्चालित हुन्छन् । तीमध्ये करिब दुई करोडले *इन्स्टाग्राम*लाई निश्चित शुल्क तिरी बेलाबखत विज्ञापन प्रकाशित गर्छन् । आफ्नो अकाउन्टमा फोटो पोस्ट गरी ग्राहक आकर्षित गर्ने यस्ता व्यवसायलाई लक्षित गरी *इन्स्टाग्राम*ले छुट्टै ई-कमर्स एप्लिकेसन ल्याउने भएको छ ।

आठ वर्षअघि सुरु भएको *इन्स्टाग्राम*ले विभिन्न चरणमा धेरै

छन् । जिन्दगीको पहिलो फोन उनले बाटोमा भेटेका थिए । एन्टेनायुक्त नोकियाको उक्त फोनको सिम बदलेर प्रयोग गरेको रोचक सम्झना उनी अहिले पनि बेलाबेला सम्झन्छन् ।

आफ्नै घरमा रेकर्डिङ स्टुडियो खोलेका चेतनको अधिकांश पैसा रेकर्डिङ उपकरण किन्नमै खर्च हुन्छ । त्यहीं रेकर्ड गरी करिब एक दशकअगाडि *युट्युब*मा पोस्ट गरेको गीत उनका लागि निकै प्रिय छ । "त्यसबेला सय जनाले मात्र हेरिदिंदा पनि कति खुसी लाग्थ्यो," उनी भन्छन् ।

अब चेतन ब्ल्याक म्याजिकको क्यामेरा खरिद गर्ने सुरमा छन् । यसले १२ बिट्समा खिच्ने हुंदा उनलाई गुणस्तरीय भ्लग खिच्न सहज पक्कै हुनेछ । एक लाखजति खर्चेर राम्रो वाइड लेन्स किन्ने योजना पनि बनाएका छन् उनले । भन्छन्, "भ्लगिङले नै जिन्दगी चलिरहेको छ । त्यसैले धेरै उपकरण जोडेर खर्च होइन, लगानी गर्दैछु ।" पहिले पर्याप्त भ्युज नै नआएर निरूत्साहित पनि हुन्थे उनी । अहिले *युट्युब* नै उनको जिन्दगी बनेको छ ।



अपडेट ल्यायो । बुमन्याङ, आईजीटिभी, स्टोरिज, फेस फिल्टरजस्ता मनोरञ्जनात्मक फिचर मात्र नभई विभिन्न तेस्रो पक्षीय सेवा यसमा उपलब्ध छन् । ई-कमर्स एप्लिकेसन ल्याइसकेपछि यसको थप स्तरोन्नति हुने विश्लेषक बताउँछन् ।

वैदेशिक रोजगारको रेकर्ड

नेपाल सरकारको वैदेशिक रोजगार विभागले विदेसिएका र फर्किएका नेपालीको रेकर्ड राख्ने मोबाइल एप्लिकेसन हालै सार्वजनिक गरेको छ । यसको माध्यमबाट नेपालीलाई रोजगारीको अवसर दिने विभिन्न एजेन्सीलाई एकै ठाउँमा समायोजन गर्ने काम भएको छ । तथ्यांक संकलनका लागि उक्त एप्लिकेसनले वर्क परमिटको संख्या गणना गर्नेछ । तर, कतिपय अवस्थामा यो तरिका उपयुक्त नहुन सक्छ ।

वैदेशिक रोजगार विभागले मात्र नभई राहदानी विभाग, अध्यागमन विभाग, कन्सुलर



सेवा विभाग, स्वास्थ्य परीक्षण संस्था, बिमा कम्पनी र बैंकहरूको सेवालाई पनि यसमा समायोजन गरिएको छ । तथ्यांक पारदर्शी बनाउन तथा एजेन्सीहरूको दुराचार रोकथामका लागि यो एप्लिकेसन महत्त्वपूर्ण साबित हुन सक्ने श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री गोकर्ण विष्ट बताउँछन् ।

■ **संयोजन : विभु** *(एजेन्सीको सहयोगमा)*

न्यायको पर्खाइ



■ शब्द/तस्बिर : हेमन्त श्रेष्ठ

१३ **वर्षीया छोरी निर्मला पन्तको बलात्कार र हत्यापछि कञ्चनपुरका दुर्गादेवी र यज्ञराज पन्त दुई महिनादेखि छटपटाउँदै** कहिले यता त कहिले उता भौंतारिरहेका छन् । सडकदेखि सदनसम्म अपराधी पत्ता लगाई कठघरामा उभ्याउनुपर्ने आवाज उठिरहे पनि नतिजा भने शून्य । २८ भदौमा राजधानीको माइतीघरमा 'निर्मलाका निम्ति न्याय' अभियान थालनी भयो । कार्यक्रममा निर्मलाका आमाबाबु गहभरि आंसु लिएर सहभागी भए ।

www.nepal.ekantipur.com

हर्ष न विस्मात

कायरा बनाउनुमा आर्यन सिग्देलको ध्येय पैसा कमाउनु मात्र थिएन, किनारामा पुगेको आफ्नो अभिनय करिअर फेरि मूलधारमा आओस् भन्ने पनि थियो । पछिल्ला केही वर्षयता उनलाई फिल्मको खडेरी जो छ । त्यसैले *कायरा*मा दिलो ज्यान दिए । फिलिपिन्स गएर सुटिङ गरे । प्रचारप्रसारमा खुब सक्रिय भए । तर, उक्त फिल्मले न मनग्ये पैसा कमायो, न त आर्यनको करिअरलाई गति दियो । बरू बासी कथावस्तु र प्रस्तुति शैलीमा रमाएको आरोप खेप्नुपर्‍यो । बचेखुचेको जस हिरोइन साम्राज्ञी राज्यलक्ष्मी शाहले लगिन् । यही कारण हुनुपर्छ, *कायरा* प्रदर्शनपछि पनि आर्यन 'लाइमलाइट' मा आएनन् । न उनी कुनै बाहिरी ब्यानरका फिल्ममा अनुबन्ध भएका छन् । क्या तनाव !

टिक्नै धौधौ

धेरैलाई थाहा नहोला, माला लिम्बू अभिनीत पहिलो फिल्म *गुडबाई काठमाडौँ* हो । नवीन सुब्बा निर्देशित उक्त फिल्मको सुटिङ सकिएको ६ वर्ष बित्यो, तैपनि प्रदर्शनको टुंगो छैन । धन्न ! त्यसपछि पनि मालालाई कामको अभाव भएन । प्रदर्शनका हिसाबले उनको डेब्यु फिल्म *वान वे* हो । सुरज सुब्बा निर्देशित उक्त फिल्म तामझामसहित रिलिज भयो । तर, मालाको करिअर मालामाल बनाउन सकेन । बरू आइटम डान्सरमा सीमित भइन् । दिनेश राउतले *पर्व*मा अभिनय गराए तर बक्स अफिसमा चिप्लियो । यसपछि ओझेल परेकी मालालाई भीषण राईले मौका दिएका छन्, *पुरानो बुलेट*मा । सुटिङ सकिएर सम्पादन भइरहेको छ । *पुरानो बुलेटले* मालाको करिअरलाई नयाँ गति देला त ? अन्यथा उनलाई टिक्नै धौधौ नहोला भन्न सकिन्न ।

महेश प्रधान

बर्टको बिदाइ



एजेन्सी

अंग्रेजी फिल्म पारखीमाझ सदाबहार प्रिय मानिन्छ, *स्मोकी एन्ड द ब्यान्डिट* । सन् १९७७ मा प्रदर्शित उक्त फिल्मले *बर्ट रेनोल्ड्सलाई* 'ग्लोबल स्टार' बनायो । जीवन्त अभिनय र आकर्षक अदाका कारण ख्याति कमाएका यी अभिनेताको ८२ वर्षको उमेरमा देहान्त भएको छ, २१ भदौमा । लामो समयदेखि मुटुको समस्याबाट पीडित बर्टले आफ्नै गृहराज्य फ्लोरिडा (अमेरिका) मा देहत्याग गरेका छन् । पत्याउन मुस्किल पर्छ, उनले ६ दशक अनवरत अभिनयमा बिताए । उनको डेब्यु फिल्म थियो, *एन्जल बेबी* (१९६१) ।

हलिउडमा बर्टको छवि 'सेक्स सिम्बोल' बनेको छ, बाक्लो जुंगा 'आइकन' भइहाल्यो । पर्दामा हरेक भूमिकामार्फत जादू देखाउन सक्नु विशिष्ट गुण थियो । कमेडी चलचित्रमा पनि उत्तिकै रूचाइए । जबकि, उनी स्कुल पढ्दा फुटबलर थिए । विश्वविद्यालयमा एथ्लेटिक्सको छात्रवृत्ति पाए । सफलताको शिखरचाहिँ अभिनयबाट चुमे । *स्ट्रिप टिज, हुपर, डेलिभरेन्स, द लंगेस्ट यार्ड, क्यानोनबल रन*लगायतका उनका फिल्मले लोभलाग्दो लोकप्रियता कमाए । *बुगी नाइट्स*बाट त उनी ओस्कार अवार्डमा मनोनयनमै परे । केही समयअगाडि *सीएनएन*सँगको अन्तर्वार्तामा बर्टले भनेका थिए, 'मैले ६० वर्षको अभिनय यात्रामा जति सक्ने हो, त्यति गरेँ ।'

बर्ट अभिनयमा मात्र सीमित रहेनन्, निर्देशकका रूपमा पनि देखापरे । *गटर, द इन्ड, सार्किज मसिन, स्टिकल*लगायतका फिल्म निर्देशनमार्फत काफी चर्चा कमाए । नयाँ पुस्तालाई अभिनय सिकाउन आफ्नै नाममा बर्ट रेनोल्ड्स इन्स्टिच्युट फर फिल्म एन्ड थिएटर स्थापना गरे । जहाँ कमजोर आर्थिक अवस्था र विलक्षण क्षमताका अभिनेतालाई सित्तैमा अभिनय सिकाइन्छ । यद्यपि, बर्टको विशेष रूचि अभिनयमै थियो । यति धेरै फिल्म र टेलिभिजन सिरिज खेले तर अनुबन्ध भइसकेको एउटा फिल्म खेल्ने चाह पूरा भएन । उनी विख्यात निर्देशक क्विन्टिन ट्यारिन्टिनोको *वन्स अपन अ टाइम इन हलिउड*मा खेल्ने निधो भइसकेको थियो । तर, सुटिङ सुरू नहुँदै सदाका लागि बिदा भए, बर्ट ।

कहिले बेवास्ता, कहिले दंग

भन्डै दुई वर्षअघि *कथा काठमाडौँ*को सुटिङ हुने बेला प्रियंका कार्की खुब उत्साही थिइन् । तर, जब फिल्मको गीत बाहिरियो, निर्माण पक्षसँग एकाएक रूष्ट भइन् र बेवास्ता गर्न थालिन् । कारण थियो, 'रातको कुरा...' मा समाविष्ट उनी र प्रमोद अग्रहरीको अन्तरंग दृश्य । गीतलाई 'भल्गर' भन्दै एउटा तप्काले नकारात्मक टिप्पणी गर्‍यो । अर्कोथरीले कलात्मक भन्दै प्रियंकाको साहसलाई स्यावासी दिए । तर, उनले *कथा काठमाडौँ*लाई सौतेनी व्यवहार गरिरहिन् । कतिसम्म भने ट्रेलर सार्वजनिक कार्यक्रममा समेत उपस्थित भइनन् । यही फिल्ममा अभिनय गरेका प्रेमी आयुष्मान देशराज जोशीले पनि बेवास्ताकै बाटो रोजे । रमाइलो पक्षचाहिँ, जब ट्रेलरले 'हाइप' बटुल्दै गयो, चुनौतीपूर्ण विषयमाथि बनेको चलचित्रमा जोडिन पाएको भन्दै प्रियंकाले खुसी व्यक्त गरिन् । यस्तो दोहोरो भूमिकाले व्यावसायिक साख बच्ला त ?

antipur.com

सुकेको गुलाफ

फिल्म पारखी मात्र होइन, प्रदीपकै फ्यानलाई समेत रोजले निराश तुल्याउँछ । यसले नेपाली फिल्मको साख र समृद्धिमा खासै योगदान पुऱ्याउँदैन ।

गोकर्ण गौतम

प्रे*मगीत*बाट प्रदीप खड्का चम्किए । क्रेज बढ्यो, व्यस्तता बढ्यो, पारिश्रमिक बढ्यो । नबढेको त त्यसयता उनले खेलेका फिल्मका गुणस्तर मात्र हो । *प्रेमगीत २* र *लिलीबिलीले* अपेक्षाकृत बहार ल्याउन सकेनन् । नयाँ फिल्म रोजको हालत अझ दयनीय छ । न कन्टेन्ट बलियो छ, न त प्रदीपको चरित्र र अभिनय नै । *रोजलाई* निरक पौडेलले निर्देशन गरेका हुन् । सोही कारण फिल्म कमजोर हुनुको पहिलो अपजस निरकलाई जान्छ । प्रदीपजस्ता गिनेचुनेका स्टारलाई लिएर पनि उम्दा फिल्म बनाउन नसक्नु दुःखद पक्ष हो । जबकि, फिल्मको विषयवस्तु आफैँमा गहन छ, हत्यामा बदलिएको प्रेम र सत्यको खोजी । तर, अपरिपक्व प्रस्तुतिले *रोजलाई* निरस बनाएको छ ।

लज्जालु अभि (प्रदीप) खुला स्वभावकी रोज (परामिता राज्यलक्ष्मी राणा) लाई मन पराउँछन् । तर, व्यक्त गर्न सक्दैनन् । मौका मिलाएर प्रस्ताव राख्छन्, स्वीकृत हुन्छ । तर, प्रेम घनीभूत हुन नपाउँदै अभि पढाइका लागि विदेश जानुपर्छ । बिस्तारै रोजसँग सम्पर्क टुट्दै जान्छ । फर्केर आउँदा स्थिति भयानक भइसकेको हुन्छ । प्रतिशोध र आक्रोश कतिसम्म बढ्छ भने अभिले रोजको ज्यानै लिन्छन् । त्यसरी हत्या गर्नुको कारण के होला ? वा रोजको हत्या अभिले नै गरेको होला ? यस्तै सवालवरपर घुमेको छ फिल्म । एकाध 'ट्वीस्ट' छन् । तर, उतिविघ्न विश्वसनीय लाग्दैन ।

भनिन्छ- जे देखिन्छ, त्यति मात्र सत्य हुन्न । प्रमाण खोज्दै जाँदा वास्तविक सत्यको घुम्टो खोलिँदै जान्छ । अदालतलाई न्याय र सत्यको प्रतिविम्ब त्यत्तिकै मानिएको होइन । *रोजको* मूल कथा पनि एउटी युवतीको हत्याको सत्यतथ्य पत्ता लगाउने नै हो, जहाँ वर्तमान समयका युवायुवतीको अधैर्य, महत्त्वाकांक्षा र एकअर्काप्रतिको अविश्वासलाई पहिल्याउन खोजिएको छ । तर, सुरूआतबाटै दर्शकको मोहभंग हुँदै जान्छ । कारण हो, अमूर्त र पट्यारलाग्दो कथाबुनोट । केदार भुसालले लेखेको यस फिल्ममा कलात्मक दृश्यको उस्तै खडेरी छ । घटना र पात्रलाई आत्मसात् गर्न सकिन्न । भुसालको लेखनमा गहनता मात्र होइन, विश्वसनीयताको पनि चर्को अभाव छ ।

रोज निरकको यो तेस्रो फिल्म हो, *कुसुमे रूमाल २* र *होमवर्क*पछि । तर, उनको निर्देशन कौशल माझिएको छैन । बरू गिरावट आएको छ । अदालतभित्रका दृश्यसमेत निर्देशक र लेखकले स्वाभाविक ढंगले बुन्न सकेका छैनन् । मुख्य पात्र रोजलाई घरीघरी 'रोजी' भनिनुबाट लापरबाही प्रस्ट हुन्छ । अभि र रोजको सम्बन्धलाई आत्मीय नदेखाइएकाले रोजको हत्या हुँदा पनि दर्शकको आँखा रसाउँदैन । अभि, रोज, अभिकी साथी तथा वकिल बनेकी स्नेहा (मिरूना मगर) देखि अभिका बाबुसम्मको चरित्र स्थापित हुन्न । कथालाई अनावश्यक तन्काइएकाले झिँझो लाग्छ । विदेशमा खिचिएका दृश्य 'ब्लर' छन् ।

'फूल होइन...' भन्ने गीत श्रुतिमुधर मात्र होइन, लोकेसन पनि आकर्षक लाग्छ । फिल्मको पहिलो भाग तुलनात्मक रूपमा राम्रो छ । केन्द्रीय कथा संवेदनशील छ । मोडलिङको दुनियाँमा हुने यौन दुर्व्यवहारलाई एक हदसम्म तार्किक ढंगले खिचिएको छ । तर, कथावाचनमै समस्या रहेकाले *रोज* फक्रेको र सुगन्धित होइन, सुकेको गुलाफजस्तो भएको छ । अभिनय र चरित्र चयनमा प्रदीपले ध्यान नपुऱ्याए उनको लोकप्रियता स्वाट्टै ओरालो लाग्नेमा शंका छैन । उनी *रोजमा* भिन्नभिन्न 'लुक्स' मा छन् । तर, फलदायी भएको छैन । परामिताको अभिनयबाट सन्तुष्ट हुन सकिन्न । उनले आफ्नो चरित्रलाई आत्मसात् गर्न नसकेको प्रतीत हुन्छ । बरू मिरूना मगरको काम तारिफयोग्य छ । मध्यान्तरपछि फिल्म करिब-करिब उनकै काँधमा अडेको छ । स्वर अर्के कलाकारको भएकाले अभिनेता कर्माको उपस्थिति फिक्का लाग्छ । वरूणजंग राणा, नरेश पौडेललगायतका सहायक कलाकारको अभिनय औसत छ । दम्भ र दामले होइन, साधना र सामूहिक प्रयासले मात्र अब्बल फिल्म तयार हुन्छ भन्ने तथ्यलाई निर्देशक निरकले आत्मसात् गर्नुपर्ने समय घर्किसकेको छ ।

खुराकयुक्त फिल्मका पारखी मात्र होइन, प्रदीपकै फ्यानलाई समेत *रोजले* निराश तुल्याउँछ । यसले नेपाली फिल्मको साख र समृद्धिमा खासै योगदान पुऱ्याउँदैन पनि । ने

फिल्मः *रोज*
रेटिङः १/५
★☆☆☆☆

‘नेपालबिना भारत अधूरो’

इलिट जोशी

ता रन्तार नेपाल आइरहने बलिउड सेलिब्रिटी हुन्, शत्रुघन सिन्हा, ७२ । यसपालि नवलपरासीको शाश्वतधाम घुमेका उनले अर्को पटक सौराहामा जंगल सफारी र पोखरामा जलविहारको कार्यक्रम बनाएका छन् । सिन्हासँग गरिएको कुराकानी :

नेपाल कति पटक आउनुभएको छ अहिलेसम्म ?

गनेकै छैन । मेरो पहिलो विदेश भ्रमण नै नेपालमा थियो । १६ वर्षको हुँदा जनकपुर आएको थिएँ । मेरा अभिभावक रामजानकीका परमभक्त भएकाले उहाँहरूसँगै आएको थिएँ । जनकपुरका मन्दिर र महिला निकै सुन्दर लागे । अहिले पनि बेलाबेला त्यो समय सम्झन्छु । नेपाल आउँदा पानीपँधेरो धाएजस्तै लाग्छ ।

के-कति कारणले आउनुभएको हो ?

नितान्त तीर्थाटन गर्ने उद्देश्य मात्र थियो । नेपालका धेरै तीर्थस्थल पहिले नै पुगिसकेको छु । यसपालि शाश्वतधाम गएँ । निकै सुन्दर र अनुपम रहेछ । मौसमले साथ नदिएकाले त्यहीं नजिकैको चितवन राष्ट्रिय निकुञ्ज जान पाइनँ । अर्को पटक सपरिवार आउँछु र चितवनमा जंगल सफारी गर्छु । अनि, पोखरामा डुंगा पनि सयर गर्छु ।

यसपालि केही फरक अनुभव भयो ?

त्रिभुवन विमानस्थलबाट बाहिर निस्कने बेला बुकस्टोरका मालिकले मेरो आत्मवृत्तान्त *एनिथिङ बट खामोस*मा हस्ताक्षर गराए । प्रधानमन्त्रीलगायत अन्य शीर्ष नेतासँग पनि भेटें । दुई देशको सम्बन्ध कसरी थप सुदृढ बनाउँदै लैजाने भन्ने विषयमा पनि छलफल भयो ।

दुई देशको सम्बन्धबारे कस्तो विचार राख्नुभयो त ?

नेपाल र भारत एकअर्काका अभिन्न मित्र हुन् । नेपालबिना भारत अधूरो, भारतबिना नेपाल अधूरो । हामीलाई जोड्ने सिमानाले मात्र होइन, भावनाले पनि हो । विगतका तिक्तता कम गर्दै लैजान दुवै पक्षबाट उचित पहल होस् भन्ने धारणा राखें । उहाँहरूले होमा हो मिलाउनुभयो ।

नेपाल हुँदै मानसरोवर जाने योजना पनि थियो ?

थिएन । राहुल गान्धीको यात्रालाई लिएर अनावश्यक ‘ट्रोल’ गरेकाले उनको पक्ष लिँदै ट्वीट गर्दा धेरै झुक्किएका हुन् । उनको व्यक्तिगत स्वतन्त्रतामाथि बेतुकसँग हस्तक्षेप गर्नु उचित थिएन । जवाहरलाल नेहरू, इन्दिरा गान्धीजस्ता व्यक्तिको परिवारबाट आएका राहुलमाथि सबै एकैचोटि खनिंदा चुप लागेर बस्न मेरो ब्रह्मले दिएन । विपक्षी दलको नेताको समर्थनमा बोलेकाले कतिले मलाई पनि गाली गरे । तर, मलाई नकारात्मक टिप्पणीले छुँदैनन् ।

चलचित्र क्षेत्रबाट सन्न्यास लिनुभएको भन्ने हल्ला सुनिन्छन् नि !

बिलकुलै होइन । राजनीतिमा बढी सक्रिय भएकाले चलचित्रमा समय दिन नपाएको हुँ । धेरै वर्षपछि धर्मेन्द्रको आग्रहमा *यमला पगला दिवाना फिर से*मा सानो भूमिका निर्वाह गरेको छु । उहाँ मेरा परममित्र भएकाले अनुरोध नकार्न सकिनँ । राजनीतिमा आएका कलाकारले चलचित्रलाई पनि निरन्तरता दिइरहेका छन् । मैले अहिले नभ्याएको हो । तर, समय मिल्नासाथ फेरि आउँछु ।

नेपालमा तपाईंका चलचित्र कत्तिको हेरिन्छ जस्तो लाग्छ ?

मज्जाले हेरिन्छ । नेपालीलाई हिन्दी बुझ्न खासै गाह्रो पर्दैन । नेपालमा जहाँ गए पनि मलाई देख्नेबित्तिकै परबाट ‘खामोस’ भन्छन् । म आफैंलाई थाहा छैन, त्यो कुन चलचित्रको डाइलग हो । तर, रमाइलो लाग्छ । यसैले त मलाई चिनाएको छ ।

■ **विभु लुइटेल**

गोकुल अर्याल

धर्नाकारी मन्त्री

संघीय ७ प्रदेशमध्ये प्रदेश २ सदैव चर्चामा छ । कारणचाहिँ जनतालाई समृद्धि, विकास र सुशासन दिलाएर होइन, मन्त्री नै धर्नामा बसेर हो । प्रदेश सरकारले दिएको सार्वजनिक बिदा अवज्ञा गरेको भन्दै प्रदेश २ का आन्तरिक मामिला तथा कानुनमन्त्री ज्ञानेन्द्र यादवले केन्द्रीय सरकार मातहतका कार्यालयलाई निसाना बनाए । ७ भदौमा मुस्लिम समुदायको बकर इद पर्वका दिन पनि केन्द्र मातहतका कार्यालय खुलेका थिए ।

प्रदेश सरकारले दिएको सार्वजनिक बिदा पालना नगरेको भन्दै मन्त्री यादवसहितको टोलीले १७ भदौमा पनि नेपाल राष्ट्र बैंकको जनकपुर कार्यालयमा धर्ना दियो । बकर इद र श्रीकृष्ण जन्माष्टमीको बिदा केन्द्र मातहतका कार्यालयले पालना नगरेको भन्दै यादवसहितको टोली दोस्रो पटक राष्ट्र बैंकमा धर्ना बस्यो ।

रोचक पक्ष त के भने श्रीकृष्ण जन्माष्टमीको बिदा पालन नगरेको भन्दै केन्द्रीय सरकारमा सामेल उपेन्द्र यादवका कार्यकर्ताले पनि मन्त्री यादवलाई साथ र सहयोग गरे । सत्तामा बसेर जनताबाटै उठाएको कर भत्ता खाने अनि प्रदेश सरकारको आदेश संघीय सरकारका कार्यालयले टेरपुच्छर लगाएनन् भनेर धर्नामा बस्ने ? जनताकै काम रोकेर राजनीतिक नाफा-नोक्सानमा मात्र ध्यान दिनु र लफडाबाजीमै रमाउनु मन्त्रीजस्तो राजकीय पद ओगटेको व्यक्तिलाई सुहाउँछ ? आफ्नै मन्त्रीलाई धर्नामा खटाउने चाँजोपाँजोचाहिँ मुख्यमन्त्री लालबाबु राउतले नै मिलाएका रहेछन् ।

त्यो घोषणापत्र, यो सम्मान

धेरै टाढा पुग्नैपर्दैन, नेकपाले गत निर्वाचनको घोषणापत्रमा सामाजिक भत्ता ५ हजार रूपैयाँ पुऱ्याउने सगर्व घोषणा गरेकै हो । तर, उसको घोषणा कार्यान्वयनमा जानु कता हो कता, उल्टै सामाजिक सुरक्षा भत्ता नलिनेलाई सम्मान गरिने घोषणासहितको विधेयक बन्दै छ । यसको सोझो अर्थ हो, क्रमशः सामाजिक भत्ता कटौती हुन बेर लाग्ने छैन । सरकारले भत्ताका लागि यो वर्ष पुगनपुग ४३ अर्ब रूपैयाँ छुट्याएको छ ।

नेपालको संविधानको धारा ४३ मा सामाजिक सुरक्षाको हक सम्बन्धी व्यवस्था कार्यान्वयन गर्न राज्य बाध्य छ । तर, सामाजिक सुरक्षा भत्ता लिन नचाहने नागरिकलाई सरकारले केन्द्रीय/स्थानीय दुवै तहमा सम्मान गर्ने घोषणासहितको कानुन निर्माण गर्न थालेछ । भत्ता नलिने स्वेच्छिक घोषणा गरेमा स्थानीय र केन्द्रीय दुवै तहले सम्मान गर्ने व्यवस्थासहितको कानुन निर्माणका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले हालै संसद् सचिवालयमा विधेयक दर्ता गराएको छ । विधेयकमा सामाजिक सुरक्षा भत्ता पाउने आधार भए पनि आफूलाई आवश्यक नभएको भन्दै नलिने घोषणा गर्नेलाई सम्मान गरिने उल्लेख छ ।

विधेयकमा ८ प्रकारका सामाजिक सुरक्षा भत्ता व्यवस्था समेटिएका छन् । विधेयकको दफा १४ अनुसार कुनै नागरिकले एकभन्दा बढी प्रकारको सामाजिक सुरक्षा भत्ता पाउने रहेछ भने आफूले रोजेको एक मात्र पाउनेछ । विधेयकले जे कहे पनि दोहोरो सरकारी सुविधा लिने व्यक्तिको संख्या अहिले पनि बग्रेल्ती छ । सार्वजनिक प्रशासनबाट सेवानिवृत्तहरूले राजनीतिक लाभ वा संवैधानिक पदमा नियुक्ति पाइरहेकै छन् । उनीहरूले आफ्नो पेन्सन र संवैधानिक नियुक्तिको पदमा रहेर दोहोरो सरकारी सुविधा लिएकै छन् ।

विधुरलाई संघीयताको चिट्ठा

जीवनसाथी गुमाएर एकल भएका पुरुषलाई अबचाहिँ खुसीको खबर छ । बैतडीको मेलौली नगरपालिका र इलामको देउमाई नगरपालिकाले विधुर भत्ता दिने निर्णय गरेछन् । अहिले एकल महिलाले मात्र विधवा भत्ता पाइरहेका छन् । एकल महिलालाई राज्यले नै भत्ता दिँदै आएको क्रमभंगता तोडेर यी दुई नगरपालिकाले पुरूषलाई पनि त्यसमा जोडेछन् ।

दुवै नगरपालिकाले ६० वर्षदेखि ७० वर्षसम्मका एकल पुरूषलाई भत्ता दिने निर्णय गरेर सामाजिक विरासत थामेको देखियो । श्रीमान् गुमाउँदाको पीडा जति श्रीमतीलाई हुन्छ, त्यत्ति नै श्रीमती गुमाउँदाको पीडा श्रीमान्लाई पनि हुन्छ । योचाहिँ कतैबाट पनि लुक्ने विषय होइन । राज्यले एकल पुरूषलाई भत्तामा विभेद गरे पनि यी दुई नगरपालिकाको निर्णयचाहिँ सान्दर्भिक छ । विधुरलाई मासिक १ हजार भत्ता दिने निर्णय गरेका यी दुवै निकायलाई स्याबासी दिनैपर्छ । बाँकी ७ सय ५१ स्थानीय निकायले पनि विधुरलाई भत्ता दिने निर्णय गर्लान् कि ?

AMBE
GROUP
अम्बे सिमेन्ट
गुणस्तरीय पहिचान | मजबुत जडान | वर्षौंसम्मको शान
अम्बे सिमेन्ट
यो देशको शिर, उच्च राख्दै...
नेपाल गुणस्तर प्रमाण चिन्ह
ने.गुण ३८४
नेपालमा बनेको
ISO 9001:2008
CERTIFIED COMPANY
50 KG NETT WHEN PACKED
ISO 9001:2000 CERTIFIED COMPANY
UKAS
43-A
DO NOT USE HOOKS
W M Y 70
अम्बे सिमेन्ट
Portland Slag Cement
नेपालमा बनेको
अम्बे सिमेन्ट प्रा.लि.
पर्सा, नेपाल
50 KG NET WT. WHEN PACKED
AMBE CEMENT
PSC
Made in Nepal
AMBE CEMENT (P.) LTD.
Parsa, (Nepal)

का.जि.द.नं. १०४/०५६/५७ म.क्षे.हु.नि.का.द.नं. २/०५७/५८

Marvel®

FlowGuard™ Plus CPVC and Lead Free PVC Piping Systems

साथ जीवनभरको...

Marvel®

SafeDuct

FIRE RESISTANT uPVC CONDUIT PIPES & FITTINGS



Marvel Technoplast Pvt. Ltd.

Corporate office: Heritage Plaza-II, 2nd Floor, Kamaladi, Kathmandu, Nepal

Tel: +977-1-4169122/123, E-mail: info@marvel.com.np, Web: www.marvel.com.np